(संवत् २०८३ साल जेठ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# भूमि सम्बन्धी नियमहरू, २०२१

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२१।८।८

**संशोधन**

| | | |
|---|---|---|
| १. | भूमि सम्बन्धी (पहिलो संशोधन) नियमहरू, २०२१ | २०२१।९।१८ |
| २. | भूमि सम्बन्धी (दोश्रो संशोधन) नियमहरू, २०२३ | २०२३।५।६ |
| ३. | भूमि सम्बन्धी (तेश्रो संशोधन) नियमहरू, २०२३ | २०२३।९।४ |
| ४. | भूमि सम्बन्धी (चौथो संशोधन) नियमहरू, २०२४ | २०२४।१०।९ |
| ५. | भूमि सम्बन्धी (पाँचौ संशोधन) नियमहरू, २०२५ | २०२५।९।१६ |
| ६. | भूमि सम्बन्धी (छैठौं संशोधन) नियमहरू, २०२५ | २०२६।२।२७ |
| ७. | भूमि सम्बन्धी (सातौं संशोधन) नियमहरू, २०२७ | २०२८।१।१३ |
| ८. | भूमि सम्बन्धी (आठौं संशोधन) नियमहरू, २०३० | २०३०।७।२७ |
| ९. | भूमि सम्बन्धी (नवौं संशोधन) नियमहरू, २०३९ | २०३९।२।३ |
| १०. | भूमि सम्बन्धी (दशौं संशोधन) नियमहरू, २०३९ | २०३९।४।२५ |
| ११. | भूमि सम्बन्धी (एघारौं संशोधन) नियमहरू, २०४० | २०४०।२।१६ |
| १२. | भूमि सम्बन्धी (बाह्रौं संशोधन) नियमहरू, २०४१ | २०४१।६।८ |
| १३. | भूमि सम्बन्धी (तेह्रौं संशोधन) नियमहरू, २०५४ | २०५४।२।१२ |
| १४. | भूमि सम्बन्धी (चौंधौ संशोधन) नियमहरू, २०६० | २०६०।४।१२ |
| १५. | भूमि सम्बन्धी (पन्ध्रौ संशोधन) नियमहरू, २०७० | २०७०।१।३० |
| १६. | भूमि सम्बन्धी (सोह्रौ संशोधन) नियमहरू, २०७३ | २०७३।५।६ |
| १७. | भूमि सम्बन्धी (सत्रौं संशोधन) नियमहरू, २०७६ | २०७६।०६।१३ |
| १८. | भूमि सम्बन्धी (अठारौं संशोधन) नियमहरू, २०७७ | २०७७।०९।०६ |
| १९. | भूमि सम्बन्धी (उन्नाइसौं संशोधन) नियमहरू, २०७८ | २०७८।०२।१० |
| २०. | भूमि सम्बन्धी (बीसौं संशोधन) नियमहरू, २०८१ | २०८१।१२।१८ |
| २१. | भूमि सम्बन्धी (एक्काइसौं संशोधन) नियमहरू, २०८३ | २०८३।०२।११ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यी नियमहरूको नाम "भूमि सम्बन्धी नियमहरू, २०२१" रहेकोछ ।

(२) यी नियमहरूको सबै वा केही नियमहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।✿

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) “ऐन” भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ सम्झनु पर्छ ।

▬(क१)“मन्त्रालय” भन्नाले ≠भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ ।

३(क२) "भूमि प्रशासन कार्यालय" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ ले दिएको अधिकार प्रयोग गर्ने जिल्ला सदरमुकामस्थित भूमि प्रशासन कार्यालय सम्झनु पर्छ र सो शब्दले मन्त्रालयले तोकेको भूमि प्रशासन कार्यालयलाई समेत जनाउँछ।

३(ख) "भूमि प्रशासन अधिकृत" भन्नाले भूमि प्रशासन कार्यालयको प्रमुख वा निजको अधिकार प्रयोग गर्न पाउने गरी तोकिएको अधिकृत सम्झनु पर्छ।"

३(ग) "भूमि प्रशासन टोली" भन्नाले भूमि प्रशासन अधिकृतद्वारा खटाइएको सरकारी कर्मचारीहरू सहितको टोली सम्झनु पर्छ।

⊛(घ) “सूचीत आदेश” भन्नाले ऐनको दफा २ को खण्ड (ज) बमोजिमको आदेश सम्झनु पर्छ ।

---

✿ १. मिति २०२१ मार्ग १२ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार नियम १, २, १२ को उपनियम (३), १३ (ऐनको दफा २७ को उपदफा (१) को प्रयोजनको निमित्त जग्गाको मोल कायम गर्ने सम्बन्धी कुरा) २५, ४० र ४५ को उपनियम (१) नेपालभर र अरू बाँकी सबै नियम तथा उपनियमहरू कैलाली, बर्दिया, झापा, रौतहट, बारा, पर्सा, भक्तपुर, ललितपुर, काठमाण्डौं, मकवानपुर, धादिङ, चितवन, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक समेत जम्मा १६ जिल्लाहरूमा मिति २०२१।८।१२।६ देखि प्रारम्भ हुने गरी तोकिएको ।

✿ २. मिति २०२३ कार्तिक ३० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार नियम १, २, १२ को उपनियम (३), १३ (ऐनको दफा २७ को उपदफा (१) को प्रयोजनको निमित्त मोल कायम गर्ने सम्बन्धी कुरा) २५, ४० र ४५ को उपनियम (१) नेपालभर र अरू बाँकी सबै नियम तथा उपनियमहरू डोटी, बझाङ, बाजुरा, अछाम, बांके, सुर्खेत, दाङ, देउखुरी, कपिलवस्तु, रूपन्देही, नवलपरासी, पाल्पा, स्याङजा, तनहुँ, कास्की, लमजुङ्ग, गोरखा, सर्लाही, महोत्तरी, सिन्धुली, धनुषा, सिराहा, सप्तरी, उदयपुर, मोरङ्ग र सुनसरी समेत जम्मा २५ जिल्लाहरूमा मिति २०२३।८।१ गते देखि लागू हुने गरी तोकिएको ।

✿ ३. मिति २०२३ मार्ग २९ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार नेपालभर प्रारम्भ गरिएका नियमहरूका अतिरिक्त उक्त नियमहरूको अरू बाँकी सबै नियम तथा उपनियमहरू कञ्चनपुर, डडेलधुरा, बैतडी जुम्ला, तिब्रिकोट, जाजरकोट, दैलेख, रूकुम, रोल्पा, सल्यान, प्यूठान, म्याग्दी, बाग्लुङ्ग, खोटाङ्ग, अर्घाखांची, गुल्मी, पर्वत, रामेछाप, दार्चुला, ओखलढुङ्गा, भोजपुर, तेह्रथुम, धनकुटा, पाँचथर, इलाम, संखुवासभा, दोलखा, मनाङ, मुस्ताङ्ग, डोल्पा, मुगु, हुम्ला, सोलुखुम्बु र ताप्लेजुङ्ग समेत जम्मा ३४ जिल्लाहरूमा मिति २०२३ साल पौष १ गते देखि प्रारम्भ हुने गरी तोकिएको ।

▬ चौधौं संशोधनद्वारा थप ।

≠ सत्रौं संशोधनद्वारा संशोधित ।

३ एक्काइसौं संशोधनद्वारा संशोधित ।

(ङ) "वार्ड समिति" भन्नाले यी नियमहरू बमोजिम गठित वार्ड समिति सम्झनु पर्छ ।

(च) "बैंक" भन्नाले नेपाल कानून अनुसार गठन भएको बैंकिङ्गको काम गर्ने कुनै संस्था वा त्यसको एजेन्ट सम्झनुपर्छ ।

📖(छ) "सहकारी संस्था" भन्नाले ≠सहकारी ऐन, २०७४ अन्तर्गत रजिष्टर भएको मध्ये नेपाल सरकारबाट तोकिएको सहकारी संस्था सम्झनुपर्छ ।

✂ (ज) "ग्राम समिति" भन्नाले यी नियमहरू बमोजिम गठित ग्राम समिति सम्झनुपर्छ ।

📖 (झ) "नगर समिति" भन्नाले यी नियमहरू बमोजिम गठित नगर समिति सम्झनुपर्छ ।

/(झ१) "नगरपालिका" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ ।

/(झ२) "मूल्य निर्धारण समिति" भन्नाले ऐनको दफा २६ज. बमोजिम गठित मूल्य निर्धारण समिति सम्झनु पर्छ।

📖 (ञ)"जिल्ला मोल निर्धारण समिति" भन्नाले यी नियमहरू बमोजिम संकलित वा संकलन हुने खाद्यान्नको मूल्य निर्धारण प्रयोजनको लागि नेपाल सरकारबाट गठित समिति सम्झनु पर्छ ।

╸ (ट) "भू-उपयोग समिति" भन्नाले नियम ३९ज. बमोजिम गठित भू-उपयोग समिति सम्झनु पर्छ ।

╸(ठ)"मूल्याङ्कन समिति" भन्नाले नियम ३९त. बमोजिम गठित मूल्याङ्कन समिति सम्झनु पर्छ ।

╸ (ड) "परिषद्" भन्नाले ऐनको दफा ५१च. बमोजिम गठित भू-उपयोग परिषद् सम्झनु पर्छ ।

╸ (ढ) "भू-उपयोग" भन्नाले जग्गाको उपयोग अनुसार विभिन्न क्षेत्रमा विभिन्न प्रकारले जग्गाको विभाजन गरी प्रयोगमा ल्याउने प्रकृया सम्झनु पर्छ ।

╸ (ण) "चक्लाबन्दी" भन्नाले कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स—साना कित्तामा छरिएर रहेका जग्गालाई एकीकरण गर्ने प्रकृया सम्झनु पर्छ ।

╸(त) "खण्डीकरण" भन्नाले मौजुदा जग्गालाई स-साना कित्तामा बिभाजन गर्ने कार्य सम्झनु पर्छ ।

---

◉ चौथों संशोधनद्वारा संशोधित ।

📖 दोस्रो संशोधनद्वारा थप।

≠ सत्रौं संशोधनद्वारा संशोधित ।

✂ चौथों संशोधनद्वारा थप ।

/ तेऱ्हौं संशोधनद्वारा थप ।

╸ चौधौं संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

[-] (थ) [≠]"स्थानीय तह" भन्नाले नगरपालिका र [≠]गाउँपालिका सम्झनु पर्छ ।

[*](द) "समिति" भन्नाले नियम ४१क१. बमोजिमको भूमि समस्या समाधान समिति सम्झनु पर्छ।

[*](ध) "जिल्ला समिति" भन्नाले नियम ४१क६. बमोजिमको जिल्ला भूमि समस्या समाधान समिति सम्झनु पर्छ।

## परिच्छेद -२

## मोहीयानी हक, मोहीहरूको लगत तथा मोहीयानी हक सम्बन्धी हदबन्दी

३. **लगत लिनेः** (१) आफ्नो जग्गा आफै कमाउने जग्गावालाहरू र अरूको जग्गा कमाउने मोहीहरूको लगत लिने काममा जिल्ला भूमि प्रशासन अधिकृतले विभिन्न भूमि प्रशासन टोलीहरू खटाउन सक्नेछ ।

(२) आफ्नो जग्गा आफै कमाउने जग्गावालाहरू र अरूको जग्गा कमाउने मोहीहरूको लगत भूमि प्रशासन टोलीले प्रत्येक वार्डमा गई अनुसूची-१ बमोजिमको ढाँचामा तयार गर्नेछ।

(३) उपनियम (२) बमोजिम भूमि प्रशासन टोलीले लगत लिंदा त्यसको साथ साथ अरूको जग्गा कमाउने प्रत्येक मोहीको सम्बन्धमा नागरिकता सम्बन्धी विवरण पनि अनुसूची-१ (क) बमोजिमको ढाँचामा लिनु पर्दछ । कुनै मोहीको सम्बन्धमा प्राप्त भएको उक्त विवरणबाट गैर नेपाली नागरिक भन्ने देखिएमा भूमि प्रशासन टोलीले सो व्यहोरा निजको सम्बन्धमा अनुसूची-१ को ढाँचामा लिइएको लगतमा कैफियत गरी जनाई दिनु पर्दछ।

४. **सूचना दिनेः** यी नियमहरू बमोजिम कुनै [≠]गाउँपालिका वा नगरपालिका अन्तर्गतको क्षेत्रको जग्गा कमाउने जग्गावाला र मोहीहरूको लगत लिनु भन्दा अगावै जिल्ला भूमि प्रशासन अधिकृत वा निज मातहतको भूमि प्रशासन टोलीले सो कुराको सूचना सम्बन्धित [≠]गाउँपालिका वा नगरपालिकाको क्षेत्र भित्र सबैले देख्ने ठाउँमा टाँसी र अन्य उपाय द्वारा समेत स्थानीय जनतालाई जानकारी गराउनु पर्दछ र स्थानीय [≠]गाउँपालिका वा नगरपालिकाका अध्यक्ष वा प्रमुखलाई चाँहि लिखित सूचना दिनु पर्दछ ।

५. **हाजिर हुनेः** नियम ४ बमोजिम सूचना जारी गरिएपछि लगत लिने समयमा सम्बन्धित जग्गावाला, मोही, संधियार, जिमिदारीको एजेन्ट वा निजहरूको प्रतिनिधिले लगत लिन खटिएको भूमि प्रशासन टोलीहरूको सामुन्ने हाजिर भई सो लगतको काम समाप्त नभएसम्म रूजु हाजिर रही लगत दिनु दिलाउनुपर्छ । भूमि प्रशासन टोलीले मागेको बखत पेश गर्न सकिने गरी जिमिदारीको एजेन्ट वा निजका प्रतिनिधिले सम्बन्धित जग्गाको आफूसँग भएको श्रेस्तासाथ हाजिर हुनु पर्दछ । लगत

---

[-] चौधौं संशोधनद्वारा थप ।

[≠] सत्रौं संशोधनद्वारा संशोधित ।

[*] एक्काइसौं संशोधनद्वारा थप ।

लिने समय सम्बन्धित सबै व्यक्तिहरू हाजिर हुन नआएमा हाजिर भएसम्मका सम्बन्धित व्यक्तिहरूलाई राखी लगत लिन सकिनेछ ।

६. **तयारी लगतको प्रकाशनः** भूमि प्रशासन टोलीले कुनै ≠गाउँपालिका वा नगरपालिकाको कुनै एक वार्डको लगत अनुसूची-२ बमोजिमको ढाचाँमा तयार गरी सकेपछि सो लगत वार्डको यथासम्भव सबै व्यक्तिहरूलाई एकत्रित गरी सुनाउनु पर्दछ र त्यसको एक प्रति ≠गाउँपालिका वा नगरपालिकाको कार्यालयमा बुझाई दिनु पर्दछ र एक प्रति भूमि प्रशासन अधिकृत छेउ पठाई दिनु पर्दछ ।

🕮तर कुनै व्यक्तिको नियम ३ बमोजिम लगत लिन छुट हुन गै अनुसूची-२ बमोजिमको ढाचाँमा तैयार भएका लगत प्रकाशनमा नाम तथा जग्गा छुट हुन गएको देखिएमा पुनः लगत लिई सो छुट लगत प्रकाशित गर्न सक्नेछ ।

७. **उजूर गर्न सक्नेः** (१) नियम ६ अनुसार प्रकाशित गरिएको लगतमा कसैको चित्त नबुझेमा निजले लगत प्रकाशित भएको ३५ दिन भित्र स्थानीय ≠गाउँपालिका वा नगरपालिकामा कारण सहित लिखित उजूरी दिन सक्नेछ ।

µ(२) उपनियम (१) बमोजिम प्राप्त उजूरीलाई स्थानीय ≠गाउँपालिका वा नगरपालिकाले जिल्ला भूमि प्रशासन अधिकृत कहाँ पठाइदिनु पर्दछ।

८. **लगत लिने सम्बन्धमा अधिकारः** भूमि प्रशासन टोलीले यी नियमहरू अन्तर्गत जग्गा कमाउने जग्गावाला र मोहीहरूको लगत लिने प्रयोजनको निमित्त वा लिइएको सबै लगत तथा तत्सम्बन्धी विवरण र खबर साँचो हो होइन भन्ने कुराको जाँचबुझ गर्नको निमित्त देहाय बमोजिम गर्न सक्नेछः-

(क) सम्बन्धित मोही, जग्गावाला, संधियार, जिमिदारीको एजेन्टको भोगचलन वा नियन्त्रणमा रहेको कुनै जग्गामा प्रवेश गर्न,

(ख) त्यो व्यक्तिको भोगचलन वा नियन्त्रणमा रहेको कुनै लिखित आफू छेउ पेश गर्ने आदेश दिन र त्यसको जाँच गर्न, र

(ग) लगत सम्बन्धी कुनै विवरण वा खबर कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिब माफिकको विश्वास भएमा निजसँग कुनै प्रश्न सोध्न ।

९. **मोहीहरूलाई मोहियानी हकको प्रमाणपत्र दिनेः** (१) नियम ६ बमोजिम प्रकाशित भएको लगतमा उजूर गर्ने म्याद गुज्री उजूर नलाग्ने भई सकेकोमा सो प्रकाशित फांटवारीको आधारमा र म्याद भित्रै उजूरी परेकोमा उजूरीको अन्तिम निर्णय बमोजिम भूमि प्रशासन अधिकृत वा निजले खटाएको निजको कार्यालयका कर्मचारीले मोहीहरूको हक छुट्याई अनुसूची-३ मा तोकिएको ढाँचामा

≠ सत्रौं संशोधनद्वारा संशोधित ।

🕮 पाँचौं संशोधनद्वारा थप ।

µ पाँचौं संशोधनद्वारा संशोधित ।

त्यसको प्रमाणपत्र सम्बन्धित मोहीहरूलाई दिने व्यवस्था गर्नु पर्दछ र त्यसको प्रतिलिपि सम्बन्धित नगरपालिका वा गाउँपालिकामा र माल अड्डामा दिनुपर्छ । प्रमाणपत्रमा नेपाल सरकारको तर्फबाट भूमि प्रशासन टोलीमा खटिएको सरकारी कर्मचारी वा जिल्ला भूमि प्रशासन अधिकृतले र स्थानीय गाउँपालिका वा नगरपालिकाको तर्फबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकाका अध्यक्ष वा प्रमुख वा निज नभएमा गाउँपालिका वा नगरपालिकाले तोकेको अन्य कुनै सदस्य वा गाउँपालिका वा नगरपालिकाको सचिवले सहिछाप गर्नुपर्दछ । 🕮सम्बन्धित गाउँपालिका वा नगरपालिकाका अध्यक्ष वा प्रमुख वा तोकिएको अन्य कुनै सदस्य वा सचिवको अनुपस्थिति भएमा वा गाउँपालिका वा नगरपालिकाका तर्फबाट सम्बन्धित व्यक्तिको सहिछाप हुन नसकेमा सो व्यहोराको मुचुल्का खडा गरी प्रमाणपत्र दिन सकिनेछ ।

(२) उपनियम (१) अन्तर्गत अनुसूची-३ बमोजिमको प्रमाणपत्र दिनुभन्दा पहिले भूमि प्रशासन टोलीले यी नियमहरू बमोजिम लिइएको लगतको आधारमा अनुसूची-४ मा तोकिएको ढाँचाको जोताहाको अस्थायी निस्सा दिनु पर्दछ ।

🕮(३) नियम ७ बमोजिम उजूर गर्ने म्याद समाप्त भएपछि यस नियमको उपनियम (२) बमोजिमको दिइएको जोताहाको अस्थायी निस्सालाई मोहीको सम्बन्धमा मोहीयानीहकको प्रमाणपत्र सरह मानिनेछ ।

१०. **लगतको जिम्मा:** (१) नियम ६ बमोजिम प्रकाशित भएको लगतमा म्यादभित्र कसैको उजूरी नपरेकोमा सो प्रकाशित लगत नै र म्यादभित्र उजूरी परी μजिल्ला भूमि प्रशासन अधिकृतको निर्णय बमोजिम सो लगतमा कुनै हेरफेर गर्न परेकोमा सो बमोजिम हेरफेर गरिएको लगत स्थानीय गाउँपालिका वा नगरपालिकाको जिम्मा राखिनेछ ।

(२) उपरोक्त लगत बमोजिम जग्गा, जग्गावाला र मोहीमा कुनै हेरफेर भएमा सो भएको ३५ दिन भित्र सम्बन्धित जग्गावाला र मोहीले सो कुराको लिखित सूचना स्थानीय गाउँपालिका वा नगरपालिकामा दिनुपर्छ र त्यस्तो सूचना प्राप्त भएपछि स्थानीय गाउँपालिका वा नगरपालिकाले सो सूचनाको व्यहोरा आफ्नो कार्यालय र स्थानीय प्रमुख स्थानहरूमा टाँसी प्रकाशित गर्नुपर्छ ।

(३) उपनियम (२) बमोजिम प्रकाशित भएको सूचनामा चित्त नबुझ्ने व्यक्तिले सो सूचना प्रकाशित भएको ७ दिन भित्र स्थानीय गाउँपालिका वा नगरपालिकामा उजूर गर्न सक्नेछ ।

तर सम्बन्धित व्यक्तिको निवेदन परी म्याद बढाउनु पर्ने देखिएमा स्थानीय गाउँपालिका वा नगरपालिकाले बढीमा ७ दिनसम्मको म्याद थप दिन सक्नेछ ।

✦(४) उपनियम (२) बमोजिम प्रकाशित भएको सूचनामा म्यादभित्र कसैको उजुरी परेमा स्थानीय गाउँपालिका वा नगरपालिकाले आवश्यक देखेमा जाँचबुझ गरी आफ्नो निर्णय पुनः

🕮 पाँचौं संशोधनद्वारा थप ।

μपाँचौं संशोधनद्वारा संशोधित ।

✦ दोस्रो संशोधनद्वारा संशोधित।

उपनियम (२) बमोजिम प्रकाशित गर्नेछ र त्यसको लिखित सूचना सम्बन्धित जिल्ला भूमि प्रशासन अधिकृत, सम्बन्धित जग्गावाला र मोहीलाई समेत पठाउनुपर्छ।

(५) उपनियम (४) बमोजिम स्थानीय गाउँपालिका वा नगरपालिकाले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले ३५ दिनभित्र μजिल्ला भूमि प्रशासन अधिकृतमा पुनरावेदन गर्न सक्नेछ । त्यस्तो पुनरावेदन परी μजिल्ला भूमि प्रशासन अधिकृतले निर्णय गरेपछि त्यसको सूचना यथाशीघ्र स्थानीय गाउँपालिका वा नगरपालिकालाई दिनुपर्छ । सो निर्णय बमोजिम स्थानीय गाउँपालिका वा नगरपालिकाले आवश्यक हेरफेर गरी लगत दुरूस्त राख्नुपर्छ ।

(६) ऐनको दफा २५ को उपदफा (४) को खण्ड (ख) बमोजिम मोहीको दर्ता किताब अनुसूची १६ मा तोकिए बमोजिमको ढाँचाको हुनेछ । सो दर्ता किताबमा नियम ६ बमोजिम प्रकाशित लगत अनुसार र नियम ७ बमोजिमको उजुरीको निर्णय तथा पछि हुने कुनै हेरफेर समेत जिल्ला भूमि प्रशासन अधिकृतले दर्ता गरी राख्नु पर्नेछ।

११. ...................

११क. .....................

१२. **अधिकारी तोक्नेः** ऐनको दफा ९ को उपदफा (४) र दफा ११ को उपदफा (१) र (२) को प्रयोजनको लागि अधिकारीमा भूमि प्रशासन अधिकृतलाई तोकिएको छ ।

१३. **जग्गाको मोल कायम गर्नेः** (१) ऐनको दफा ९ को उपदफा (६) को प्रयोजनको निमित्त जग्गाको मोल कायम गर्दा नियम २१ अनुसार तोकिएको दरले कायम गरिनेछ ।

(२) ..................

(३) ...................

१४. **अधिकतम हदभन्दा बढी जग्गाको मोहीयानी हक प्राप्त गर्नेः** (१) नियम ६ बमोजिम प्रकाशित भएको फाँटवारी मा उजुर गर्ने म्याद गुज्री उजुर नलाग्ने भैसकेकोमा सो प्रकाशित फाँटवारी बमोजिम र उजुरी परेकोमा उजुरीको अन्तिम निर्णय बमोजिम जिल्ला भूमि प्रशासन अधिकृतले ऐनको दफा ८ मा तोकिएको अधिकतम हदभन्दा बढी भएको जग्गाको मोहीयानी हक सम्बन्धित व्यक्तिबाट प्राप्त गर्ने क्रममा ऐनले व्यवस्था गरे बमोजिम मोही र जग्गा धनीको बीचको

μपाँचौं संशोधनद्वारा संशोधित ।
पाँचौं संशोधनद्वारा थप ।
चौधौं संशोधनद्वारा खारेज ।
तेह्रौं संशोधनद्वारा खारेज ।
चौधौं संशोधनद्वारा संशोधित ।
चौधौं संशोधनद्वारा झिकिएको ।
चौधौं संशोधनद्वारा संशोधित ।

बाँडफाँडको कार्य सम्पन्न गरी यस पछिका नियमहरू अनुसार बिक्री वा वितरण गर्नेछ । त्यसरी प्राप्त गरिएपछि सम्बन्धित व्यक्तिको सो जग्गामा मोहीयानी हक तथा अधिकार स्वतः समाप्त भएको मानिनेछ ।

तर-

(अ) ऐनको दफा ८ मा तोकिएको अधिकतम हदभित्र पारी मोहीयानी हक कायम राख्न निजले रोजेको जग्गाबाट निजलाई झिकिने छैन ।

(आ) यो नियम प्रारम्भ हुनुभन्दा अघिदेखि नै कुनै जग्गाको मोहीयानी हक बन्धकी लिई भोग गरिरहेको साहुले ऐनको दफा ८ बमोजिम सो हक भोग गर्न नपाउने भएमा त्यस्तो जग्गाको मोहियानी हक ऐनको दफा ८ मा तोकिएको अधिकतम हद भित्र पारी असामीलाई फिर्ता गर्न सकिने जति असामीलाई फिर्ता दिलाइने छ । त्यस्तो दुई वा सो भन्दा बढी व्यक्तिको मोहीयानी हक बन्धकी लिई भोग गरिरहेको भए लिखतको मितिको हिसाबले अघिल्लो असामीलाई फिर्ता दिलाइनेछ ।

(इ) यस नियम बमोजिम प्राप्त गरेको जग्गा यसपछिका नियमहरू बमोजिम बिक्री वा वितरणमा पाउने व्यक्तिलाई हस्तान्तरण नभएसम्म साबिक मोहीले साबिक बमोजिम भोग चलन गर्न पाउनेछ ।

(२) यस नियमबमोजिम मोहीबाट हदबन्दीमा प्राप्त भएको जग्गा बिक्री वितरण नभएसम्म रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनुपर्ने छ ।

१५. <u>क्षतिपूर्तिः</u> (१) नियम १४ बमोजिम प्राप्त गरिएको कुनै क्षेत्रको जग्गाको मोहीयानी हकको सम्बन्धमा क्षतिपूर्ति दिने भन्ने नेपाल सरकारले निर्णय गरेमा नियम २१ अनुसार तोकिएको दरले हुने जग्गाको मोलको सयकडा २५ का दरले सम्बन्धित प्रत्येक व्यक्ति वा निजको परिवारलाई दिनु पर्ने क्षतिपूर्तिको रकम जिल्ला भूमि प्रशासन अधिकृतले निर्धारित गरी त्यसको सूचना स्थानीय गाउँपालिका वा नगरपालिका तथा आफ्नो कार्यालयको सूचना वोर्डमा टाँसी प्रकाशित गर्नु पर्छ।

(२) उपनियम (१) बमोजिम क्षतिपूर्ति निर्धारणको सूचना प्रकाशित भएको १५ दिनभित्र क्षतिपूर्तिको रकममा दावी गर्ने वा क्षतिपूर्ति निर्धारणमा चित्त नबुझ्नेको उजुरीबाट वा अरू कुनै सुत्रबाट क्षतिपूर्तिको निर्धारण दोहोऱ्याउनु पर्ने देखिन आएमा जिल्ला भूमि प्रशासन अधिकृतले दोहऱ्याई पुनः माथि लेखिए बमोजिम प्रकाशित गर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रकाशित भएको क्षतिपूर्ति निर्धारणको सूचनामा वा उपनियम (२) बमोजिम दोहऱ्याई प्रकाशित गरिएको सूचनामा चित्त नबुझ्ने व्यक्तिले अवस्थानुसार सो सूचना प्रथम पटक प्रकाशित भएको वा दोहोऱ्याई प्रकाशित भएको मितिले १० दिनभित्र सूचित आदेशमा तोकिएको अदालतमा उजुर गर्न सक्नेछ ।

(४) माथि लेखिए बमोजिम प्रकाशित भएको क्षतिपूर्ति निर्धारणको सूचनामा उजुर गर्ने म्याद गुज्री उजुर नलाग्ने भई सकेकोमा सो प्रकाशित फाँटवारी बमोजिम र उजुरी परेकोमा उजुरीको अन्तिम निर्णय बमोजिम जिल्ला भूमि प्रशासन अधिकृतले क्षतिपूर्तिको रकम उपनियम (५) अनुसार सम्बन्धित व्यक्तिलाई दिनेछ ।

तर,-

(क) सम्बन्धित जग्गाको मोहियानी हकको तेरो मेरो सम्बन्धी झगडा परी कुनै मुद्दा अगावै देखि अधिकार प्राप्त कुनै अदालत वा अधिकारी छेउ परी टुंगो लाग्न बाँकी रहेकोमा सो टुंगो नलागेसम्म झगडा परे जति मोहियानी हकको क्षतिपूर्ति रोक्का राखिने छ ।

(ख) यो नियम प्रारम्भ हुनु भन्दा अघि देखिनै नियम १४ बमोजिम कुनै व्यक्तिबाट प्राप्त गरिएको मोहियानी हक अरू कसैको भोग वा दृष्टिबन्धकीमा लिएको रहेछ भने यो नियम बमोजिम पाउने क्षतिपूर्ति सो भोग वा दृष्टिबन्धकीमा लिने साहुले पाउने छ । क्षतिपूर्तिको रकम यस्तो साहुको थैलीभन्दा बढी भएमा सो बढी भएजति रकम असामीले पाउने छ र घटी भएमा सो घटी भएजति थैलीमा असामी उपर साहुले दावा गर्न पाउनेछ ।

(ग) कुनै जग्गाको मोहियानी हक बन्धकी लिई भोग गरिरहेको साहूले ऐनको दफा ८ बमोजिम सो हक भोग गर्न नपाउने भई खण्ड (ख) बमोजिम असामीले फिर्ता पाउने भएमा सो फिर्ता पाउने भएको मिति देखि त्यस्तो साहुको बन्धकी थैली कपाली हुनेछ ।

(५) मोहियानी हक ●बापतको जग्गा अरू व्यक्तिलाई हस्तान्तरण भएपछि क्षतिपूर्तिको रकम ५ वार्षिक किस्तासम्ममा सम्बन्धित व्यक्तिलाई नगदीमा दिइने छ । क्षतिपूर्तिको रकममा वार्षिक ५ प्रतिशतको दरले व्याज दिइनेछ ।

●१६. **अधिकतम हदभन्दा बढी भएको मोहियानी हक बापतको जग्गा बिक्री वा वितरणः** (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम सजाय भएको व्यक्तिलाई निष्काशन गरी प्राप्त गरिएको मोहियानी हक रहेको जति जग्गा मध्ये ऐनले व्यवस्था गरे बमोजिम बाँडफाँड गरी छुट्टयाई मोही भागमा पर्ने जति जग्गा र नियम १४ बमोजिम प्राप्त गरिएको मोहियानी हक बापतको जग्गा भूमि प्रशासन अधिकृतले ऐनको दफा २१ को अधिनमा रही बिक्री वितरण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त गरी बिक्री गरिएको जग्गाको सम्बन्धमा नियम १५ बमोजिम त्यसको क्षतिपूर्ति साविक मोहीलाई दिने भन्ने नेपाल सरकारले निर्णय गरेको रहेछ भने नियम १४ बमोजिम प्राप्त गरिएको त्यस्तो जग्गा उपनियम (१) बमोजिम बिक्री वितरणमा पाउने

● चौधौं संशोधनद्वारा संशोधित ।

व्यक्तिले नियम १५ बमोजिम निर्धारित रकम एकमुष्ट वा पाँच वार्षिक किस्तासम्ममा नगदीमा जिल्ला भूमि प्रशासन अधिकृत छेउ वा निजले सो कामको लागि तोकिएको ठाउँमा बुझाउनु पर्नेछ। किस्ताबन्दीमा भुक्तानी गर्नेसँग वार्षिक दश प्रतिशतका दरले भुक्तानी हुने अवधिको व्याज समेत लगाई असुल गरिनेछ ।

तर अधिकतम हद भन्दा बढी जग्गा कमाई निष्काशन भएको मोहीको हकमा उक्त व्यवस्था लागू हुने छैन ।

(३) उपनियम (२) बमोजिमको किस्ताको रकम प्रत्येक सालको माघ मसान्तसम्ममा बुझाउनु पर्नेछ ।

तर कसैले बुझाउनु पर्ने पूरा रकम वा एक वा एकभन्दा बढी किस्ता वा त्यसको कुनै अंश सो किस्ता बुझाउनु पर्ने म्याद अगावै कुनै समय बुझाउन चाहेमा बुझाउन सक्नेछ ।

(४) यस नियम बमोजिम असूल हुने रकमलाई जिल्ला भूमि प्रशासन अधिकृतले बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गर्नु गराउनु पर्छ ।

(५) कसैले यस नियम बमोजिम बुझाउनु पर्ने कुनै किस्ताको रकम म्याद भित्र नबुझाएमा जिल्ला भूमि प्रशासन अधिकृतको आदेशले सम्बन्धित जग्गाबाट निजलाई निष्काशन गरी यी नियमहरू बमोजिम अरू व्यक्तिलाई बिक्री वितरण गरिनेछ ।

(६) उपनियम (१) बमोजिम जग्गा बिक्री वितरणमा पाउने व्यक्तिलाई भूमि प्रशासन अधिकृतले अनुसूची-५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ।

(७) यस नियम बमोजिम बिक्री वितरण भएको जग्गाको दर्ता किताब अनुसूची-१८ बमोजिमको ढाँचामा राखिनेछ र बिक्री वितरणमा पाउने व्यक्तिको नाउँमा दाखिल खारेज गर्न सोको प्रतिलिपि मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।

[*]१६क.**जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्न निवेदन दिन सक्ने:** (१) ऐनको दफा १२ग. को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) बमोजिमका कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले भोगचलन गरिरहेको जग्गा सट्टापट्टा वा स्थानान्तरण गरी अन्य स्थानमा त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सञ्चालन गर्न चाहेमा देहायका विवरण तथा कागजात संलग्न गरी अनुसूची-५क. बमोजिमको ढाँचामा विभागमा निवेदन दिन सक्नेछः-

(क) जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्नु परेको उचित र प्रर्याप्त कारण तथा सोलाई पुष्टि गर्ने कागजात,

(ख) सट्टापट्टा वा स्थानान्तरण गर्दा त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको उद्देश्य विपरीत नहुने गरी सट्टापट्टा वा स्थानान्तरण गर्ने प्रतिबद्धता,

[*] अठारौं संशोधनद्वारा थप ।

(ग) भूउपयोग सम्बन्धी प्रचलित कानूनको अधीनमा रही भूउपयोग गर्ने र सट्टापट्टा वा स्थानान्तरण पश्चात साबिकको उत्पादन नघट्ने गरी प्रस्तावित जग्गा खरिद गर्ने योजना तथा कबुलियतनामा,

(घ) साबिकमा आफूले उपयोग गरेको जग्गा भन्दा कम क्षेत्रफल जग्गा खरिद नगरिने सुनिश्चितता सहितको कबुलियतनामा,

(ङ) यो नियम प्रारम्भ हुँदाका बखत उपलब्ध गराउँदै आएको रोजगारीको सङ्ख्याभन्दा कम नहुने कबुलियतनामा,

(च) सट्टापट्टा वा स्थानान्तरण गर्दा सट्टापट्टा वा स्थानान्तरण भई जाने स्थानको वातावरणीय प्रभावका सम्बन्धमा प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(छ) त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था दर्ता गर्ने निकायको सिफारिसपत्र ।

(२) उपनियम (१) मा उल्लिखित विवरण तथा कागजातहरु निवेदनसाथ संलग्न भए वा नभएको सम्बन्धमा विभागले जाँच गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँच गर्दा उपनियम (१) मा उल्लिखित विवरण तथा कागजातहरु संलग्न रहेको नदेखिएमा सात दिनभित्र आवश्यक विवरण तथा कागजातहरु पेश गर्न सम्बन्धित कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई सूचना दिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम जाँच गरेपछि वा उपनियम (३) बमोजिम विवरण तथा कागजात प्राप्त भएपछि विभागले आवश्यकता अनुसार त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको स्थलगत निरीक्षण गरी निवेदकको माग उपयुक्त रहे वा नरहेको सम्बन्धमा विस्तृत प्रतिवेदन तयार गरी आफ्नो राय सहितको प्रतिवेदन, निवेदन र सो साथ संलग्न विवरण तथा कागजात मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त विवरण तथा कागजातको अध्ययन गर्दा निवेदकको माग उपयुक्त देखिएमा मन्त्रालयले स्वीकृतिका लागि सो सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम पेश भएको प्रस्ताव उपयुक्त देखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा रहेको जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्न आवश्यक शर्त तोकी स्वीकृति दिन सक्नेछ ।

(७) उपनियम (६) बमोजिम जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्न स्वीकृति प्राप्त गरेका कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले साबिकमा प्रयोग गरेको जग्गा त्यस्तो सट्टापट्टा वा स्थानान्तरण पछि कायम हुने जग्गाधनीले ऐनको दफा १२ को अधीनमा रही हदबन्दी छुटको स्वीकृति लिनु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

•१६ख. **निवेदन छानबिन गर्नु पर्ने:** (१) ऐनको दफा १२क. को उपदफा (२) बमोजिम निवेदन छानबिन गर्दा मन्त्रालयले निवेदनसाथ अनुसूची-५ख. बमोजिमका कागजात तथा विवरण संलग्न भए नभएको यकिन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम यकिन गर्दा कुनै कागजात तथा विवरण अपुग भएमा मन्त्रालयले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई त्यस्तो अपुग कागजात तथा विवरणको सूची तयार गरी विभागमा पेस गर्नको लागि जानकारी दिई बाँकी कारबाहीका लागि सोसँग सम्बन्धित कागजात विभागमा पठाउनु पर्नेछ र विभागले त्यस्तो कागजात सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कागजात प्राप्त भएपछि सम्बन्धित कार्यालयले अनुसूची-५ग. बमोजिमको ढाँचामा जग्गाको मोठ तथा रोक्का भिडाई सोको विवरण भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा समेत अद्यावधिक गरी उपनियम (४) बमोजिमको समितिमा पठाउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम सम्बन्धित कार्यालयमा प्राप्त कागजातको छानबिन गरी सिफारिस गर्न देहाय बमोजिमको जिल्लास्तरीय समिति गठन हुनेछः-

(क) सम्बन्धित जिल्लाको भूमिसुधार सम्बन्धी कार्य गर्ने कार्यालयको प्रमुख -संयोजक

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ग) जग्गा रहेको सम्बन्धित स्थानीय तहको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित नापी कार्यालयको प्रमुख -सदस्य

(ङ) सम्बन्धित कार्यालयको भूमिसुधार सम्बन्धी फाँट हेर्ने कर्मचारी -सदस्य-सचिव

(५) उपनियम (४) बमोजिमको समितिले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले नियमनका लागि पेस गरेको जग्गाको स्थलगत अध्ययन गरी देहायका विवरण खुलाई सो समितिको राय सहितको प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था निरन्तर रुपमा सञ्चालनमा रहे वा नरहेको,

(ख) जग्गाको चार किल्ला, जग्गामा रहेको भौतिक संरचना, वस्तुस्थिति र जग्गाको उपयोगको अवस्था,

---

• बीसौं संशोधनद्वारा थप ।

(ग) निवेदकले उद्देश्य अनुरुप जग्गा प्रयोग गरेको वा नगरेको वा आंशिक रूपमा प्रयोग गरेको,

(घ) निवेदकले उद्देश्य विपरीत कुनै कित्ता जग्गाको उपयोग गरेको देखिएमा त्यस्तो कित्ता के कसरी उपयोग गरिरहेको।

(६) सम्बन्धित कार्यालयले उपनियम (३) बमोजिमको विवरण तथा उपनियम (५) बमोजिमको प्रतिवेदन प्रमाणित गरी कार्यालयको राय सहित कागजात तथा विवरण विभागमा पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम सम्बन्धित कार्यालयबाट कागजात तथा विवरण प्राप्त भए पछि विभागले देहाय बमोजिमको कागजात तथा विवरणसमेत समावेश गरी विभागको राय सहित मन्त्रालयमा पेस गर्नु पर्नेछः-

(क) निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा रहेका नियमनका लागि पेस भएका जग्गा भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक भए नभएको विवरण,

(ख) नियमन गर्न सकिने र नसकिने जग्गाको अलग-अलग रूपमा कित्तागत विवरण र कुल क्षेत्रफलको विवरण,

(ग) ऐनको दफा १२क. को उपदफा (२) बमोजिम नियमन गर्दा लाग्ने दस्तुर,

(घ) उपनियम (१) बमोजिमका कागजात तथा विवरण।

(८) उपनियम (७) बमोजिम विभागबाट प्राप्त भएको कागजात तथा विवरण छानबिन गर्दा कुनै कागजात वा विवरण अपुग भएमा त्यस्तो कागजात तथा विवरणको सूची तयार गरी पेस गर्नका लागि अवधि तोकी मन्त्रालयले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई पुनः सूचना दिनु पर्नेछ।

(९) उपनियम (७) बमोजिम विभागबाट प्राप्त भएको कागजात तथा विवरणको अध्ययन तथा छानबिन गर्दा निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले नेपाल सरकारको स्वीकृति नलिई हदबन्दीभन्दा बढी खरिद गरी उपयोग गरिरहेको जग्गा नियमन गर्न उपयुक्त देखिएमा विभागबाट कागजात तथा विवरण प्राप्त भएको मितिले वा उपनियम (८) बमोजिम कागजात तथा विवरण अपुग भई माग बमोजिमको थप कागजात तथा विवरण प्राप्त भएको मितिले तीन महिनाभित्र नियमन गर्न स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेस गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम पेश भएको विषयमा नेपाल सरकारबाट निर्णय भए पछि त्यस्तो निर्णय कार्यान्वयनको लागि मन्त्रालयले विभागमा पठाउनु पर्नेछ। विभागले सो

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सम्बन्धी अभिलेख भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्न लगाई निर्णय कार्यान्वयनको लागि सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम विभागबाट निर्णय कार्यान्वयनका लागि प्राप्त भएमा कार्यालयले नेपाल सरकार, मन्त्रिपरिषद्बाट नियमन हुने गरी स्वीकृति प्राप्त सम्पूर्ण जग्गाको ऐनको दफा १२क. को उपदफा (२) बमोजिम नियमन गर्दा लाग्ने दस्तुर लिई नेपाल सरकारको सञ्चित कोषमा दाखिला गरी जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा नियमन भएको व्यहोरा जनाई अभिलेख राख्नु पर्नेछ।

(१२) उपनियम (७) बमोजिम विभागबाट प्राप्त भएको कागजात तथा विवरण छानबिन गर्दा निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले नेपाल सरकारको स्वीकृति नलिई हदबन्दीभन्दा बढी मात्रामा खरिद गरी उपयोग गरिरहेको जग्गा नियमन गर्न उपयुक्त नभई उपनियम (१५) बमोजिम जफत गर्नुपर्ने भएमा मन्त्रालयले विभागमार्फत कार्यालयमा लेखी पठाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई समेत दिनुपर्नेछ।

(१३) बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिने प्रयोजनका लागि उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा रहेको कुनै वा सबै जग्गा धितोबन्धकीमा रहेको र ऋण चुक्ता नगरेका कारणले सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले तेस्रो पक्ष लिलाम वा आफ्नै नाममा सकार गर्ने भएमा ऐनको दफा ७ को उपदफा (१) र (२) मा उल्लिखित हदभन्दा बढी जग्गा लिलाम वा सकार हुने छैन।

तर धितोबन्धकी रोक्का रहेको कारणले ऐनको दफा १२क. को उपदफा (२) बमोजिम लाग्ने दस्तुर लिई नियमन गर्न बाधा पर्ने छैन।

(१४) कुनै उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था दर्ता वा सञ्चालनका लागि अनुमति प्राप्त गर्दाका समयमा प्रचलित कानून बमोजिम विस्तृत परियोजना प्रतिवेदन (डि. पि. आर.) र वातावरणीय अध्ययन प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था रहेछ भने हदबन्दीभन्दा बढी जग्गा नियमनको लागि माग गर्दा विस्तृत परियोजना प्रतिवेदन (डि. पि. आर.) र सम्बन्धित निकायबाट स्वीकृत भएको वातावरणीय अध्ययन प्रतिवेदनको प्रमाणित प्रतिलिपि समेत पेस गर्नु पर्नेछ।

(१५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा कायम रहेको जग्गामध्ये संवत् २०७६ साल माघ २८ गते भन्दा अगावै खरिद गरी हालसम्म निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाका नाममा कायम रहेका जग्गा मात्र नियमन गर्नु पर्नेछ।

(१६) यस नियम बमोजिम नियमन हुन नसकेका जग्गा प्रचलित कानून बमोजिम जफत गरी नेपाल सरकारका नाममा कायम गर्नु पर्नेछ।

•१६ग. **जग्गाको अभिलेख राख्ने:** (१) ऐनको दफा १२ बमोजिम नेपाल सरकारको सूचित आदेशद्वारा तोकिएका संस्था र ऐनको दफा १२क. बमोजिम नेपाल सरकारबाट नियमन भई हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति लिएको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये हदबन्दीभित्र रहेका र हदबन्दीभन्दा बढी रहेका जग्गाको अभिलेख राख्ने प्रयोजनका लागि उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो जग्गा रहेको कार्यालयमा अनुसूची-५घ. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले पेस गरेको हदबन्दीभित्र रहने जग्गाको टायल चेकका लागि कार्यालयले सम्बन्धित नापी कार्यालयमा लेखी पठाउनु पर्नेछ र नापी कार्यालयबाट प्राप्त भएको टायल चेकको विवरण, जग्गाधनी दर्ता स्रेष्ता र जग्गाधनी प्रमाण पूर्जामा क्षेत्रफल फरक परेमा कार्यालयले टायल चेकबाट प्राप्त विवरण बमोजिम क्षेत्रफल अद्यावधिक गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम हदबन्दीभित्र रहने जग्गाको छनौट गर्दा उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये ससिम वा भूउपयोग नियमावली, २०७९ को नियम १२ र १२क. को प्रतिकूल नहुने गरी कित्ताकाटका लागि माग गर्न सक्नेछ।

(४) उपनियम (२) बमोजिम टायल चेक गर्दा उपनियम (१) बमोजिम पेस गरेको जग्गाको विवरणमा फरक परेमा कार्यालयले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई अनुसूची-५घ. बमोजिमको ढाँचामा पुन: निवेदन पेस गर्न लगाउनु पर्नेछ।

(५) उपनियम (१) र (४) बमोजिम कार्यालयले आफू समक्ष पेस भएको निवेदनसाथ प्राप्त हुनुपर्ने कागजात तथा विवरण संलग्न भए नभएको यकिन गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम यकिन गर्दा निवेदनसाथ प्राप्त हुनुपर्ने कागजात तथा विवरण संलग्न भएको देखिएमा निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा रहेको कार्यालयको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण जग्गाको मोठ भिडाउँदा मोठ कायम रही रोक्का नभएमा वा हदबन्दीभन्दा बढी जग्गा रहेको कारण वा नेपाल सरकारको पूर्व स्वीकृति लिई बैङ्क वा वित्तीय संस्थाबाट धितोबन्धकी रोक्का रहेको कारण बाहेक अन्य कारणले रोक्का नभएमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी कित्ताकाट गर्नुपर्ने भए प्रस्तावित ट्रेस नक्सा, निवेदनसाथ प्राप्त कागजात तथा विवरण र भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली सिर्जित जग्गाधनी दर्ता स्रेष्ताको प्रमाणित प्रतिलिपि संलग्न गरी कार्यालयले आफ्नो राय तथा सिफारिस सहित विभागमा पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम कार्यालयबाट सिफारिस साथ प्राप्त भएको कागजात तथा विवरण छानबिन गर्दा व्यहोरा उपयुक्त देखिएमा विभागले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा

• बीसौं संशोधनद्वारा थप ।

संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये हदबन्दीभित्र रहने र हदबन्दीभन्दा बढी रहेको जग्गाको अलग अलगरुपमा कित्तागत विवरण स्वीकृत गरी सोही बमोजिम अभिलेख राख्ने प्रयोजनका लागि कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम विभागबाट कार्यालयमा प्राप्त स्वीकृत विवरण बमोजिम कित्ताकाट गर्नुपर्ने भए कित्ताकाटका लागि सम्बन्धित क्षेत्रको नापी कार्यालयमा लेखी पठाउनु पर्नेछ। कार्यालयबाट कित्ताकाटका लागि लेखी आएमा नापी कार्यालयले नापी प्लटबुकमा हदबन्दी प्रयोजन उल्लेख गरी हदबन्दीभित्र रहने जग्गाको हकमा “हदबन्दी भित्रको” र बाँकी कित्ताका हकमा “हदबन्दी भन्दा बढीको” भनी कैफियत जनाई कित्ताकाट गरी पठाउनु पर्नेछ।

(९) उपनियम (७) र (८) बमोजिम विभाग र नापी कार्यालयबाट प्राप्त भएको विवरण बमोजिम निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको कित्तागत विवरण खुलाई जग्गाधनी दर्ता स्रेष्तामा कैफियत जनाई त्यस्तो जग्गाको छुट्टाछुट्टै जग्गाधनी दर्ता प्रमाण पूर्जा जारी गर्नु पर्नेछ । कार्यालयले हदबन्दीभन्दा बढी रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा जारी गर्दा हरियो रङ्गको कागजको प्रयोग गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम कार्यालयले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये कैफियत जनाई हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा समेत अद्यावधिक गरी राख्नु पर्नेछ।

(११) हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख राख्दा भूउपयोग ऐन, २०७६ को दफा ४ को वर्गीकरण बमोजिम अभिलेख राख्नु पर्नेछ।

(१२) यस नियम बमोजिम निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले आफ्नो नाममा जग्गा राख्न पाउने हदबन्दी सीमाको गणना गर्दा ऐनको दफा ७ को उपदफा (१) र (२) बमोजिम गर्नु पर्नेछ।

(१३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियम बमोजिम अभिलेख राख्दा उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हदबन्दीभन्दा बढी जग्गा रहेछ भने हदबन्दीभित्र रहने गरी माग गरेको जग्गा बाहेक हदबन्दीभन्दा बढी जग्गालाई हदबन्दी खुलाई वा नेपाल सरकारको पूर्व स्वीकृति लिई बैङ्क वा वित्तीय संस्थाबाट ऋण प्रयोजनका लागि रोक्का रहेको अवस्थामा समेत सोही बमोजिम अभिलेख राख्न सकिनेछ। यस बाहेक अन्य जुनसुकै कारणले रोक्का रहेकोमा त्यस्तो हदबन्दीभन्दा बढीको जग्गा फुकुवा नभएसम्म कार्यालयले कुनै पनि थप प्रक्रिया अवलम्बन नगरी सोही व्यहोरा विभागमा लेखी पठाउनु पर्नेछ।

तर रोक्का रहेको कुनै कित्ता जग्गा हदबन्दीभित्र रहने र हदबन्दीभन्दा बढी रहने गरी उपनियम (३) बमोजिम कित्ताकाट गर्न माग भएको रहेछ भने रोक्का राख्ने निकायको सहमतिमा

उक्त कित्ता जग्गा फुकुवा गर्न वा हदबन्दीभित्र रहने जग्गा यथावत् रोक्का राखी हदबन्दीभन्दा बढी रहने जग्गा फुकुवा गर्न बाधा पर्ने छैन्।

•१६घ. **<u>हदबन्दीभित्रको खरिद गरेको जग्गा बिक्री वितरण गर्न सक्ने</u>:** (१) ऐनको दफा १२ग. को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (३) बमोजिम बिक्री वितरण गर्न सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाले देहाय बमोजिमका कागजात तथा विवरण संलग्न गरी अनुसूची-५ङ. बमोजिमको ढाँचामा विभागमा निवेदन दिन सक्नेछः-

(क) दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर तथा करचुक्ता पत्रको प्रतिलिपि,

(ग) शेयर अद्यावधिक लगत,

(घ) जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) चालू आर्थिक वर्षको मालपोत तिरेको रसिद,

(च) बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिएको भए ऋण लिँदाको दृष्टिबन्धकी लिखत र सो सम्बन्धमा ऋण प्रदान गर्ने बैङ्क तथा वित्तीय संस्थाले साँवा र हालसम्मको ब्याज रकम खुल्ने गरी विभागलाई लेखेको जानकारी पत्र,

(छ) व्यहोर्नु पर्ने दायित्व प्रमाणित गर्ने कागजात सहितको स्व:घोषणा पत्र,

(ज) उत्पादन र रोजगारीसमेत खुल्ने पछिल्लो तीन आर्थिक वर्षको आय व्यय विवरण,

तर दर्ता भएको अवधि तीन वर्ष नभएको भए पछिल्लो आर्थिक वर्षको आय व्ययको विवरण,

(झ) जग्गा बिक्री वितरणपश्चात साविकको रोजगारी र उत्पादनमा कमी नहुने कबुलियतनामा,

(ञ) जग्गा बिक्री वितरण सम्बन्धमा सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(ट) व्यवसाय तथा सेवा सञ्चालन गर्न अनुमति दिने निकायले संस्थाले पेस गरेका कार्ययोजना लगायत अन्य आवश्यक पर्ने कागजातका आधारमा जग्गा बिक्री गर्दा समेत उक्त संस्था निरन्तर सञ्चालन हुने र उत्पादन तथा रोजगारी नघट्ने सम्बन्धमा दिएको सिफारिस पत्र।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

• बीसौं संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिमको कागजात तथा विवरण संलग्न भए नभएको सम्बन्धमा विभागले छानबिन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम छानबिन गर्दा उपनियम (१) बमोजिमका कागजात तथा विवरण संलग्न रहेको नदेखिएमा विभागले पन्ध्र दिनभित्र आवश्यक कागजात तथा विवरण पेस गर्न निवेदक सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना शिक्षण संस्था वा अन्य कुनै संस्थालाई सूचना दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम छानबिन गरेपछि वा उपनियम (३) बमोजिम कागजात तथा विवरण प्राप्त भएपछि विभागले आवश्यक छानबिन गरी राय सहितको प्रतिवेदन पेस गर्न कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको कागजात तथा विवरण सहितको निवेदन प्राप्त भएपछि कार्यालयले जग्गाको मोठ तथा रोक्का भिडाउँदा ठीक दुरुस्त देखेमा त्यस्तो निवेदक सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको स्थलगत निरीक्षण गरी नियम १६ग. बमोजिम स्वीकृति प्राप्त हदबन्दीभित्रको जग्गा बिक्री वितरण गर्न दिन उपयुक्त रहे नरहेको सम्बन्धमा राय सहितको प्रतिवेदन विभागमा पठाउनु पर्नेछ।

(६) विभागले उपनियम (५) बमोजिम कार्यालयबाट प्राप्त कागजात तथा विवरण छानबिन गर्दा कुनै कागजात वा विवरण अपुग वा अस्पष्ट भएमा सोही व्यहोरा उल्लेख गरी कार्यालयमा पुन: लेखी पठाउनु पर्नेछ। यसरी लेखी पठाइएकोमा कार्यालयले विभागको निर्देशन बमोजिम कागजात वा विवरण पठाउनु पर्नेछ।

(७) उपनियम (५) वा (६) बमोजिम कार्यालयबाट प्राप्त कागजात तथा विवरण विभागले छानबिन गरी निवेदकको माग बमोजिम स्वीकृति प्राप्त हदबन्दीभित्रको जग्गा बिक्री वितरण गर्न दिन मिल्ने वा नमिल्ने सम्बन्धमा सिफारिस सहित निवेदनसँग सम्बन्धित कागजात तथा विवरण मन्त्रालयमा पठाउन सक्नेछ।

(८) उपनियम (७) बमोजिम विभागबाट प्राप्त कागजात तथा विवरणको अध्ययन गर्दा निवेदक सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको माग उपयुक्त देखिएमा मन्त्रालयले ऐनको दफा १२ग. को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (३) बमोजिम स्वीकृति प्राप्त हदबन्दीभित्रको जग्गा एकपटकको लागि बिक्री वितरण गर्न शर्त तोकी स्वीकृति दिन सक्नेछ।

(९) उपनियम (८) बमोजिम मन्त्रालयले बिक्री वितरणका लागि तोकेको शर्तको अधीनमा रही कार्यालयले प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर तथा कर असुल गरी लिखत पारित गरिदिनु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम जग्गा बिक्री गरेपश्चात उपनियम (१) को खण्ड (च) र (छ) बमोजिम ऋण फरफारख वा दायित्व भुक्तानी गरेको प्रमाणित कागजात सम्बन्धित

कार्यालयमार्फत विभागमा पेस गर्नु पर्नेछ। ऋण फरफारख वा दायित्व भुक्तानी गरेको प्रमाणित कागजात पेस नगरेमा कार्यालयले निवेदक सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको नाममा बाँकी जग्गा जफत गर्नेतर्फ कारबाही प्रारम्भ गर्नेछ।

•१६ङ. **सकार गरेको जग्गा बेचबिखन गर्नुपर्नेः** (१) कार्यालयले ऐनको दफा १२च. बमोजिम सकार गरेको जग्गाको जग्गाधनी स्रेष्ता र जग्गाधनी प्रमाण पूर्जा जारी गर्दा बेचबिखन गरी सक्नु पर्ने मिति समेत उल्लेख गर्नु पर्नेछ।

(२) बैङ्क वा वित्तीय संस्था वा सहकारी सङ्घ संस्थाले ऐनको दफा १२च. मा उल्लिखित अवधिभित्र बेचबिखन गर्न नसकेमा वा बेचबिखन नभएमा त्यस्तो जग्गा बेचबिखन गर्नको लागि कारण खोली स्वीकृतिको लागि कार्यालयमा निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदन मनासिब देखिएमा कार्यालयले सिफारिस सहित विभागमा पठाउनु पर्नेछ र विभागले राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम विभागबाट प्राप्त निवेदन मन्त्रालयले शर्त तोकी बेचबिखन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम मन्त्रालयबाट स्वीकृत भएपछि कार्यान्वयनको लागि विभाग मार्फत सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

## परिच्छेद - ३

## जग्गाको अधिकतम हदबन्दी क्षतिपूर्ति तथा बिक्री वितरण

μ१७. **अधिकारी तथा अदालत तोक्नेः** (१) ऐनको परिच्छेद ४ को प्रयोजनको लागि अधिकारीमा जिल्ला भूमि प्रशासन अधिकृतलाई तोकिएको छ ।

☙(२) ................

☙ (३) ................

•१८. **जग्गाको फाँटवारी दाखिल गर्ने सूचनाः** (१) ऐनको दफा १३ को उपदफा (१) र (१क) बमोजिम भूमि प्रशासन अधिकृतले सूचना प्रकाशन गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा प्रकाशन गर्नु, गराउनु पर्नेछ र सो सूचना जिल्ला समन्वय समितिको कार्यालय र अन्य स्थानीय प्रमुख स्थानमा टाँसी प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जग्गावाला वा मोही वा निजको तर्फबाट अरू कसैले दाखिल गर्नु पर्ने फाँटवारी को ढाँचा अनुसूची–७ बमोजिमको हुनेछ ।

---

• बीसौं संशोधनद्वारा थप ।

μ पाँचौ संशोधनद्वारा झिकिएको ।

☙ चौधौं संशोधनद्वारा झिकिएको ।

• चौधौं संशोधनद्वारा संशोधित ।

त्यस्तो फाँटवारी दाखिल गर्दा फाँटवारीको दुई प्रति राखी ऐनको म्याद भित्रै दाखिल गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम फाँटवारी पेश गर्नु पर्ने कर्तव्य भएका व्यक्तिले त्यस्तो फाँटवारी ऐनको दफा १३ को उपदफा (१क) को अधीनमा रही भूमिसुधार कार्यालयमा पेश गर्नु पर्नेछ ।

⁂...................

(४)⁂...................

(५)⁂...................

१९. **<u>ऐनको दफा १३ बमोजिम दाखिल भएको फाँटवारी र तत्सम्बन्धमा अन्य सुत्रबाट प्राप्त भएको सूचनाको जाँचबुझ गर्ने कार्यविधिः</u>** ♣(१) ऐनको दफा १३ बमोजिम फाँटवारी दाखिल भएपछि भूमि प्रशासन अधिकृतले स्थानीय निकायको प्रतिनिधि, मालपोत कार्यालय, नापी शाखा र सम्बन्धित अन्य निकाय वा अधिकारीको राय समेत बुझ्नु पर्ने देखिएमा बुझी जग्गा र मोहीको लगत र उपलब्ध भएको अन्य कागज प्रमाण हेरी आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(२)जिल्ला भूमि प्रशासन अधिकृतले आवश्यक देखेमा सम्बन्धित जग्गामा हक दावी गर्न •<u>जग्गावाला वा मोहीबाट</u> पेश हुन आएको लिखत प्रमाणहरू पनि जाँचबुझ गर्न सक्नेछन् ।

(३)जिल्ला भूमि प्रशासन अधिकृतले आवश्यक देखेमा आफै गई वा मातहतका कर्मचारी खटाई सरजमीन समेत बुझ्न लगाउन सक्नेछ ।

(४) दुई वा दुई भन्दा बढी जिल्ला भित्र जग्गा हुने जग्गावालाको जग्गाको सम्बन्धमा उपरोक्त बमोजिम भूमि प्रशासन अधिकृतहरूले जाँचबुझ गरिसके पछि त्यसको नतीजाको १ प्रति सम्बन्धित जग्गावालाको जग्गा भएको क्षेत्रको अन्य जिल्ला भूमि प्रशासन अधिकृत छेउ र निज नभएको जिल्लामा भए माल अड्डामा पनि पठाउनु पर्दछ ।

×(५) यस नियम बमोजिम भूमि प्रशासन अधिकृतले जग्गाको फाँटवारी सम्बन्धी जाँचबुझ गर्ने कार्य समाप्त नगरेसम्म त्यस्तो जग्गाको कुनै किसिमले स्वामित्व हस्तान्तरण गर्न वा धितोबन्धक राख्न नपाउने गरी रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

×(६) उपनियम (५) बमोजिम लेखी आएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो जग्गा रोक्का राखी त्यसको जानकारी सम्बन्धित भूमिसुधार कार्यालयलाई दिनु पर्नेछ ।

२०. **<u>ऐनको दफा १४ को उपदफा (१) अन्तर्गत फाँटवारी तयार गरी प्रकाशित गर्नेः</u>** Π(१) नियम १९ बमोजिम आवश्यक जाँचबुझ गरिसकेपछि जिल्ला भूमि प्रशासन अधिकृतले ऐनको दफा ७ मा तोकिएको अधिकतम हदभन्दा बढी जग्गा हुने प्रत्येक जग्गावालाको सम्बन्धमा अनुसूची-८

⁂ सोह्रौं संशोधनद्वारा झिकिएको ।

× सोह्रौं संशोधनद्वारा संशोधित ।

Π सातौं संशोधनद्वारा थप ।

बमोजिमको ढाँचामा फाँटवारी तयार गरी आफ्नो कार्यालय वा स्थानीय जिल्ला समन्वय समितिको कार्यालयको सूचना बोर्डमा टाँसी प्रकाशित गर्नेछ।

(२) जिल्ला भूमि प्रशासन अधिकृतले त्यसरी तयार गरी प्रकाशित गरेको प्रत्येक फाँटवारी को १ प्रतिलिपि नेपाल सरकार, ρभूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पनि पठाउनु पर्छ ।

*२०क. **नेपाल सरकारको नाममा जग्गा दर्ता गर्नेः** (१) ऐनको दफा ९ को उपदफा (४) र दफा १४क. को उपदफा (२) बमोजिम भूमि प्रशासन अधिकृतले जफत गरेको जग्गा नेपाल सरकारको नाममा दर्ता गर्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जग्गा दर्ताको लागि लेखी आएमा मालपोत कार्यालयले त्यस्तो जग्गा नेपाल सरकारको नाममा दर्ता गरी त्यसको जानकारी सम्बन्धित भूमिसुधार कार्यालयलाई दिनु पर्नेछ ।

*२०ख.**पुरस्कारः** (१) ऐनको दफा ९ को उपदफा (६) र दफा १४क. को उपदफा (३) बमोजिम कसैले पुरस्कार पाउने भएमा भूमि प्रशासन अधिकृतले नियम २०क. बमोजिम काम सम्पन्न भईसकेपछि त्यस्तो पुरस्कारको रकम निकासाको लागि भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम रकम निकासाको लागि लेखी पठाउँदा नियम २०क. बमोजिम नेपाल सरकारको नाममा दर्ता हुन आएको जग्गा र पुरस्कार पाउने व्यक्तिको विवरण तथा पुरस्कार वापत दिनु पर्ने रकम समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) को प्रयोजनको लागि त्यस्तो जग्गाको मोल कायम गर्दा रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको न्युनतम मूल्याङ्कनलाई आधार लिईनेछ ।

२१. **जग्गावालालाई दिइने क्षतिपूर्तिः** (१) ऐनको दफा १५ अन्तर्गत प्राप्त गरिएको जग्गाको सम्बन्धमा जग्गावालालाई ऐनको परिच्छेद-५ अन्तर्गत क्षतिपूर्ति दिंदा मूल्य निर्धारण समितिले निर्धारण गरेको दरले दिइनेछ । मूल्य निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्दा सम्बन्धित मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि कायम गरेको न्यूनतम मूल्याङ्कनको तीस प्रतिशतमा नघटाई र पचास प्रतिशतमा नबढाई आवश्यक जाँचबुझ गरी निर्धारण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि भूमि प्रशासन अधिकृतले प्रत्येक जग्गावालाको सम्बन्धमा निर्धारित गरिएको क्षतिपूर्तिको रकमको तालिका अनुसूची-१७ बमोजिमको ढाँचामा तयार गरी सो तालिका आफ्नो तथा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय र मालपोत कार्यालयको सूचना पाटीमा घटीमा पैंतीस दिनको म्याद तोकी सूचना प्रकाशन गर्नेछ ।

---

ρ तेह्रौं संशोधनद्वारा संशोधित ।

चौधौं संशोधनद्वारा संशोधित ।

(३) ऐनको दफा १५ बमोजिम कुनै जग्गावालाबाट प्राप्त गरिएको जग्गा दुई वा दुई भन्दा बढी जिल्ला भित्र परेमा त्यस्तो जग्गावालाको जग्गा सम्बन्धमा सम्बन्धित जिल्लाको मूल्य निर्धारण समितिले उपनियम (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण गरी उपनियम (२) बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनाको एक प्रति फाँटवारी पेश गरेको कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम प्रकाशित क्षतिपूर्ति निर्धारणको तालिकामा चित्त नबुझ्ने व्यक्तिले सो तालिका प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(५) उपनियम (२) र (३) बमोजिम प्रकाशित क्षतिपूर्ति निर्धारण तालिकामा उपनियम (४) बमोजिम पुनरावेदन गर्ने म्याद गुज्री पुनरावेदन नलाग्ने भई सकेकोमा सो प्रकाशित तालिका बमोजिम र पुनरावेदन परेकोमा उच्च अदालतबाट अन्तिम निर्णय भए बमोजिम जिल्ला भूमि प्रशासन अधिकृतले सम्बन्धित जग्गावालालाई ऐनको परिच्छेद-५ बमोजिम क्षतिपूर्ति दिने व्यवस्था गर्नेछ।

(६) सम्बन्धित जग्गाको तेरो मेरो सम्बन्धी झगडा परी कुनै मुद्दा अदालत वा अधिकार प्राप्त अधिकारी समक्ष विचाराधीन रहेकोमा सो टुंगो नलागेसम्म झगडा परे जति जग्गाको क्षतिपूर्ति रोक्का राखिनेछ ।

२२. **अधिकारी तोक्नेः** ऐनको परिच्छेद-६ को प्रयोजनको निमित्त अधिकारीमा जिल्ला भूमि प्रशासन अधिकृतलाई तोकिएको छ ।

[♣]२३. **जग्गाको बिक्री वितरणः** (१) ऐन बमोजिम प्राप्त र जफत भएको जग्गालाई भूमि प्रशासन अधिकृतले ऐनमा तोकिएको प्राथमिकताको आधारमा देहायको हदसम्म बिक्री वितरण गर्नेछ र सो प्रयोजनको निमित्त बिक्री वितरणमा जग्गा लिन चाहने व्यक्तिबाट दरखास्त आव्हान गर्नेछ । यसरी आह्वान गरिएको सूचना जिल्ला भित्रका सम्बन्धित सबै गाउँपालिका वा नगरपालिकामा पठाउनु पर्नेछ र गाउँपालिका वा नगरपालिकाले सो सूचना आफ्नो इलाकाभित्र प्रकाशन गरी सो को जानकारी भूमिसुधार कार्यालयमा पठाउनु पर्नेछ ।

(क) तराई क्षेत्र अन्तर्गत शहरी इलाकामा बढीमा दुई कठ्ठा र अन्य इलाकाको जग्गाको हकमा बढीमा दश कठ्ठासम्म,

(ख) काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा बढीमा आठ आना र अन्य क्षेत्रमा बढीमा एक रोपनीसम्म,

(ग) पहाडी क्षेत्रको शहरी इलाकामा बढीमा एक रोपनी र अन्य क्षेत्रमा बढीमा पाँच रोपनीसम्म, र

---

♣ चौधौं संशोधनद्वारा संशोधित ।

(घ) शिक्षण संस्था र अन्य सार्वजनिक संघ संस्थाका हकमा क्षेत्रगत आधारमा सामान्यतया माथि खण्ड (क) देखि (ग) सम्म उल्लेख भएको हदसम्म ।

(२) उपनियम (१) बमोजिम जग्गा बिक्री वितरण गर्दा भूमि प्रशासन अधिकृतले सम्भव भएसम्म एकासगोलका पति र पत्निको नाउँमा संयुक्त रूपमा रहने गरी बिक्री वितरण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम बिक्री वितरणमा जग्गा पाउने व्यक्ति वा संस्थाको नाम जग्गावालाको हैसियतले दर्ता भइसकेपछि भूमि प्रशासन अधिकृतले निजलाई अनुसूची-९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(४) ऐनको दफा २१ख. बमोजिम जग्गाको दर्ता किताब अनुसूची-१८ बमोजिमको ढाँचामा राखिनेछ ।

(५) उपनियम (१) को खण्ड (घ) बमोजिम शिक्षण संस्था वा संघ संस्थाका नाउँमा बिक्री वितरण भएको जग्गाको साविक जग्गावालालाई दिइने क्षतिपूर्तिको सम्बन्धमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

(६) ऐनको दफा २२ को उपदफा (४) बमोजिम जफत भएको जग्गा भूमि प्रशासन अधिकृतले देहाय बमोजिम पुनः बिक्री वितरण गर्न सक्नेछः-

(क) कसैले यी नियमहरू लागू हुनुभन्दा अघि कायम रहेका नियमहरू बमोजिम जग्गा पाई ऐनको दफा २२ को उपदफा (४) बमोजिम जफत भएको जग्गाको सम्बन्धमा त्यस्तो जग्गा बिक्री वितरणमा पाएको व्यक्ति वा निजको परिवारले नै कमाई आएको रहेछ भने यी नियमहरू बमोजिम निर्धारित मूल्य तथा वक्यौता मालपोत समेत लिई निजलाई नै उक्त जग्गा पुनः बिक्री वितरण गर्न,

(ख) खण्ड (क) बमोजिमको जग्गा सो खण्डमा उल्लेख भएको व्यक्तिले नकमाई अन्य व्यक्तिले कमाई आएको रहेछ भने सो सम्बन्धमा ऐनको दफा २१ को अधीनमा रही उपनियम (१) र (२) बमोजिम बिक्री वितरण गर्न ।

(७) ऐनको दफा २४क. को उपदफा (२) बमोजिम जफत भएको जग्गाको हकमा उपनियम (१) र (२) को अधीनमा रही पुनः बिक्री वितरण गरिनेछ ।

२४. **जग्गाको मोल लिनेः** (१) ऐनको दफा २१ [७८]............. बमोजिम जग्गा बिक्री वितरण हुँदा जग्गा पाउने व्यक्तिले सो जग्गाको सम्बन्धमा नियम २१ बमोजिम कायम भएको मोलको रकम

---

[७८] चौधौं संशोधनद्वारा झिकिएको ।

एकमुष्ट वा बढीमा १० वार्षिक किस्ता सम्ममा जिल्ला भूमि प्रशासन अधिकृत छेउ वा निजले सो कामको लागि तोकिदिएको अड्डा वा अधिकारी छेउ बुझाउनु पर्नेछ ।

(२) त्यस्तो किस्ताको रकम काठमाडौं उपत्यका समेत पहाडी क्षेत्रकाले प्रत्येक सालको माघ मसान्त सम्ममा र तराई तथा भित्री मधेशकाले प्रत्येक सालको फाल्गुण मसान्त सम्ममा बुझाउनु पर्नेछ ।

[8](३) उपनियम (१) अनुसार बुझाइएको रकमलाई सो बुझिलिने कार्यालय वा अधिकारीले बैंकमा दाखिल गर्नु पर्नेछ ।

[f]२४क. **जग्गावाला र मोहीले संयुक्त निवेदन दिनुपर्नेः** (१) ऐनको दफा २६ग. बमोजिम जग्गावाला र मोहीले आपसी सहमतिद्वारा जग्गा बाँडफाँड गरी लिन दिन चाहेमा वा त्यसरी आफूले लिन मन्जुर गरेको जग्गा बापतको रकम लिई पूरै जग्गा जग्गावाला वा मोहीलाई छाडी मोहीको लगत कट्टा गर्न चाहेमा सो कुराहरू खुलाई अनुसूची-१९ (क) बमोजिमको ढाँचामा सम्बन्धित भूमि प्रशासन अधिकृत समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कुनै निवेदन पर्न आएमा भूमि प्रशासन अधिकृतले निवेदन साथ संलग्न प्रमाणहरू जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निवेदकहरूको माग बमोजिम जग्गा बाडफाँड गरिदिनु वा पुरै जग्गा एकजनाको नाममा कायम गरी मोहीको लगत समेत कट्टा गरिदिनु पर्नेछ ।

[f]२४ख. **जग्गाधनी वा मोही एकजनाले आफ्नो भाग जग्गा छुट्याई लिन निवेदन दिनु पर्नेः** (१) नियम २४क. बमोजिम जग्गाधनी र मोहीको संयुक्त निवेदन पर्न नसकी जग्गाधनी वा मोही मध्येकुनै पक्षले मोही लागेको जग्गा बाडफाँड गरी लिन चाहेमा सोही व्यहोरा खुलाई तत्सम्बन्धी संपूर्ण प्रमाण सहित अनुसूची-१९ (ख) बमोजिमको ढाँचामा भूमि प्रशासन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कुनै निवेदन पर्न आएमा भूमि प्रशासन अधिकृतले अर्को पक्षलाई बाटोको म्याद बाहेक पन्ध्र दिन भित्र झिकाई मालपोत कार्यालय र नापी कार्यालय समेतमा रहेका तत्सम्बन्धी दर्ता श्रेस्ता प्रमाण जाँचबुझ गरी आवश्यकता अनुसार बाँडफाँड गरिने जग्गाको स्थलगत निरीक्षण र सम्बन्धित गाउँपालिका वा नगरपालिकाको राय समेत बुझी जग्गाधनी र मोहीलाई नरम करम मिलाई आधा आधा हुने गरी जग्गा बाँडफाँड गरी मोहीको लगत समेत कट्टा गरिदिनु पर्नेछ ।

---

8 चौधौं संशोधनद्वारा संशोधित ।

f तेह्रौं संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

ƒ२४ग. **थप प्रमाण बुझ्न सक्ने:** ऐनको दफा २६ङ. बमोजिम मोही लागेको सम्पूर्ण जग्गा जग्गावाला र मोहीमध्ये कुनै एक जनाको नाममा कायम हुने निर्णय गर्दा भूमि प्रशासन अधिकृतले तत्सम्बन्धमा आवश्यक सम्झेको थप प्रमाण बुझ्न सक्नेछ ।

ƒ२४घ. **बाटोको प्रयोजनको लागि जग्गा छुट्याउनु पर्ने:** मोही लागेको जग्गामा बनेको घरमा आउने जाने बाटोको लागि जग्गा छुट्याउँदा कम्तीमा तीन फीट चौडाईमा नघटाई साविक देखि सो भन्दा बढी चौडाईको बाटो प्रयोग हुँदै आएको भए सो बाटोलाई कायमै हुने गरी जग्गा छुट्याउनु पर्नेछ ।

ƒ२४ङ. **जग्गाको मूल्य कायम गर्ने:** (१) मूल्य निर्धारण समितिले जग्गाको मूल्य निर्धारण गर्दा जग्गावाला र मोही बीच आपसी सहमतिबाट मूल्य कायम गरिएको भए सोही मूल्य, त्यसरी मूल्य कायम हुन नसकेकोमा सम्बन्धित मालपोत कार्यालयबाट रजिष्ट्रेशनको प्रयोजनको लागि कायम भएको मूल्यको अभिलेख र सो जग्गाको आसपासमा कुनै जग्गा बिक्री भएको भए सो बिक्री गर्दा कायम गरिएको थैलीको रकम समेतको आधारमा मूल्य निर्धारण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जग्गाको मूल्य निर्धारण गर्दा मूल्य निर्धारण समितिले आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाको राय बुझ्न तथा सो जग्गाको स्थलगत अध्ययन र सरजमिन समेत गर्न सक्नेछ।

ƒ२४च. **जग्गाको रकम बुझाउनु पर्ने:** (१) ऐनको दफा २६ङ. बमोजिम भुमिसुधार अधिकारीबाट जग्गाधनी वा मोहीमध्ये एकजनाको नाममा जग्गा कायम हुने निर्णय गरेको जानकारी पाएको मितिले नब्बे दिन भित्र सम्बन्धित पक्षले जग्गा बापतको रकम अर्को पक्षलाई बुझाई सक्नु पर्नेछ।

तर सो म्याद भित्र रकम बुझाउन नसकेको मनासिव माफिकको कारण उल्लेख गरी म्याद थपको लागि सम्बन्धित पक्षको निवेदन परेमा भूमि प्रशासन अधिकृतले पैंतीस दिन सम्मको म्याद थप गरिदिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित पक्षले बुझ्नु पर्ने रकम नबुझेमा वा बुझ्न इन्कार गरेमा सो म्याद नाघेको पन्ध्र दिन भित्र रकम बुझाउने पक्षले सोही व्यहोरा खुलाई सम्बन्धित भूमिसुधार कार्यालयमा रकम धरौटी राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित पक्षले रकम धरौटी राखेमा भूमिसुधार कार्यालयले सो रकम धरौटी खातामा जम्मा गरी सात दिन भित्र रकम बुझ्नको लागि सम्बन्धित व्यक्तिको नाममा सूचना पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचना पाएपछि सम्बन्धित व्यक्तिले धरौटी रकम बुझ्नु नपर्ने कुनै कारण भए बाटोको म्याद बाहेक पन्ध्र दिन भित्र भूमिसुधार कार्यालयमा लिखित

---

ƒ तेह्रौं संशोधनद्वारा थप ।

जानकारी दिनु पर्नेछ र म्याद भित्र त्यस्तो जानकारी नआएमा सम्बन्धित व्यक्तिले सो रकम बुझ्न मन्जुर गरेको मानिनेछ ।

(५) उपनियम (१) बमोजिम रकम पाउनु पर्ने व्यक्तिले उपनियम (३) बमोजिम रकम बुझ्ने सूचना पाएको मितिले दुई वर्ष भित्र धरौटी रकम बुझ्न आवश्यक प्रमाण सहित निवेदन दिएमा भूमिसुधार कार्यालयले धरौटी रकमको सयकडा दुई प्रतिशतका दरले हुने रकम कटाई बाँकी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ । सो म्याद भित्र पनि धरौटी रकम बुझिलिन नआएमा म्याद समाप्त भएपछि सो रकम नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

(६) उपनियम (१) बमोजिम रकम बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले म्याद भित्र रकम नबुझाएमा वा उपनियम (२) बमोजिम सम्बन्धित भूमिसुधार कार्यालयमा धरौटी समेत नराखेमा रकम पाउनु पर्ने व्यक्तिले बाँडफाँड गरिने जग्गा लिलाम गराई रकम असूल गरी पाउन सम्बन्धित भूमिसुधार कार्यालयमा निवेदन दिन सक्नेछ ।

(७) उपनियम (६) बमोजिमको कुनै निवेदन पर्न आएमा भूमिसुधार कार्यालयले त्यस्तो जग्गा प्रचलित कानून बमोजिम लिलाम गरी सम्बन्धित व्यक्तिलाई रकम भराई दिनु पर्नेछ । लिलाम गर्दा निवेदन दिने व्यक्तिले पाउनु पर्ने रकम भन्दा बढी रकममा जग्गा लिलाम भई बढी रकम प्राप्त भएमा त्यसरी बढी भएको जति रकम भूमिसुधार कार्यालयको धरौटी खातामा जम्मा गरिनेछ ।

(८) उपनियम (७) बमोजिम धरौटी खातामा जम्मा भएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता बुझी लिन भूमिसुधार कार्यालयले उपनियम (३) बमोजिम सूचना गर्नेछ । त्यसरी दिईएको सूचना बमोजिम सम्बन्धित व्यक्तिले धरौटी रकम उपनियम (५) बमोजिमको म्याद भित्र बुझी लिन आवश्यक प्रमाण सहित निवेदन दिएमा भूमिसुधार कार्यालयले धरौटी रकमको सयकडा दुई प्रतिशतका दरले हुने रकम कटाई बाँकी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ । सो म्याद भित्र पनि धरौटी रकम बुझी लिन नआएमा म्याद समाप्त भएपछि सो रकम नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

*(९) यस नियम बमोजिम धरौटी रकम बुझ्नु पर्ने वा बुझाउनु पर्ने कर्तव्य भएको व्यक्तिको वतन खुल्न नसकी वा पत्ता नलागी म्याद वा सूचना तामेल हुन नसकेमा सम्पूर्ण व्यहोरा खुलाई राष्ट्रियस्तरको समाचारपत्रमा पैंतीस दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

* (१०) उपनियम (९) बमोजिम सूचना प्रकाशन भएपछि पनि रकम बुझ्न नआएमा त्यस्तो धरौटी रकम सम्बन्धमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

* २४छ.**<u>मोही र जग्गाधनी बीच बाँडफाँड सम्बन्धी अन्य व्यवस्था:</u>** (१) ऐनको दफा २६घ१. बमोजिम पर्न आएका निवेदनको फछ्र्यौट नियम २४ख. को उपनियम (२) को प्रकृया पूरा गरी गर्नु पर्नेछ।

---

* चौधौं संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम निवेदन नपरी ऐनको दफा २६घ२. बमोजिम बाँडफाँड गर्दा ऐनको दफा १३ को उपदफा (१क) बमोजिम फाँटवारी मा देखाइएको मोही लागेको जग्गा तथा मोहीमा कमाएको जग्गाको फाँटवारी छानविन गर्ने र जग्गाधनी तथा मोहीले भरेका फाँटवारी विवरण मिलान भएपछि मिलान भएको र नभएको छुट्टाछुट्टै लगत तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम तयार भएको लगत अनुसार ऐनको दफा २६घ. बमोजिम जग्गाधनी तथा मोहीलाई झिकाई आवश्यक प्रमाण बुझ्नु पर्ने भएमा सो समेत बुझी बाँडफाँडको कारबाही गरिनेछ ।

❋(३क) ऐनको दफा २६घ१. बमोजिम प्रकाशित सूचनामा उल्लिखित म्यादभित्र जग्गा बाँडफाँडको लागि जग्गाधनी वा मोही कसैले पनि निवेदन पेश नगरेमा त्यस्तो जग्गाधनी र मोहीलाई संयुक्त जग्गाधनी कायम गरी मोहीको लगत कट्टा गरिनेछ । त्यसरी संयुक्त जग्गाधनी कायम गरी सकेपछि साबिकको मोही वा जग्गाधनीले जग्गा बाँडफाँडको लागि मालपोत कार्यालयमा निवेदन दिएमा त्यस्तो जग्गा बाँडफाँड गरी दिनु पर्नेछ ।

(४) जग्गाधनीको मृत्यु भई निजको हकदारको नाममा हक नसरेको अवस्थाको जग्गाको मोहीले बाँडफाँड गरी पाउँ भनी माग गरेमा ऐन र यी नियमहरूमा तोकिएको प्रकृया पूरा गरी बाँडफाँड गरिदिनु पर्नेछ ।

(५) मोहीको मृत्यु भई निजको हकदारको नाममा मोहीयानी हक नामसारी नभएको अवस्थामा बाँडफाँडको लागि जग्गाधनीले निवेदन गरेकोमा बुझ्दा मृतक मोहीका एकासगोलका हकदार उपस्थित भई स्वीकार गरेमा आवश्यक जाँचबुझ गरी सोही अनुसार बाँडफाँड गरिदिनु पर्नेछ । त्यसरी स्वीकार नगरेको अवस्थामा अन्य बुझ्नु पर्ने प्रमाण बुझी ऐनको दफा २६छ. को अधीनमा रही बाँडफाँड हुन सक्ने भएमा मोहीको भागमा पर्न जाने जग्गाको हकमा पछि हकदारले हक कायम गरी माग्न आएका बखत दाखिल खारेज हुने गरी कित्ता छुट्याई जग्गाधनीकै नाममा रोक्का राखी बाँडफाँड गर्नु पर्नेछ ।

(६) मोही लागेको जग्गा ऐन बमोजिम बाँडफाँड गर्दा वा ऐनको व्यवस्था बमोजिम वा अदालतको निर्णयले मोही लगत कट्टा गर्नु पर्ने भएमा अनुसूची-१६क. बमोजिमको लगत राखी मोहीको दर्ता किताब अनुसूची-१६ वा सो सम्बन्धी अन्य प्रमाणमा निर्णयको छोटकरी व्यहोरा जनाई लगत कट्टा गर्नु पर्नेछ र सोही व्यहोराको जानकारी मालपोत कार्यालयमा पठाई मालपोत कार्यालयमा रहेको जग्गा धनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाण पूर्जा समेत अद्यावधिक गर्नु पर्नेछ।

※२४छ१.**जग्गा बाँडफाँडको कार्यविधिः** (१) ऐनको दफा २६घ४. को उपदफा (१) को प्रयोजनको लागि टोली खटाउनु अघि भूमि प्रशासन अधिकृतले देहायको विवरण तयार गर्नु पर्नेछः–

---

❋ अठारौं संशोधनद्वारा थप ।

※ सोह्रौं संशोधनद्वारा थप ।

(क) ऐनको दफा ९ को उपदफा (४) र दफा १४क. को उपदफा (२) बमोजिम नेपाल सरकारको स्वामित्वमा आउने मोही लागेका जग्गाहरुको विवरण,

(ख) ऐनको दफा २६घ१. बमोजिम परेका निवेनदहरुको विवरण,

(ग) ऐनको दफा २६घ१. बमोजिमको म्याद भित्र जग्गा बाँडफाँड गर्न जग्गावाला र मोही कसैको पनि निवेदन नपरेमा कार्यालयको अभिलेखबाट लगत कट्टा हुन बाँकी मोहीको विवरण ।

(२) उपनियम (१) बमोजिम विवरण तयार गरिसकेपछि जग्गावाला र मोहीबीच जग्गा बाँडफाँडको लागि भूमि प्रशासन अधिकृतले आफ्नो मातहतको कुनै कर्मचारीको नेतृत्वमा नापी कार्यालयको प्राविधिक कर्मचारी सहितको टोली खटाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको टोली खटाइसकेपछि भूमि प्रशासन अधिकृतले सो विषयको सूचना सम्बन्धित स्थानीय निकायलाई दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम खटिएको टोलीले सम्बन्धित जग्गाको स्थलगत निरीक्षण र आवश्यकता अनुसार सरजमिन समेत गरी जग्गाधनी र मोही बीच जग्गा छुट्याई त्यस्तो जग्गाको ट्रेश नक्शा समेत तयार गरी सो को प्रतिवेदन भूमि प्रशासन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्रतिवेदन प्राप्त भएपछि भूमि प्रशासन अधिकृतले सो विषयमा आवश्यक जाँचबुझ गरी ऐन तथा यी नियमहरु बमोजिम जग्गाधनी र मोही बीच जग्गा बाँडफाँड सम्बन्धी निर्णय गर्नेछ ।

╾२४ज. **जग्गा रोक्का राख्न सक्ने:** ऐन बमोजिम जग्गा बाँडफाँड गरी पाउँ भनी मोहीको निवेदन परेपछि सो निवेदनमा टुङ्गो नलागेसम्म त्यस्तो जग्गा कुनै किसिमले हक हस्तान्तरण हुन नपाउने गरी रोक्का राखी बाँडफाँडको कारवाही गरिनेछ ।

σ२५. **अधिकारी तोक्ने:** ρ(१) ऐनको परिच्छेद-७ र दफा ३८ को प्रयोजनको लागि अधिकारीमा भूमि प्रशासन अधिकृतलाई तोकिएकोछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले उक्त प्रयोजनको लागि ट्रिव्यूनलको गठन गरेकोमा सो ट्रिव्यूनल सम्बन्धित जिल्लामा रहेको अवस्थामा सो अवधिभर सो अधिकार उक्त ट्रिव्यूनलले नै प्रयोग गर्नेछ र भूमि प्रशासन अधिकृत छेउ परेको सम्बन्धित उजुरी पनि सोही ट्रिव्यूनलमा सर्नेछ ।

## परिच्छेद -४

## अनिवार्य बचत तथा ऋणको व्यवस्था

╾ चौधौं संशोधनद्वारा थप ।

σ आठौं संशोधनद्वारा संशोधित ।

ρ तेह्रौं संशोधनद्वारा संशोधित ।

⌘२६. **अनिवार्य बचतको दर र सो जम्मा गर्ने म्याद:** (१) ऐनको दफा ४० बमोजिम अनिवार्य बचत जम्मा गर्नु पर्ने प्रत्येक जग्गावाला र मोहीले आफ्नो वा आफूले कमाएको जग्गाको मुख्य वार्षिक उब्जनी बालीको देहाय बमोजिमको अनिवार्य बचत नियम २८क. अन्तर्गत गठित नगर वा ग्राम समिति (यस पछि समिति भनिएको) मा जम्मा गर्नु पर्ने गरी तोकिएकोछः-

(क) प्रत्येक जग्गावालाले आफूले कमाएको जग्गाको बिगाहा १ को १/२ आधा मन र १ रोपनीको तीन मानाका दरले,

(ख) प्रत्येक मोहीले सो हैसियतले कमाएको जग्गाको बिगाहा १ को ६ सेर र रोपनी १ को १ मानाको दरले,

(ग) प्रत्येक जग्गावालाले अरूलाई कमाउन दिएको जग्गाको बिगाहा १ को १४ सेर र रोपनी १ को २ मानाको दरले ।

तर वार्षिक उब्जनीको आधा भन्दा कम कूत लिने चलन भएको क्षेत्रमा भने प्रत्येक मोहीले सो हैसियतले कमाएको जग्गाको बिगाहा १ को १४ सेर र रोपनी १ को २ मानाको दरले, प्रत्येक जग्गावालाले अरूलाई कमाउन दिएको जग्गाको बिगाहा १ को ६ सेर र रोपनी १ को १ मानाको दरले अनिवार्य बचत गर्नु पर्नेछ ।

(२) खाद्यान्न बाहेक अरू नगदी बाली लागेको जग्गाको हकमा उपनियम (१) मा उल्लेख गरिए बमोजिम नेपाल सरकारले निर्धारण गरेको जिन्सी बराबरको नगदीमा अनिवार्य बचत जम्मा गर्नुपर्छ ।

(३) प्रत्येक बचतकर्ताले प्रति वर्षको उपनियम (१) र (२) मा लेखिए बमोजिमको बचत देहाय बमोजिमको जग्गाको सम्बन्धमा देहाय बमोजिमको समयभित्र बुझाई सक्नुपर्छः-

(क) तराई र भित्री मधेशको जग्गाको सम्बन्धमा फागुन मसान्त सम्म ।

(ख) काठमाडौं उपत्यका र पहाडको जग्गाको सम्बन्धमा माघ मसान्त सम्म।

(४) कुनै साल जग्गा कमाउने व्यक्तिको काबुभन्दा बाहिरको परिस्थिति परी जग्गामा बाली लगाउन नसकेमा वा बिल्कुल उब्जनी नभएमा वा उब्जनी भए तापनि बाली नष्ट भएमा सो जग्गा कमाउने व्यक्तिले यथासम्भव चाँडो त्यसको सूचना समितिलाई दिनुपर्छ र समितिले जाँची बुझी साँचो ठहऱ्याएमा सम्बन्धित भूमि प्रशासन अधिकृतको निकासा लिई सो सालको उपनियम (१) र (२) बमोजिम जम्मा गर्नु पर्ने बचत सम्बन्धित मोही र जग्गा धनीलाई जम्मा गर्नु नपर्ने गरी छुट दिन सक्नेछ ।

⌘ सातौं संशोधनद्वारा संशोधित ।

(५) उपनियम (४) बमोजिम बचत बुझाउन छुट पाएका व्यक्ति बाहेक उपनियम (३) बमोजिम म्याद भित्र बचत नबुझाउने व्यक्तिहरूको नामावली बचत बुझाउने म्याद नाघेको १५ दिन भित्र समितिले भूमि प्रशासन अधिकृत छेउ पेश गर्नुपर्छ ।

⌘२६क. **अनिवार्य बचत तथा कृषि ऋणलाई नगदीमा परिणत गर्ने:** (१) ऐनको दफा ४१, को उपदफा (२) र दफा ४६ (क) को प्रयोजनको लागि समितिमा नेपाल सरकारबाट गठित जिल्ला मोल निर्धारण समिति तोकिएको छ ।

(२) उपनियम (१) बमोजिम जिल्ला मोल निर्धारण समितिले जिन्सी बचतलाई नेपाल सरकारबाट स्वीकृत गरिएको भाउमा मोल निर्धारण गर्नेछ । मोल निर्धारण गर्दा सो सालको बाली कटानी फंडानी हुंदाको स्थानीय प्रचलन दरलाई आधार मानी निर्धारण गर्नेछ र यसरी मोल निर्धारण गर्दा सम्बन्धित जिल्लाको क्षेत्र वा गाउँपालिका वा नगरपालिका छुट्याई मोल निर्धारण गर्न पनि सकिनेछ ।

Π२६ख.**जिन्सी ऋण दिने र बढी जिन्सी मौज्दात बिक्री गर्ने:** (१) नियम २६क. को उपनियम (२) अन्तर्गत मोल निर्धारण भएपछि सो दर भाउमा नघटाई समितिले ऋण दिनु पर्छ र बढी जिन्सी मौज्दात बिक्री गर्दा सो भाउमा बढाबढ गराई हुन आएको दर भाउमा बिक्री गर्न सक्नेछ । यस विषयको प्रयोजनको लागि वर्षको एक पटक मोल निर्धारण गरिनेछ ।

(२) उपनिय (१) बमोजिम जिन्सी मौज्दात बढाबढ गर्दा निर्धारित भाउमा बिक्री हुन नसकेमा नेपाल सरकारको निर्णयानुसार गर्नु पर्छ ।

⌘२७. **बचतको रसीद दिने:** (१) ऐनको दफा ४० बमोजिम प्रत्येक जग्गावाला वा मोहीबाट समितिमा जम्मा हुन आएको रकमको अनुसूची-१०(क) मा तोकिएको ढाँचा बमोजिमको प्रमाणपत्र वा अनुसूची-१० मा तोकिएको ढाँचा बमोजिमको रसिद दिनुपर्छ र त्यस्तो रसीदमा क्रमसंख्या राखी ३ प्रति बनाई एक प्रति बचतकर्तालाई दिनुपर्छ र दोश्रो प्रति भूमि प्रशासन अधिकृत कहाँ पठाउनु पर्छ र तेश्रो प्रति आफू कहाँ राख्नु पर्छ । त्यस्तो रसीदमा समितिका तर्फबाट सो समितिको अध्यक्षले वा निजको अनुपस्थितिमा समितिले तोकेको एकजना सदस्यले सहीछाप गरेको हुनुपर्छ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र दिईएकोमा बुझाउन ल्याएको बचत रकम सो प्रमाणपत्रमा चढाई ग्राम समितिका तर्फबाट समितिको अध्यक्ष वा निजको अनुपस्थितिमा समितिले तोकेको एक जना सदस्यले र सो कामको लागि तोकिएको कर्मचारी भए निजले समेत सहीछाप गरेको हुनुपर्छ ।

⌘२८. **बचत रकमको जिम्मा:** (१) समितिले उठाएको नगदी र जिन्सी बचत रकमको छुट्टा छुट्टै हिसाब समितिले दुरूस्त राख्नेछ ।

---

Π सातौं संशोधनद्वारा थप ।

⌘ सातौं संशोधनद्वारा संशोधित ।

(२) मसलन्दको लागि असूल भएको बचत रकमको ½ प्रतिशत छुट्याई र ऋण वितरण गर्ने समयमा नगदी रू. ५००।- मौज्दात बाँकी राखी बढी रकम ७ दिनभित्र भूमिसुधार बचत संस्थानको खातामा वा सम्बन्धित भूमिसुधार कार्यालयमा जम्मा गर्नुपर्छ ।

तर समितिले यो उपनियम बमोजिम राख्न सक्ने मौज्दातको रकमलाई लामो अवधिसम्म निष्क्रीय रहने गरी राख्नु हुँदैन ।

(३) समितिले उठाएको बचतको रकम दुरूपयोग वा हिनामिना भएमा समितिका सबै सदस्यहरू सामूहिक र व्यक्तिगत रूपले जवाफदेही हुनेछन् र त्यस्तो हिनामिना भएको रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

⌘२८क. **<u>ग्राम समिति तथा नगर समितिको गठनः</u>** (१) प्रत्येक स्थानीय नगरपालिका र गाउँपालिका समितिमा भूमि प्रशासन अधिकृतले क्रमशः नगर समिति र ग्राम समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित समितिमा स्थानीय ρ<u>गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख र उपाध्यक्ष वा उपप्रमुख</u> वा निजहरूको काम सम्हाल्ने व्यक्तिहरू अध्यक्ष र उपाध्यक्ष रहने छन् ।

(३) स्थानीय गाउँपालिका वा नगरपालिकाका सबै वडाका निर्वाचित सदस्यहरू समितिका सदस्य मनोनीत हुनेछन् ।

(४) स्वीकृत नीति र कार्यक्रमको अधिनमा रही समितिको काममा मद्दत गर्न भूमि प्रशासन अधिकृतले एकजना कर्मचारी सदस्य सचिव हुने गरी खटाउन सक्नेछ ।

(५) समिति गठन नभएको स्थानीय गाउँपालिका वा नगरपालिकामा सो गाउँपालिका वा नगरपालिका भित्रका वडा समितिलाई आ-आफ्नो वडामा समिति सहरकै काम, कर्तव्य तथा अधिकार हुनेछ । वडा समितिका सदस्यहरूले समितिका सदस्यहरूले पाउने सरह नै पारिश्रमिक पाउने छन्।

⌘२८ख.**<u>समितिले ऋण लिन सक्ने:</u>** समितिले आवश्यक परेमा बचत संस्थान सँग ऋण लिन सक्नेछ ।

⌘२८ग.**<u>समितिको संचालनः</u>** (१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ, त्यस्तो बैठकको गणपुरक संख्या अध्यक्ष समेत गरी कूल सदस्य संख्याको एकतिहाई हुनेछ । गणपूरक संख्या नपुगी बैठक हुन नसकेकोमा अध्यक्ष र सचिवको निर्णय अनुसार गरिनेछ ।

(२) समितिको बैठक बचत ऋण असूली र ऋण वितरण गर्ने समय भन्दा पहिले अनिवार्य रूपले र पछि आवश्यकतानुसार बस्नेछ ।

(३) ऋण दिन र असूल गर्न समितिले ऐन नियमको अधीनमा रही आफ्नो कार्यक्रम बनाउनेछ।

---

⌘ सातौं संशोधनद्वारा संशोधित ।

ρ तेन्हौं संशोधनद्वारा संशोधित ।

⌘ सातौं संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) भूमि प्रशासन अधिकृतले बैठक बसाल्ने निर्देशन दिएमा समितिको बैठक बस्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको एक तिहाई सदस्यले लिखित रूपमा बैठकको माग गरेमा अध्यक्षले वा उपाध्यक्षले बैठक नबोलाएमा भूमि प्रशासन अधिकृतले आफै बैठक बोलाउने वा सदस्य सचिवलाई बैठक बोलाउन आदेश दिन सक्नेछ ।

(६) समितिको अनुमति बिना मनासिब माफिकको कारण नभै लगातार ३ पटक सम्म बैठकमा अनुपस्थित हुने अध्यक्ष, उपाध्यक्ष वा सदस्यले अनुपस्थितिको अवधिको लागि यी नियमहरू बमोजिमको पारिश्रमिक पाउने छैन ।

(७) बचतको हिनामिना ऋणको दुरूपयोग तथा नियम र कार्यक्रमको प्रतिकूल व्यवहार गरेमा सो गर्ने अध्यक्ष, उपाध्यक्ष तथा सदस्यको सट्टा भूमि प्रशासन अधिकृतले अर्को पदाधिकारी वा सदस्य मनोनीत गर्न सक्नेछ ।

(८) उपनियम (५) बमोजिम अध्यक्ष, उपाध्यक्ष वा सदस्यहरू अनुपस्थित भएको वितरण सम्बन्धित समितिले यथाशीघ्र भूमिसुधार कार्यालयमा पठाउनु पर्छ र कारण मनासिब नभएको निर्णय भूमि प्रशासन अधिकृतले गर्नेछ ।

(९) समितिले आफ्नो कार्यविधि आफै तोक्न सक्नेछ ।

⊙२९. **अधिकारी र समिति तोक्ने:** ऐनको दफा ४४, ४५, ५० र ५१ को प्रयोजनको निमित्त अधिकारीमा जिल्ला भूमि प्रशासन अधिकृतलाई र दफा ४६, ४७ र ४८ को प्रयोजनको निमित्त समितिमा ֎समितिलाई तोकिएकोछ ।

३०. **कृषि सम्बन्धी ऋणको फाँटवारी दाखिल गर्ने सूचना:** ऐनको दफा ४४ को उपदफा (१) बमोजिम जिल्ला भूमि प्रशासन अधिकृतले सूचना जारी गर्दा अनुसूची-११ बमोजिमको ढाँचामा आफ्नो कार्यालय स्थानीय जिल्ला समन्वय समिति तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट टाँस गर्नु गराउनु पर्छ ।

(२) उपरोक्त सूचना बमोजिम कृषि सम्बन्धी ऋणको साँवा र व्याज र फिर्ता गरी लिनु पर्ने गोरू र कृषिका अन्य साधनको फाँटवारी सम्बन्धित साहुले दाखिल गर्दा अनुसूची-१२ बमोजिमको ढाँचामा दाखिल गर्नु गराउनु पर्छ ।

३१. **ऋणको साँवा र व्याजको वास्तविक रकम निश्चित गर्ने:** (१) ऐनको दफा ४४ बमोजिम फाँटवारी दाखिल भएपछि जिल्ला भूमि प्रशासन अधिकृतले सो फाँटवारी र उपनियम (३) बमोजिम लिइएको लगत भिडाई सम्बन्धित साहु असामी र साक्षीहरू समेत बुझ्नु पर्ने देखेमा बढीमा ३५ दिनसम्मको म्याद दिई झिकाई आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम आवश्यक जाँचबुझ गरी र ऐनको दफा ४९ बमोजिम जग्गावालाले खेतीको कामको निमित्त मोहीलाई दिएको गोरू वा कृषिको अन्य साधनको मोल

---

⊙ चौथो संशोधनद्वारा संशोधित ।

स्थानीय गाउँपालिका वा नगरपालिकाबाट कायम गराई जिल्ला भूमि प्रशासन अधिकृतले प्रत्येक साहु र असामी किसानको सम्बन्धमा चालू वर्षको र सो अघिको छुट्टा छुट्टै कृषि सम्बन्धी ऋणको वास्तविक रकम निश्चित गरी अनुसूची-१३ बमोजिमको ढाँचामा त्यसको फाँटवारी तयार गरी जिल्ला भूमि प्रशासन अधिकृतको कार्यालयको सूचना बोर्डमा टाँसी प्रकाशित गर्ने र त्यसको एक प्रति सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वार्ड समितिमा समेत पठाई दिनु पर्दछ ।

(३) किसानहरूले साहुबाट लिएको ऋण सम्बन्धी लगत भूमि प्रशासन टोलीले पनि अनुसूची-१४ मा तोकिएको ढाँचामा लिनेछ ।

३२. **असामी किसानहरूबाट ऋण असुल गर्ने:** (१) नियम ३१ को उपनियम (२) बमोजिम भूमि प्रशासन अधिकृतले प्रत्येक असामी किसानको सम्बन्धमा निश्चित गरेको वास्तविक ऋण मध्ये चालू वर्षको ऋणको साँवा र त्यसको ऐन बमोजिमको व्याज असामी किसानबाट मुख्य उब्जनी वाली काटेपछि तुरून्तै असूल उपर गर्नुपर्छ । चालू वर्ष भन्दा अघिको पुरानो ऋणको हकमा त्यसको साँवा र ऐन बमोजिमको व्याज असामी किसानबाट एक मुष्ट वा ५ वार्षिक किस्ता सम्ममा असूल उपर गर्नुपर्छ। किस्ताको रकम प्रत्येक वर्षको मुख्य उब्जनी बाली काटेपछि तुरून्तै असूल उपर गर्नुपर्छ । ⌘समितिले असूल उपर गरेको ऋणको अनुसूची-१५ मा तोकिएको ढाँचाको रसीद सम्बन्धित किसानलाई दिनुपर्छ ।

तर नियम ३१ को उपनियम (२) बमोजिम कृषि सम्बन्धी ऋणको वास्तविक रकम निश्चित भएपछि सोही बमोजिम हिसाब मिलाउने गरी उक्त रकम निश्चित नहुंदै पनि ⌘समितिले नियम ३१ को उपनियम (३) बमोजिम लिइएको लगतको आधारमा असामी किसानसँग चालू वर्षको ऋणको साँवा र व्याज मुख्य उब्जनी बाली काटेपछि तुरून्तै असूल उपर गर्न सक्नेछ र त्यसको रसीद अनुसूची-१५ मा तोकिएको ढाँचामा सम्बन्धित किसानलाई दिनु पर्दछ ।

(२) उपनियम (१) अनुसार असूल भएको रकमको 🕮लिखित सूचना सम्बन्धित साहुलाई अनुसूची-१९ मा तोकिए बमोजिमको ढाँचामा दिनु पर्दछ तथा हिसाब किताब दुरूस्त राख्नुपर्छ र सो रकम हिनामिना भएमा ⌘समितिका सबै सदस्यहरू सामूहिक र व्यक्तिगत रूपले जवाफदेही हुने छन् ।

▣(३) ..................

३३. **किसानहरूलाई ऋण उपलब्ध गराउने:** माथिका नियमहरू अनुसार अनिवार्य बचत रकम र कृषि सम्बन्धी ऋणको असूलीबाट जम्मा भएको रकमलाई यसपछिको नियमहरूमा लेखिएको शर्त र तरीका अनुसार ⌘समितिद्वारा किसानहरूलाई ऋण उपलब्ध गराउने काममा प्रयोग गरिनेछ ।

---

⌘ सातौं संशोधनद्वारा संशोधित ।

🕮 पाँचौं संशोधनद्वारा थप ।

▣ चौंथो संशोधनद्वारा खारेज ।

⌘३४. **ऋण दिने प्रयोजनः** (१) यी नियमहरू अन्तर्गत समितिले आफ्नो क्षेत्र भित्रका बचत बुझाउने किसानलाई देहायको कुनै प्रयोजनको लागि ऋण दिनेछ । त्यस्तो किसानले प्रमाणपत्र पाएको रहेछ भने सो लिएको ऋण रकम प्रमाणपत्रमा जनाई दिनुपर्छ ।

(क) बीउ लगाउन,

(ख) खान,

(ग) खेतालालाई ज्याला दिन,

(घ) मल तथा कृषि औजार किन्न,

(ङ) मालपोत वा पानी पोत तिर्न,

(च) गोरू किन्न वा भाडामा लिन,

(छ) बिरामी भएको अवस्थामा साधारण उपचारको लागि,

(ज) बिहाबारीको निमित्त (रू. १५०।- सम्म),

(झ) काज क्रियाको निमित्त (रू. ५०।- सम्म),

(ञ) सिंचाइको निमित्त, बाँध, पैन, कुलो बनाउन, इनार, पोखरी खन्न, मरमत गर्न वा पाइप वा पावर मिशिन किन्न,

(ट) टयाक्टर किन्न वा भाडामा लिन,

(ठ) कृषि विकासको लागि कृषिसँग सम्बन्धित उद्योग खोल्न वा व्यवस्था गर्न,

(ड) आफू मोही भै कमाएको जमीन खरीद गर्न ।

(२) काबु बाहिरको कारणले ऋण तिर्न नसकेकोमा बाहेक लिएको ऋण नतिर्ने व्यक्तिलाई ऋण चुक्ता नगरेसम्म पुनः थप ऋण दिइने छैन ।

(३) साधारणतः मल, बीउ, औजार, गोरू, किटाणुनाशक औषधीको कामका लागि बाहेक अरू कामको लागि जम्मा गरेको बचत भन्दा बढी बिना धितो ऋण दिइने छैन ।

(४) समितिले उपनियम (१) बमोजिम दिएको ऋण र बचत संस्थाबाट प्राप्त रकमबाट वितरण भएको ऋण जुन उद्देश्य र कार्यको लागि दिइएको हो सोही उद्देश्य वा कार्यमा मात्र सो ऋणको प्रयोग गर्नु गराउनु पर्नेछ ।

३५. **ऋणको किसिम र प्राथमिकताः** (१) यी नियमहरू अन्तर्गत किसानहरूलाई ऋण दिंदा आगामी मुख्य उब्जनीको बालीको कटनी हुँदा फिर्ता भुक्तानी लिने गरी दिनु पर्दछ ।

⊕तर आगामी मुख्य उब्जनी बालीको कटनी हुँदा कुनै किसानले कुनै कारणबश ऋण फिर्ता भुक्तानी गर्न सक्ने अवस्था नभएमा र जिल्ला भूमि प्रशासन अधिकृतले मुनासिब देखेमा

⌘ सातौं संशोधनद्वारा संशोधित ।

⊕ दोस्रो संशोधनद्वारा थप ।

नेपाल सरकारको स्वीकृति लिई त्यस्ता किसानको ऋण फिर्ता भुक्तानी गर्न आवश्यक थप म्याद दिन सक्नेछ ।

(२) किसानहरूलाई खान र खेताला लगाउनको निमित्त ऋण दिंदा एक एक महिनाभन्दा बढी अवधिका लागि एकै पटक ऋण नदिई पटक पटक गरी दिइनेछ ।

(३) किसानलाई ऋण दिंदा निजको नभई नहुने आवश्यकता हेरी अनि मात्र दिईनेछ र मुख्य बाली उठ्न सक्ने रकम भन्दा बढी ऋण दिइने छैन ।

(४) किसानहरूलाई दिइएको ऋणको हिसाब किताब ⌘समितिले दुरूस्त राख्नु पर्दछ ।

(५) आफूले किसानलाई दिएको ऋण असूल गर्नको निमित्त ⌘समितिले आवश्यक परेमा किसानको चल अचल सम्पत्ति लिलाम बढाबढ गरी असूल उपर गर्न सक्नेछ र त्यस्तो चल अचल सम्पत्तिमा ⌘समितिको सबभन्दा पहिलो हकदाबी हुनेछ ।

📖(६) ⌘समितिबाट किसानहरूलाई ऋण दिंइदा ऋण भुक्तानी गर्ने अवधि तोकी कबुलियत गराई दिइनेछ र ऋण भुक्तानी भएपछि त्यसको रसीद अनुसूची—२० मा तोकिए बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

३६. **व्याजको दरः** यी नियमहरू अन्तर्गत दिइने नगदी र जिन्सी दुबै किसिमको ऋणको ब्याज वार्षिक सयकडा १० का दरले लिइनेछ ।

३६क. **ऋण असूल गर्नेः** (१) यी नियमहरू अन्तर्गत किसानलाई दिएको ऋण सो ऋण दिंदाको शर्त अनुसार सो शर्तमा उल्लिखित अवधिभित्र असूल गर्नु पर्छ ।

तर सम्बन्धित बाली कटानी हुदा कुनै किसानले कुनै दैवी कारणवश ऋण भुक्तानी गर्न नसक्ने अवस्था भएमा र जिल्ला भूमि प्रशासन अधिकृतले त्यस्तो कारण मुनासिब देखेमा त्यस्ता किसानलाई ऋण भुक्तानी गर्न आवश्यक थप म्याद दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋण असूल गर्दा जिन्सीमा ब्याजको अतिरिक्त सयकडा ३ का दरले जति पनि असूल गरिनेछ ।

(३) लगानी भएको जिन्सी ऋण र त्यसको व्याज असूल गर्दा जिन्सीमा नै असूल हुन नसक्ने भएमा जिन्सीको सट्टा निर्धारित दरमा नगदीमा असूल गर्न सकिनेछ ।

(४) लगानी भएको ऋण म्यादभित्र असूल हुन नसकेमा त्यस्तो ऋण दिने समितिले म्याद नाघेको ३५ दिनभित्र ऋण चुक्ता नगर्नेहरूको नामावली जिल्ला भूमि प्रशासन अधिकृतकहाँ पठाउनेछ र जिल्ला भूमि प्रशासन अधिकृतले त्यस्तो ऋण सरकारी बाँकी सरह असूल उपर गर्न सक्नेछ ।

---

⌘ सातौं संशोधनद्वारा संशोधित ।

📖 पाँचौं संशोधनद्वारा थप ।

(५) उपनियम (१), (२), (३) र (४) बमोजिम पूरा वा आंशिक ऋण असूल हुँदा त्यसको रसीद अनुसूची-२० मा तोकिए बमोजिमको ढाँचामा दिनुपर्छ र प्रमाणपत्र पाएकोमा सो कुरा प्रमाणपत्रमा समेत जनाई दिनुपर्छ ।

३७. **<u>वडा समितिको बैठकको कार्यविधिः</u>** (१) वडा समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा वडा समितिको बैठक हुनेछ ।

(२) वडा समितिको बैठक गर्नलाई कम्तीमा २ जना सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।

⌘३८. **<u>समितिका सदस्यहरूलाई पारिश्रमिकः</u>** (१) कमिशन नपाउने गरी तोकिएको ऋण बाहेक समितिबाट लगानी भएको ऋणको व्याजबाट प्राप्त रकममध्ये समितिको कोषको लागि १० प्रतिशत छुट्याई अनिवार्य बचत रकमको संरक्षण र संचालनको निमित्त आवश्यक मसलन्द र अरू आवश्यक काममा ५ प्रतिशत नबढाई खर्च गरी ३० प्रतिशत समितिका सदस्यले र नियम ३९ग. बमोजिम हिसाब किताबको जिम्मेवारी लिने व्यक्ति समेतले सोही नियममा लेखिए बमोजिम पाउने छन् ।

(२) उपनियम (१) बमोजिम पाउने बाहेक समितिका सदस्यहरूले आफूले वर्ष भरिमा संकलन गरेको बचत रकमको १ प्रतिशतले हुन आउने रकम समेत पाउने छन् ।

(३) समितिको कोषको लागि छुट्याएको कमिशनको प्रतिशत समितिको कोषमा जम्मा गरिनेछ।

३९. **<u>वडा समिति र ⌘समितिको निरीक्षणः</u>** वडा समिति र ⌘<u>समितिले</u> हिसाब किताब दुरूस्त राखे नराखेको तथा अरू काम रीतपूर्वक गरे नगरेको जाँच गर्नको लागि भूमि प्रशासन अधिकृतले निरीक्षकहरू खटाउन सक्नेछ । यस्ता निरीक्षकहरूले दिएको निर्देशन पालन गर्नु वार्ड समिति र ⌘<u>समितिको</u> कर्तव्य हुनेछ।

Π३९क.**<u>हिसाब किताबः</u>** (१) समितिले आफ्नो कारोबारको लेखा जिल्ला भूमि प्रशासन अधिकृतले दिएको निर्देशन बमोजिम ठीक दुरूस्त राख्नुपर्छ र भए गरेको कारोबारको फाँटवारी जिल्ला भूमि प्रशासन अधिकृत छेउ पठाउनु पर्छ ।

(२) समितिले हिसाब किताब ठीक दुरूस्त राखे नराखेको तथा अरू काम ठीक दुरूस्तसँग गरे नगरेको जाँच गर्नको लागि जिल्ला भूमि प्रशासन अधिकृतले कर्मचारी खटाउन सक्नेछ ।

Π३९ख.**<u>बर-बुझारथः</u>** (१) समितिको अध्यक्ष वा सदस्य हेरफेर भएमा आफू जिम्माको नगदी जिन्सी हिसाब किताब र सो सम्बन्धी कागजात तुरून्त हालवालालाई वा सो नभए समितिको सचिवलाई वर बुझारथ गर्नु पर्छ ।

---

⌘ सातौं संशोधनद्वारा संशोधित ।

Π सातौं संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम बर-बुझारथ गरी दिएको एक प्रतिलिपि जानकारीको लागि भूमि प्रशासन कार्यालयमा पठाउनु पर्छ ।

Π३९ग.**<u>हिसाब किताबको जिम्मेवारीः</u>** समितिको हिसाब किताब ठीक दुरूस्त राख्ने सम्पूर्ण जिम्मेवारी सदस्य सचिव भएको समितिमा निजको हुनेछ र निज नभएको समितिमा समितिको अध्यक्षको वा समितिले तोकेको व्यक्तिको हुनेछ । त्यस्तो हिसाब किताब राख्ने सदस्यले समितिका सदस्यहरूले सामूहिक रूपमा पाउने पारिश्रमिक रकम मध्ये २५ प्रतिशत निजलाई दिई बाँकी रहेको अरू सदस्यहरूले दामासाहीले पाउनेछन् ।

Π३९घ.**<u>बहुमुखी सहकारी संस्थाले गरेको काम गर्नेः</u>** (१) नेपाल सरकारले तोकिदिएमा नियम २८क. को उपनियम (१) बमोजिम गठित समितिले नेपाल सरकारद्वारा निर्धारित रकमबाट बहुमुखी सहकारी संस्थाले गर्ने काम गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै समिति बहुमुखी सहकारी संस्थाको काम गर्ने गरी तोकिएमा सो संस्थाको हैसियतमा सो समितिको क्षेत्र अन्तर्गत पर्ने अरू समितिले नियम २६ बमोजिम बचत मात्र उठाउने गरी जिल्ला भूमि प्रशासन अधिकृतले निर्देशन दिन सक्छ ।

Π३९ङ.**<u>समितिका सदस्यहरूको पारिश्रमिकः</u>** नियम ३९घ. बमोजिम बहुमुखी सहकारी संस्थाको काम गर्ने समितिका सदस्यहरू र हिसाब किताबको जिम्मेवारी हुनेले कारोवारमा भएको खूद नाफामध्ये ३० प्रतिशत बचत संरक्षण कोषमा जम्मा गरी बाँकी ७० प्रतिशत वा नियम ३८ को उपनियम (१) बमोजिम हुने रकम, जुन बढी हुन्छ सो हिसाबले नियम ३९ग. मा तोकिए बमोजिम पारिश्रमिक पाउने छन् ।

**परिच्छेद-४क.**

×................

**परिच्छेद-४ख.**

×................

**परिच्छेद -५**

**<u>विविध</u>**

▣४०. ..................

४१. **<u>भूमि प्रशासन अधिकृतहरूको नियुक्तिः</u>** ऐन र यी नियमहरूलाई कार्यान्वित गर्न नेपाल सरकारले प्रत्येक जिल्लाको निमित्त एक एक जना जिल्ला भूमि प्रशासन अधिकृत र त्यस्तो अधिकारीलाई

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

× अठारौं संशोधनद्वारा खारेज ।

× अठारौं संशोधनद्वारा खारेज ।

▣ चौंथो संशोधनद्वारा खारेज ।

विभिन्न कार्यमा मद्दत गर्न अरू आवश्यक कर्मचारी नियुक्ति गर्नेछ ।⁂त्यसरी भूमि प्रशासन अधिकृत नियुक्त नभएको जिल्लामा सोही जिल्लाको कुनै अधिकृतलाई भूमि प्रशासन अधिकृतको काम गर्न तोक्न सक्नेछ ।

●४१क.**समिति गठन गर्ने:** (१) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जिल्लामा ऐन बमोजिम तोकिएको अधिकारीले गर्नु पर्ने काम कारवाई मध्ये सोही सूचनामा तोकिएको काम कारवाई गर्नको लागि अध्यक्ष लगायत तीन जना सदस्य भएको एक समिति गठन गर्न सक्नेछ।

(२) समितिले अध्यक्ष र अर्को एक जना सदस्यको उपस्थितिमा उपनियम (१) बमोजिम तोकिएको सबै काम कारवाई र किनारा गर्न सक्नेछ । तर कारवाईको हकमा समितिको अध्यक्ष वा कुनै सदस्यले गर्न सक्नेछ ।

(३) समितिले काम कारवाई वा किनारा गर्दा सदस्यहरूको भिन्दा भिन्दै राय भई बहुमत कायम हुन नसकेमा अध्यक्षको राय बमोजिम गर्नु पर्नेछ ।

(४) कुनै जिल्लामा उपनियम (१) बमोजिम समिति गठन भई कायम रहुन्जेल सम्म सो समितिले गर्ने भनी तोकिएका काम कारवाई अन्य अधिकारीले गर्न पाउने छैन ।

❋**४१क१. भूमि समस्या समाधान समिति :** (१) ऐनको दफा ५२ग१. बमोजिम नेपाल राज्यभरका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको भूमि समस्या समाधान समिति रहनेछ :-

(क) नेपाल सरकार, मन्त्रिपरिषद्ले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष

(ख) कम्तीमा स्नातक उपाधि प्राप्त गरी भूमि व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएका व्यक्तिहरूमध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले नियुक्त गरेका कम्तीमा एकजना महिलासहित तीन जना विज्ञ - सदस्य

(ग) मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य-सचिव

---

⁂ दशौं संशोधनद्वारा थप ।

● एघारौं संशोधनद्वारा संशोधित ।

❋ एक्काइसौं संशोधनद्वारा थप ।

(२) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम नियुक्तिका लागि प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्त हुन अयोग्य नरहेको व्यक्ति हुनु पर्नेछ।

(३) समितिको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ।

*४१क२. **<u>समितिका अध्यक्ष तथा सदस्यको पदावधि</u>** : (१) समितिका अध्यक्ष तथा नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमका सदस्यको पदावधि निजहरूको नियुक्ति भएको मितिले पाँच सय दिनको हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ४१क२०. बमोजिम समितिको कार्यावधि थप भएकोमा नेपाल सरकारले समितिका अध्यक्ष तथा नियम ४१क१. बमोजिमका सदस्यको पदावधि बढीमा एक सय दिन थप गर्न सक्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको अध्यक्ष र नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमका सदस्यलाई नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको कुनै अवस्थामा जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) शारीरिक तथा मानसिक रूपले अशक्त भई कार्यसम्पादन गर्न असमर्थ भएमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा वा प्रचलित कानूनबमोजिम अयोग्य भएमा,

(ङ) नियम ४१क२३. को उपनियम (४) बमोजिम पदबाट हटाउन मन्त्रालयबाट सिफारिस भई आएमा।

(४) उपनियम (३) बमोजिम पदबाट हटाउनु अघि सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

*४१क३. **<u>समितिका अध्यक्ष वा सदस्यको पद रिक्त हुने अवस्था</u>** : समितिको अध्यक्ष वा नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्यको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :-

* एक्काइसौं संशोधनद्वारा थप ।

(क) नियम ४१क२. को उपनियम (१) वा (२) बमोजिम निजको पदावधि समाप्त भएमा,

(ख) नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष राजीनामा दिएमा,

(ग) नियम ४१क२. को उपनियम (३) बमोजिम पदबाट हटाइएमा, वा

(घ) निजको मृत्यु भएमा।

*४१क४.**समितिको काम, कर्तव्य र अधिकार** : (१) यी नियमहरूमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको लागि आधार र मापदण्ड तोक्ने,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनको लागि आवश्यक ढाँचा स्वीकृत गर्ने,

(ग) नियम ४१क१२. को उपनियम (२) र (३) बमोजिमको काम निर्धारित समय सीमाभित्र सम्पन्न नहुने अवस्था देखिएमा त्यस्तो कार्य गर्ने,

(घ) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको जग्गामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरू संवत् २०६६ साल माघ २८ गते अगावैदेखि बसोबास गरेको प्रमाणित भएमा जग्गा नापजाँच सम्बन्धी प्रचलित कानूनको अधीनमा रही जग्गा नापजाँच गर्ने, गराउने :-

(१) ऐनको दफा ५२ख. को उपदफा (४) को प्रतिकूल नहुने गरी नदी उकास लगायतका सरकारी जग्गा,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

* एक्काइसौं संशोधनद्वारा थप ।

(२) प्रचलित कानूनबमोजिम हदबन्दी भन्दा बढी भई प्राप्त वा जफत भएको जग्गा,

तर यस्तो जग्गा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई मात्र दिन सक्नेछ।

(३) सम्बन्धित मन्त्रालयको सहमतिमा नेपाल सरकारद्वारा विशेष प्रयोजन खुलाई बसोबास गराइएका सरकारी निकायका जग्गा,

(४) सम्बन्धित मन्त्रालयको सहमतिमा बसोबास व्यवस्थापन गर्ने उद्देश्यले गठित राष्ट्रिय आवास वा पुनर्वास कम्पनीलाई दिइएको भए तापनि सो कम्पनीको नाउँमा स्रेस्ता कायम नभएको र बिक्री वितरण हुन बाँकी रहेका जग्गा,

(५) सम्पन्न भएका सरकारी आयोजनाका लागि प्रचलित कानूनबमोजिम प्राप्त गरिएका जग्गामध्ये सम्बन्धित मन्त्रालयको सहमतिमा सो आयोजनालाई आवश्यक नरहेको जग्गा,

(६) सरकारी अमानती जग्गा,

(७) लगती रसिद बमोजिम वहाल बिटौरी जग्गा,

(८) साविक लगत नभिडेका वा व्यक्ति विशेषको हकदाबी नपुगेका ऐलानी, पर्ती, आँकडा, हले, पाटे, कोदाले, विरौटा, किपट र उखडा जग्गा,

(९) अभिलेखमा वनक्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भई आवाद गुल्जार गरी बसोबास गरेका जग्गा,

(१०) नेपाल सरकारद्वारा घोषित औद्योगिक क्षेत्रमा बसोबास रहेको जग्गा,

(११) साविकमा सडक जनिने गरी नाप नक्सा भए तापनि सम्बन्धित निकायले तोकेको सडक मापदण्ड भन्दा बढी रहेको जग्गामा बसोबास रहेको र सो बसोबासले उक्त सडक जनिएको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कित्तासँग जोडिएको कित्ता असर नगर्ने भएमा त्यस्तो मापदण्ड भन्दा बढी भएको जग्गा।

(ङ) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण गर्ने,

(च) अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराएबापत ऐन तथा यी नियमहरू बमोजिम दस्तुर लिने,

(छ) स्थानीय तहबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र समितिबाट नापजाँच भएपछि स्वीकृत कार्यविधिको अधीनमा रही भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गराउने,

(ज) ऐन तथा यी नियमहरू विपरीत कुनै परिवारले जग्गा लिएको देखिन आएमा त्यसरी लिएको जग्गाको दर्ता स्रेस्ता खारेज गर्न भूमि प्रशासन कार्यालयलाई लेखी ऐनको दफा ५२घ. र नियम ४१फ. बमोजिम सजायका लागि प्रमुख जिल्ला अधिकारीसमक्ष सिफारिस गर्ने,

(झ) स्थानीय विशिष्टताको आधारमा सहरी क्षेत्रमा एकीकृत आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा उपयुक्त कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ञ) असुरक्षित बस्ती स्थानान्तरण वा एकीकृत बस्ती विकास गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नुपर्ने भएमा एकीकृत आवासका लागि जग्गाको एकीकरण गर्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ट) रैकर निजी प्रकृतिको जग्गा बाहेक अन्य सरकारी प्रकृतिको जग्गाको हकमा यो नियम प्रारम्भ हुनुअघि गठन भएका समिति वा समितिबाट एउटै जग्गाको दोहोरो स्रेस्ता कायम गरी पूर्जा वितरण गरेको देखिएमा आवश्यक छानबिन गरी आवाद कमोत नभएको व्यक्तिको नाममा कायम रहेको दर्ता स्रेस्ता खारेज गर्ने,

(ठ) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सम्बन्धित निकायसँग कागजात माग गर्ने, सम्बन्धित व्यक्तिलाई झिकाई बुझ्ने, कागज गराउने वा स्थलगत सर्जमिन गर्ने वा गराउने,

(ड) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि जग्गाको प्रकृति र उपयोगको आधारमा बाधा पर्न गएको देखिएमा समितिले आवश्यक जाँचबुझ गरी सिफारिस सहित निकासाका लागि मन्त्रालयसमक्ष पेस गर्ने,

(ढ) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा शान्ति सुरक्षा आवश्यक पर्ने देखिएमा सम्बन्धित निकायबाट आवश्यक सहयोग लिने,

(ण) मन्त्रालयले तोकेका अन्य काम गर्ने।

(२) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको सदस्य वा जिल्ला समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (घ) बमोजिमको सरकारी जग्गा नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम गरेपछि मात्र भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नु पर्नेछ।

*४१क५. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

---

* एक्काइसौं संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) बमोजिम समितिको बैठक बस्ने मिति, समय र स्थान तय भएपछि समितिको सदस्य-सचिवले बैठकको कार्यसूची, बैठक बस्ने मिति, समय र स्थान समेत खुलाई बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सोको सूचना समितिका अध्यक्ष र सदस्यलाई दिनु पर्नेछ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ, मन्त्रालय, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

तर बैठकमा आमन्त्रित विज्ञ वा पदाधिकारीलाई मत दिने अधिकार हुने छैन।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमत सदस्यको राय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

❋ ४१क६. **<u>जिल्ला भूमि समस्या समाधान समितिको गठन</u>** : (१) समितिको काम, कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न आवश्यकता र औचित्यको आधारमा मन्त्रालयले देहायबमोजिमको जिल्ला भूमि समस्या समाधान समिति गठन गर्न सक्नेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्लाभित्रको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) जिल्ला समन्वय अधिकारी -सदस्य

(घ) प्रमुख, जिल्ला सदरमुकामस्थित भूमि प्रशासन कार्यालय -सदस्य

(ङ) प्रमुख, जिल्ला सदरमुकामस्थित डिभिजन वन कार्यालय -सदस्य

(च) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय -सदस्य

(छ) प्रमुख, जिल्ला सदरमुकाम स्थित नापी कार्यालय -सदस्य-सचिव

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) जिल्ला समितिको सचिवालय सम्बन्धित जिल्लाको जिल्ला सदरमुकाम स्थित नापी कार्यालय वा जिल्ला समितिको अध्यक्षले तोकेको स्थानमा रहनेछ।

(३) उपनियम (२) बमोजिमको कार्यालय भवनमा सचिवालय तोक्न नसकिने भएमा सम्भव भएसम्म घरभाडा तिर्न नपर्ने गरी कुनै सरकारी निकायको भवन प्रयोग गर्ने कार्यलाई प्राथमिकतामा राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम कुनै सरकारी निकायको भवन उपलब्ध नभएमा घरभाडा तिर्ने गरी जिल्ला समितिले उपयुक्त स्थान छनौट गर्न सक्नेछ।

*४१क७.**<u>जिल्ला समितिको बैठक सम्बन्धी कार्यविधि</u>** : (१) जिल्ला समितिको बैठक आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) जिल्ला समितिले आवश्यकताअनुसार भूमि प्रशासनसँग सम्बन्धित विषय विज्ञ वा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर त्यस्तो विज्ञ वा कर्मचारीलाई मत दिने अधिकार हुने छैन।

(३) जिल्ला समितिको बैठकमा कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) जिल्ला समितिको बैठकमा बहुमत सदस्यको राय निर्णय मानिनेछ र मत बराबर भएमा जिल्ला समितिका अध्यक्षले निर्णायक मत दिनेछ।

(५) जिल्ला समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ।

(६) जिल्ला समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सोही समितिले निर्धारण गरेबमोजिम हुनेछ।

* ४१क८.**<u>जिल्ला समितिको काम, कर्तव्य र अधिकार</u>** : जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) जिल्लाभित्र रहेका भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीका लागि बसोबास व्यवस्थापन गर्नका लागि कार्ययोजना तर्जुमा गरी स्वीकृत गर्ने र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्ने,

(ख) आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण तालिम दिने,

* एक्काइसौं संशोधनद्वारा थप ।

(ग) समितिको काम कारबाहीका सम्बन्धमा सरोकारवालासँग छलफल र अन्तरक्रिया गर्ने,

(घ) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा देखिएका समस्या जिल्ला स्तरमा समाधान गर्न नसकिने भएमा समस्या समाधानको लागि आफ्नो रायसहित समितिमा लेखी पठाउने,

(ङ) जिल्लाभित्र रहेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने विषयमा प्रदेश सरकार, जिल्ला भित्रका स्थानीय तह र अन्य सरोकारवालाबीच आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरण सम्बन्धमा स्थानीय तहबाट भएको कार्यको अनुगमन गर्ने,

(छ) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा शान्ति सुरक्षा आवश्यक पर्ने देखिएमा सम्बन्धित निकायबाट आवश्यक सहयोग लिने,

(ज) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई प्रदान गरिएको जग्गाको जग्गाधनी दर्ता स्रेस्ता, निर्णय पुस्तिका र निर्णय मिसिल सम्बन्धित भूमि प्रशासन कार्यालयमा र नापी नक्सा तथा फिल्डबुक सम्बन्धित नापी कार्यालयलाई हस्तान्तरण गर्ने,

(झ) समितिले तोकेको अन्य काम गर्ने।

*४१क९.**<u>पारिश्रमिक तथा अन्य सुविधा</u>** : (१) समितिका अध्यक्ष, सदस्य र जिल्ला समितिका अध्यक्ष, सदस्यले अनुसूची-२०क. मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा प्राप्त गर्नेछन्।

(२) समितिको अध्यक्ष र सदस्य नियमित रूपमा सचिवालयमा हाजिर भई कार्यसम्पादन गर्नु पर्नेछ।

---

* एक्काइसौं संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) समितिका अध्यक्ष र सदस्यले गर्नुपर्ने कार्य विवरणको सम्बन्धमा समितिले आवश्यक मापदण्ड बनाई लागु गर्नेछ।

(४) समितिको अध्यक्षको नेपालभित्रको भ्रमणको स्वीकृति भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री र सदस्यको नेपालभित्रको भ्रमणको स्वीकृति समितिको अध्यक्षले गर्नु पर्नेछ।

* **४१क१०.<u>सहयोग उपलब्ध गराउनु पर्ने</u>** : (१) समिति र जिल्ला समितिले यी नियमहरू बमोजिमको कार्यसम्पादनको लागि आवश्यक पर्ने कागजात, विवरण, जग्गा दर्तासँग सम्बन्धित मिसिल तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई दिन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा सो अन्तर्गतका निकायमा अनुरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा सम्बन्धित निकायले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ।

*४१क११. **<u>कार्ययोजना बनाई काम गर्नुपर्ने</u>** : (१) यी नियमहरूको कार्यान्वयन गर्न समितिले स्पष्ट लक्ष्य सहितको कार्ययोजना र कार्यतालिका बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम समितिले बनाएको कार्ययोजना र कार्यतालिकाको अधीनमा रही जिल्ला समितिले स्पष्ट लक्ष्य सहितको कार्ययोजना र कार्यतालिका बनाई आफ्नो कार्यसम्पादन गर्नु पर्नेछ।

* **४१क१२. <u>समन्वय गर्ने</u>** : (१) समितिले देहायको प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ :-

(क) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि जग्गाको छनौट तथा व्यवस्थापन गर्न,

(ख) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि समितिलाई आवश्यक उपकरण, स्रोत साधन र जनशक्ति उपलब्ध गराउन।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम समितिले समय सीमा तोकी सम्बन्धित स्थानीय तहमार्फत गर्नु पर्नेछ।

(३) सम्बन्धित भूमि प्रशासन कार्यालयको समन्वय तथा सम्बन्धित नापी कार्यालयको प्राविधिक रेखदेख र सम्बन्धित स्थानीय तहको सहयोगमा समितिले नक्सा स्रेस्ता तयार गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँगको समन्वयमा समितिले प्रदेश सरकार र स्थानीय तह मातहतका नापी प्राविधिकलाई नापजाँचको लागि परिचालन गर्न सक्नेछ।

(५) समितिले अधिकृतस्तरको दक्ष प्राविधिक जनशक्तिसमेत जिल्लास्तरमा परिचालन गर्नुपर्ने आवश्यक देखी नापी विभागसँग अनुरोध गरेमा नापी विभागले आफ्नै वा आफू अन्तर्गतका अधिकृतस्तरका प्राविधिक कर्मचारी समितिको काममा परिचालन गर्न सक्नेछ।

(६) नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिम नियुक्त सदस्यलाई समितिले आफूले सम्पादन गर्नुपर्ने कामको सम्बन्धमा सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँग समन्वय र सहजीकरणको लागि समन्वयकर्ताको रूपमा तोक्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम समन्वयकर्ताको रूपमा तोकिएको समितिको सदस्यलाई सम्बन्धित प्रदेश सरकारको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

*४१क१३. <u>जग्गाधनी दर्ता पूर्जा उपलब्ध गराउने</u> : (१) समितिले पहिचान र प्रमाणीकरण गरेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा जग्गाको नक्सा स्रेस्ताको आधारमा तयार भएको जग्गाधनी दर्ता प्रमाणपूर्जा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधिको रोहबरमा सम्बन्धित भूमि प्रशासन कार्यालयको प्रमुखले वितरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा सगोलमा रहेका पति पत्नीको संयुक्त नाममा पूर्जा तयार गरी उपलब्ध गराउनु पर्नेछ।

तर पति वा पत्नीमध्ये कुनै एक नभएकै आधारमा त्यस्तो व्यक्तिको नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउन बाधा पर्ने छैन।

(३) नक्सा तयार गर्ने प्रयोजनका लागि जग्गाको क्षेत्रफल गणना गर्दा वर्ग मिटरमा उल्लेख गर्नु पर्नेछ। त्यसरी जग्गाको क्षेत्रफल वर्गमिटरमा कायम गर्दा दशमलव पछि दुई अङ्कसम्म उल्लेख गर्नु पर्नेछ।

(४) समितिबाट स्वीकृत भएका नक्सा, फिल्डबुक तथा नापीसँग सम्बन्धित कागजात, जग्गाधनी दर्ता स्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा जिल्ला समितिको सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ।

* एक्काइसौं संशोधनद्वारा थप ।

(५) समिति वा जिल्ला समितिबाट नियम ४१क२०. को उपनियम (६) बमोजिम अभिलेखसहित प्रमाणित नक्सा स्रेस्ता प्राप्त भएपछि भूमि प्रशासन कार्यालय र नापी कार्यालयले त्यस्तो नक्सा स्रेस्ता प्राप्त भएको मितिले साठी दिनभित्र भूअभिलेख सूचना व्यवस्थापन प्रणालीमा समेत प्रविष्ट गरी लागु गर्नु पर्नेछ।

(६) समितिमा प्राप्त निवेदन, जग्गाधनी दर्ता प्रमाणपूर्जा प्राप्त गर्न योग्य भूमिहीन दलित र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जिल्लागत विवरण र वास्तविक रूपमा जग्गा वितरणको अवस्था र क्षेत्रफलसहितको जिल्लागत तथा एकीकृत विवरण साप्ताहिक रूपमा समितिको वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ।

*४१क१४. **बाँकी काम सम्पन्न गर्ने** : (१) यो नियम प्रारम्भ हुनु अघि गठन भएका समिति वा कार्यदलबाट काम सुरू भई सम्पन्न हुन बाँकी रहेको काम वा निर्णयको कार्यान्वयन समेत समितिले गर्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि समितिले जिल्ला समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

*४१क१५. **निर्देशन दिनसक्ने** : मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

* ४१क१६. **राजस्व खातामा दाखिला गर्नु पर्ने** : समितिले अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराएबापत प्राप्त दस्तुर नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

* ४१क१७. **बजेट सम्बन्धी व्यवस्था** : (१) समितिले आफ्नो र जिल्ला समितिको लागि आवश्यक पर्ने कार्यक्रम र बजेट प्रस्ताव तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बजेट व्यवस्थापनको लागि समितिबाट पेस भएकोमा मन्त्रालयले आवश्यकता र औचित्यको आधारमा समिति र जिल्ला समितिको लागि स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही आवश्यक बजेट व्यवस्था गर्नेछ।

(३) समितिको उपलब्धि र कार्य प्रगतिको आधारमा थप बजेट आवश्यक पर्ने देखिएमा मन्त्रालयले नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष अनुरोध गरी पठाउन सक्नेछ।

(४) समिति र जिल्ला समितिको लेखा प्रणाली सङ्घीय कानूनबमोजिम सरकारी लेखा प्रणाली अवलम्बन गरी सञ्चालन गर्नु पर्नेछ।

---

* एक्काइसौं संशोधनद्वारा थप ।

(५) समितिको खाता समितिको सदस्य-सचिव र लेखापालको संयुक्त दस्तखतबाट तथा जिल्ला समितिको खाता सो समितिको सदस्य-सचिव र नापी कार्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(६) समिति र जिल्ला समितिको लेखा परीक्षण प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

(७) समिति र जिल्ला समितिको आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

*४१क१८. **कर्मचारी व्यवस्थापन** : (१) समितिको कामको लागि आवश्यक पर्ने अनुसूची-२०ख. मा उल्लेख भए बमोजिमका कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नेपाल सरकारले कर्मचारी उपलब्ध नगराएमा समितिले करार सेवामा भर्ना गरी कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

(३) प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित अन्य सरकारी कार्यालयमा कार्यरत कर्मचारीलाई सम्बन्धित कार्यालयको कार्यालय प्रमुखसँग समन्वय गरी जिल्ला समितिमा काम गर्ने गरी काजमा खटाउनु पर्नेछ।

(४) नापी विभागले नापजाँचका लागि फिल्डमा खटिने अनुसूची-२०ग. मा उल्लिखित सङ्ख्याका प्राविधिक कर्मचारीलाई समितिमा काम गर्न काजमा खटाउन सक्नेछ।

(५) यस नियमबमोजिम करार सेवामा भर्ना गरिएका कर्मचारीले तत् तत् तहका कर्मचारी सरहको सुरू तलब स्केल र भ्रमण गर्दा निजले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

(६) यस नियमबमोजिम करार सेवामा भर्ना हुने कर्मचारीको सम्बन्धमा प्रचलित कानूनबमोजिम अर्थ मन्त्रालयको सहमति लिनुपर्ने भएमा समितिले मन्त्रालयमार्फत् अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) जिल्ला समितिलाई सहयोग पुर्‍याउन समितिले माग गरेको अवस्थामा प्रदेश सरकार र स्थानीय तहले आवश्यक कर्मचारी काजमा खटाउन सक्नेछन्।

*४१क१९. **प्रतिवेदन पेस गर्नु पर्ने** : (१) जिल्ला समितिले आफूले सम्पादन गरेका काम कारबाहीको प्रगति विवरण प्रत्येक महिना समाप्त भएको मितिले सात दिनभित्र समिति र प्रदेश सरकारको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने मन्त्रालयसमक्ष पेस गर्नु पर्नेछ।

---

* एक्काइसौं संशोधनद्वारा थप ।

* एक्काइसौं संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) समितिले आफू र जिल्ला समितिले गरेका काम कारबाहीको विवरण नियम ४१क११. बमोजिमको कार्ययोजना अनुकूल रहे वा नरहेको सम्बन्धमा तुलनात्मक विवरण सहितको प्रतिवेदन प्रत्येक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले नेपाल सरकारसमक्ष यथाशीघ्र पेस गर्नु पर्नेछ।

❁ **४१क२०. <u>समिति र जिल्ला समितिको कार्यावधि</u>** : (१) समितिको कार्य अवधि समिति गठन भएको मितिले पाँचसय दिनको हुनेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले समितिको अवधि बढीमा एक सय  दिन थप गर्न सक्नेछ।

(३) जिल्ला समितिको कार्यावधि पाँच हजारभन्दा बढी निवेदन परेको जिल्लाको हकमा पाँच सय दिन, एक हजार भन्दा बढी पाँच हजारसम्म निवेदन परेको जिल्लाको हकमा दुई सय दिन र एक हजारसम्म निवेदन परेको जिल्लाको हकमा एक सय पचास दिनको हुनेछ।

(४) समिति वा सम्बन्धित जिल्ला समितिबाट भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने काम सम्पन्न भएपछि नेपाल सरकारले समिति वा सम्बन्धित जिल्ला समिति विघटन गर्नेछ।

(५) उपनियम (४) बमोजिम काम सम्पन्न भई समिति विघटन भएपछि समितिबाट भए गरेको काम कारबाही सम्बन्धी निर्णय, अभिलेख लगायतका सम्पूर्ण कागजात समितिले मन्त्रालयमा हस्तान्तरण गर्नु पर्नेछ।

(६) जिल्ला समितिले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा गरेको निर्णय, प्रमाणित जग्गाधनी दर्ता स्रेस्ता तथा अन्य अभिलेख सम्बन्धित भूमि प्रशासन कार्यालयमा र प्रमाणित नक्सा तथा फिल्डबुक लगायतको अभिलेख सम्बन्धित नापी कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ।

❁**४१क२१. <u>बजेट तथा कार्यक्रम, कागजात, विवरण प्रयोग गर्न तथा कर्मचारी परिचालन गर्नसक्ने</u>** : (१) समितिले ऐनको दफा ५२क. र दफा ५२ख. बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा दफा ५२ग. बमोजिम अव्यवस्थित

❁ एक्काइसौं संशोधनद्वारा थप ।

बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि यो नियम प्रारम्भ हुनुअघि भूमि समस्या समाधान समिति गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोगले जग्गा उपलब्ध गराउने प्रयोजनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र सङ्कलन गरेको प्रमाण लगायतका कागजात तथा निर्णयहरूका आधारमा थप कारबाही अघि बढाउन सक्नेछ।

(२) भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम कुनै स्थानीय तहमा लगत लिने कार्य बाँकी रहेको भए सम्बन्धित स्थानीय तहले यी नियमहरू लागु भएको मितिले चौध दिनभित्र उक्त कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

(३) भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोगलाई नेपाल सरकारले विनियोजन गरेको बजेट तथा स्वीकृत कार्यक्रम समिति तथा जिल्ला समितिले स्वत: परिचालन गर्न सक्नेछ।

(४) भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोगले नियुक्त गरेका कर्मचारीहरूलाई समितिले आवश्यकता अनुसार पुन: परिचालन गर्न सक्नेछ।

*४१क२२. **गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था** : (१) जिल्ला समितिको काम कारबाहीको विषयमा समितिमा र समितिको काम कारबाहीको विषयमा मन्त्रालयमा गुनासो गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको गुनासो यथाशीघ्र सम्बोधन गर्नु पर्नेछ।

*४१क२३. **उजुरी गर्न सक्ने** : (१) कसैले समिति तथा जिल्ला समितिका अध्यक्ष वा सदस्यले गरेको काम कारबाहीका सम्बन्धमा मन्त्रालयमा उजुरी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको उजुरी प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा समितिका अध्यक्ष तथा सदस्यलाई तत्काल समितिको कामबाट अलग गर्नुपर्ने देखिएमा मन्त्रालयले निजलाई कामबाट अलग गरी थप छानबिन गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम मन्त्रालयको थप छानबिनबाट अध्यक्ष तथा नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमका सदस्यले इमान्दारीपूर्वक पदीय कर्तव्य पूरा नगरेको देखिएमा निजलाई पदबाट हटाउन नेपाल सरकारसमक्ष सिफारिस गर्न र

* एक्काइसौं संशोधनद्वारा थप ।

नियम ४१क१. को उपनियम (१) को खण्ड (ग) बमोजिमको सदस्यलाई पदबाट हटाउन सक्नेछ।

(५) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा जिल्ला समितिका अध्यक्ष वा सदस्यलाई जिल्ला समितिको कामकारबाहीबाट अलग गरी निजको सम्बन्धमा थप छानबिन गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिमको थप छानबिनबाट निजले इमान्दारीपूर्वक पदीय कर्तव्य पूरा नगरेको देखिएमा निजलाई उक्त जिल्लाबाट सरूवा गर्न निजको सेवा सञ्चालन गर्ने मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(७) यस नियम बमोजिमको जाँचबुझबाट प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्ने देखिएकोमा त्यस्तो कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

◌ृ४१ख. **भूमिहीन दलित र सुकुम्बासीलाई जग्गा उपलब्ध गराउनेः** (१) समितिले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको परिवारलाई एक पटकका लागि ☼आवास वा कृषि वा दुवै प्रयोजनार्थ बढीमा देहाय बमोजिमको क्षेत्रफलको जग्गा उपलब्ध गराउनेछः-

(क) आवासको लागिः

(१) काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाकाको शहरी क्षेत्रमा एकसय तीस वर्ग मीटर,

(२) उपखण्ड (१) मा उल्लिखित क्षेत्रबाहेकको अन्य क्षेत्रमा तीन सय चालीस वर्ग मीटर ।

(ख) कृषिको लागिः

(१) तराई र भित्री मधेशमा दुई हजार वर्ग मीटर,

(२) हिमाल तथा पहाडमा तीन हजार वर्ग मीटर ।

▬ ..................................................................................

☼(२) उपनियम (१) को उपखण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं उपत्यका, महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रको र आबाद कमोत गरेको बाहेक अन्य क्षेत्रको जग्गा कृषि प्रयोजनको लागि उपलब्ध गराइने छैन।"

---

◌ृ अठारौं संशोधनद्वारा संशोधित ।

☼ बीसौं संशोधनद्वारा संशोधित ।

▬ एक्काइसौं संशोधनद्वारा झिकिएको ।

☼ बीसौं संशोधनद्वारा संशोधित ।

(३) उपनियम (१) बमोजिम जमिन उपलब्ध गराउँदा सम्भव भएसम्म भूमिहीन दलित र भूमिहीन सुकुम्बासी परिवारले बसोबास वा आवाद कमोत गरी आएको स्थानमा नै निजहरुलाई जग्गा उपलब्ध गराइनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था भई निज बसोबास गरिआएको स्थानमा जग्गा उपलब्ध गराउन नमिल्ने भएमा समितिले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी छनौट गरेको अन्य स्थानमा ₹आवास प्रयोजनको लागि भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउनेछः-

(क) ऐनको दफा ५२ख. को उपदफा (४) मा उल्लिखित जग्गामा बसोबास वा आवाद कमोत गरेको,

(ख) कसैको निजी घरजग्गामा भाडा तिरी वा नतिरी आवाद कमोत गरेको,

(ग) *......................................................

(५) उपनियम (४) बमोजिमको जग्गामा बसोबास गरेका वा आवाद कमोत गरेका भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई समितिले तोकेको स्थानमा ₹ उपनियम (१) को खण्ड (क) बमोजिमको क्षेत्रफलमा नबढ्ने गरी योजनाबद्ध ढङ्गले जग्गा विकास गरी जग्गा उपलब्ध गराउन सक्नेछ ।

(६) कुनै भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीले बसोबास वा आवाद कमोद गरी आएको जग्गा यी नियमहरु बमोजिम समितिले उपलब्ध गराउने जग्गाको क्षेत्रफलभन्दा घटी भई सो जग्गाको सट्टा समितिले उपलब्ध गराउने अन्य स्थानमा जग्गा लिन चाहेमा निजलाई ₹(उपनियम (१) को खण्ड (क) मा उल्लिखित क्षेत्रफलमा नबढ्ने गरी अन्य स्थानमा जग्गा उपलब्ध गराइनेछ ।

तर त्यस्तो भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीले निजले उपभोग गरी आएको सो जग्गामा बसोबास वा आवाद कमोत गर्न छाड्नु पर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीले आफूले आवाद कमोत गरी आएको जग्गा उपनियम (१) बमोजिम प्राप्त हुने जग्गाको हदभन्दा बढी हुने भई त्यस्तो आवाद कमोत गरेको सबै जग्गा पाउन दाबी गरेमा त्यस्तो भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई नियम ४१ग. मा उल्लिखित जग्गाको क्षेत्रफलको हदमा नबढ्ने गरी नियम ४१च. ₹ बमोजिमको दस्तुर लिई निजलाई जग्गा उपलब्ध गराउन सकिनेछ ।

(८) यस नियम बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई कृषि प्रयोजनको लागि उपलब्ध गराएको जग्गा कृषि बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

---

* बीसौं संशोधनद्वारा झिकिएको ।

₹ बीसौं संशोधनद्वारा संशोधित ।

(९) यस नियम बमोजिम जग्गा उपलब्ध गराउँदा एउटै बस्तीमा सम्भव भएसम्म सबैलाई समान क्षेत्रफल हुने गरी जग्गा उपलब्ध गराउनु पर्नेछ ।

४१ग. **अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने जग्गाको स्थान र क्षेत्रफलः** (१) ऐनको दफा ५२ग. बमोजिमको अव्यवस्थित बसोबासीको परिवारलाई समितिले निजले आवाद कमोत गर्दै आएको स्थानमा आवास वा कृषि वा दुवै प्रयोजनको लागि बढीमा देहाय बमोजिमको क्षेत्रफलको जग्गा उपलब्ध गराउन सक्नेछः-

(क) आवास प्रयोजनको लागिः

(१) काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा एक सय तीस वर्ग मीटर,

(२) उपखण्ड (१) मा उल्लिखित क्षेत्रबाहेकको अन्य क्षेत्रमा एक हजार वर्ग मीटर ।

(ख) कृषि प्रयोजनको लागि दश हजार वर्ग मीटर ।

तर आवास र कृषि दुवै प्रयोजनको लागि जग्गा उपलब्ध गराउँदा आवास प्रयोजनका लागि खण्ड (क) को सीमाभित्र रही कुल क्षेत्रफल खण्ड (ख) को सीमामा नबढ्ने गरी जग्गा उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिम हुनेछः-

(क) काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा कृषि प्रयोजनको लागि जग्गा उपलब्ध गराईने छैन ।

(ख) उपनियम (१) मा उल्लिखित क्षेत्रफल भन्दा कम क्षेत्रफलमा अव्यवस्थित बसोबासीले बसोवास वा आवाद कमोत गरिआएको भएमा त्यस्तो बसोबास वा आवाद कमोत गरिआएको क्षेत्रफलको हदसम्मको जग्गा निजलाई उपलब्ध गराइनेछ ।

(ग) ऐनको दफा ५२ख. को उपदफा (४) मा उल्लिखित जग्गामा बसोबासी वा आवाद कमोत गरी आएको अव्यवस्थित बसोबासीलाई सो जग्गा वा त्यसको क्षतिपूर्ति वा सो जग्गाको सट्टामा अन्यत्र कुनै जग्गा उपलब्ध गराइने छैन ।

(घ) कुनै अव्यवस्थित बसोबासीले उपनियम (१) को खण्ड (क) को उपखण्ड (१) मा उल्लिखित क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा स्थायी

अठारौं संशोधनद्वारा संशोधित ।

बीसौं संशोधनद्वारा थप ।

संरचना बनाई बसोबास गरेको र त्यस्तो संरचना प्राविधिक दृष्टिले छुट्याउन नसकिने भए बढीमा छयालीस वर्ग मीटरसम्म र संरचना नबनाएको भए निजले बसोबास वा आवाद कमोत गरेको जग्गासँग सिमाना जोडिएको अन्य सरकारी जग्गामा मिलान गर्दा समेत भूमिहीन दलित वा सुकुम्बासीलाई यी नियमहरु बमोजिम जग्गा दिन पर्याप्त नहुने वा अन्य सरकारी वा सार्वजनिक प्रयोजनको लागि प्रयोग गर्न नसकिने रहेछ भने पाँच मीटरभन्दा कम मोहडा भएको बढीमा छयालीस वर्ग मीटरसम्म थप जग्गा निजलाई उपलब्ध गराउन सकिनेछ ।

(ङ) अव्यवस्थित बसोबासीले एकै जिल्लाको आपसमा सिमाना जोडिएको एक भन्दा बढी स्थानीय तहको छुट्टा छुट्टै स्थानमा बसोबास र आवाद कमोत गरेको रहेछ भने निजलाई आवासको लागि उपनियम (१) को खण्ड (क) मा उल्लिखित क्षेत्रफल समेत गरी सोही उपनियमको खण्ड (ख) मा उल्लिखित क्षेत्रफलमा नबढाई निजलाई बसोबास र आवाद कमोतको लागि जग्गा उपलब्ध गराइनेछ ।

तर एकै जिल्लाको आपसमा सिमाना नजोडिएको स्थानीय तह वा एक भन्दा बढी जिल्लामा बसोबास र आवाद कमोत गरेको अव्यवस्थित बसोबासीलाई निजले रोजेको कुनै एक स्थानीय तह वा जिल्लामा आवासको लागि उपनियम (१) को खण्ड (क) मा उल्लिखित क्षेत्रफल समेत गरी सोही उपनियमको खण्ड (ख) मा उल्लिखित क्षेत्रफलमा नबढाई निजलाई सोही स्थानमा बसोबास र आवाद कमोत गरेको क्षेत्रफल सम्मको जग्गा मात्र उपलब्ध गराइनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै *..............सार्वजनिक जग्गासँग साँध जोडिएको कुनै जग्गाधनीले त्यस्तो सरकारी वा सार्वजनिक जग्गा आफ्नो जग्गामा घुसाइ आवाद कमोत गरी आएको भए निजलाई त्यस्तो जग्गा उपलब्ध गराइने छैन ।

(४) यस नियम बमोजिम कृषि प्रयोजनको लागि उपलब्ध गराइएको जग्गा कृषि बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाईने छैन ।

[उ](५) नियम ४१च. बमोजिम निर्धारण भएको दस्तुर लिई समितिले अव्यवस्थित बसोबासीलाई उपनियम (१) बमोजिमको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गाको स्वामित्व उपलब्ध गराउनु पर्नेछ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थाका आर्थिक रुपले विपन्न अव्यवस्थित बसोबासीले आवासको हकमा उपनियम (१) को खण्ड (क)

---

* बीसौं संशोधनद्वारा झिकिएको ।

[उ] एक्काइसौं संशोधनद्वारा संशोधित ।

बमोजिमको क्षेत्रफलको जग्गा र कृषिको हकमा पन्ध्र सय वर्ग मीटरसम्म आवाद कमोत गरेको रहेछ भने स्थानीय तहको सिफारिस समेतका आधारमा समितिले ४१च. बमोजिम निर्धारण भएको दस्तुरको पच्चीस प्रतिशतसम्म दस्तुर लिई आवास वा कृषि प्रयोजनको लागि जग्गा उपलब्ध गराउन सक्नेछः-

(क) परिवारका सदस्यको जीवनयापन गर्ने कुनै आधार वा सम्पत्ति नभएको,

(ख) पारिवारको मुख्य व्यक्ति वा सदस्य शारीरिक वा मानसिक रुपले अशक्त भई श्रम गर्न नसक्ने अवस्था भएको र परिवारका अन्य सदस्यहरुको समेत आय आर्जनको कुनै स्रोत नभएको, र

(ग) परिवारको पालन पोषण तथा हेरचाह गर्ने व्यक्तिबाट समेत सहयोग हुन सक्ने अवस्था नभएको ।

<u>**स्पष्टीकरणः**</u> यस नियमको प्रयोजनको लागि “आर्थिक रुपले विपन्न” भन्नाले नेपाल सरकारले तोकेको आय भन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(७) नियम ४१च. बमोजिम निर्धारण भएको दस्तुर आर्थिक रुपले विपन्न भएको कारणले एकमुष्ठ बुझाउन नसक्ने कारण खोली कुनै अव्यवस्थित बसोबासीले समिति समक्ष निवेदन दिन सक्नेछ ।

(८) उपनियम (७) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा त्यस्तो अव्यवस्थित बसोबासीको निवेदनमा उल्लिखित कारण विश्वसनीय देखिएमा समितिले त्यस्तो अव्यवस्थित बसोबासीले तीन वर्षभित्र दस्तुर चुक्ता गर्ने गरी किस्ता तोक्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिमको दस्तुर चुक्ता नगरेसम्म समितिले अव्यवस्थित बसोबासीको नाममा तयार भएको दर्ता स्रेस्ता बमोजिमको जग्गा रोक्का राख्नेछ ।

(१०) अव्यवस्थित बसोबासीले सम्पूर्ण दस्तुर बुझाएपछि सम्बन्धित [*]<u>भूमि प्रशासन कार्यालयले</u> निजको नाममा जग्गाधनी प्रमाण पूर्जा जारी गर्नेछ ।

[†]४१घ. <u>**विवरण तथा तथ्याङ्क उपलब्ध गराउनु पर्नेः**</u> (१) समितिले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा समितिले तोकेको ढाँचामा र अव्यवस्थित बसोबासीको हकमा अनुसूची—२१ बमोजिमको ढाँचामा विवरण तथा तथ्याङ्क सङ्कलन गरी पठाउन प्रत्येक स्थानीय तहलाई अनुरोध गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम विवरण तथा तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित स्थानीय तहको वडा समितिले आफ्नो वडाभित्र बसोबासी गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र

---

[*] एक्काइसौं संशोधनद्वारा संशोधित ।

[†] अठारौं संशोधनद्वारा संशोधित ।

अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क सङ्कलन गरी त्यस्तो विवरण तथा तथ्याङ्कको सत्यताको सम्बन्धमा आवश्यक जाँचबुझ गरी सिफारिस सहित स्वीकृतिको लागि गाउँ वा नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेश भएको विवरण तथा तथ्याङ्कका सम्बन्धमा सम्बन्धित गाउँ वा नगर कार्यपालिकाले आवश्यक जाँचबुझ गर्दा त्यस्तो विवरण तथा तथ्याङ्क स्वीकृत गर्न उपयुक्त हुने देखिएमा गाउँ वा नगर कार्यपालिकाको निर्णय बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको छुट्टा छुट्टै नामावली सहितको विवरण तथा तथ्याङ्क स्वीकृत गरी समिति वा समितिले तोकेको निकायमा पठाउनु पर्नेछ ।

तर भूमिहीन दलित र भूमिहीन सुकुम्बासी एउटै भए सोही व्यहोरा जनाई एउटै नामावलीमा समावेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त विवरण र तथ्याङ्कको सम्बन्धमा समितिले आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ ।

*४१घ१. **<u>अव्यवस्थित बसोबासीको वर्गीकरण गर्ने</u>** : (१) नियम ४१घ. बमोजिम स्थानीय तहबाट प्राप्त अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क र अनुसूची-२२क. बमोजिमको आधार, मापदण्ड र अङ्कभार बमोजिम समितिले अव्यवस्थित बसोबासीको वर्गीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको अव्यवस्थित बसोबासीको वर्गीकरण सम्बन्धी विवरण समितिले सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सार्वजनिक भएको विवरणमा कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउनको लागि कुनै अव्यवस्थित बसोबासीले त्यस्तो विवरण प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तहमार्फत् समितिसमक्ष निवेदन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा समितिले सम्बन्धित स्थानीय तहको सिफारिस समेतका आधारमा जाँचबुझ गरी त्यस्तो निवेदन एक्काइस दिनभित्र फछ्र्यौट गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा अव्यवस्थित बसोबासीको वर्गीकरणमा कुनै त्रुटि देखिएमा समितिले त्यस्तो वर्गीकरणमा रहेको त्रुटि सच्याउन सक्नेछ।

४१ङ. ⁄**.........................................................................**

[ु]४१च. **<u>दस्तुर निर्धारण</u>** : नियम ४१घ१. बमोजिम अव्यवस्थित बसोबासीको वर्गीकरणको आधारमा समितिले अनुसूची-२३क. बमोजिम दस्तुर निर्धारण गर्नेछ।

---

* एक्काइसौं संशोधनद्वारा थप ।

⁄ बीसौं संशोधनद्वारा खारेज ।

[ु] एक्काइसौं संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⁾४१छ. **सूचना प्रकाशन गर्नु पर्नेः** ऐनको दफा ५२क., ५२ख. र ५२ग. बमोजिम जग्गा उपलब्ध गराउने प्रयोजनको लागि समितिले निवेदन साथ पेश गर्नु पर्ने विवरण समेत उल्लेख गरी राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतीस दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ र सो सूचनालाई सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र प्रचार प्रसार समेत गर्नु वा गराउनु पर्नेछ ।

❋४१छ१. **स्थानीय तहको अनुरोधमा सूचना प्रकाशन गर्न सकिनेः** (१) यस नियम जारी हुनु अगावै समितिबाट प्रकाशित सार्वजनिक सूचनामा तोकिएको अवधिभित्र निवेदन सङ्कलन हुन नसक्नुको आधार र कारण खुलाई सम्बन्धित स्थानीय तहले एक पटकको लागि सूचना प्रकाशन गर्ने प्रयोजनको लागि समिति समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा आवश्यकता र औचित्यता हेरी समितिले अन्तिम पटकको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतीस दिनमा नबढ्ने गरी सार्वजनिक सूचना जारी गर्न सक्नेछ र सो सूचनालाई सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र प्रचार प्रसार गर्नु गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम सूचनाको म्याद समाप्त भएको सात दिनभित्र सम्बन्धित स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको हालसम्म पर्न आएको निवेदनको दर्ता नम्बर, निवेदकको नाम र ठेगाना सम्बन्धी विवरण वडागत रुपमा तयार गरी समितिको जिल्ला समितिमा पठाउनु पर्नेछ।

⁾४१ज. **निवेदन दिनुपर्नेः** (१) ❋नियम ४१छ. र नियम ४१छ१. बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित विवरण सहित भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीले बसोबास गरेको वा आवाद कमोत गरेको जग्गा रहेको सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले तोकेको ढाँचामा स्थानीय तहले सङ्कलन गरेको विवरणमा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले सहिछाप गरी व्यहोरा प्रमाणित गरेमा छुट्टै त्यस्तो निवेदन दिनु पर्ने छैन ।

(३) अव्यवस्थित बसोबासीले आफूलाई उपलब्ध गराउन माग गरेको जग्गामा निजले दश वर्ष अघिबाट आवाद कमोत गरी आएको हो भनी प्रमाणित गरेको सम्बन्धित गाउँ वा नगर कार्यपालिकाको निर्णय बमोजिमको सिफारिस समेत पेश गरेको हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम गाउँ वा नगर कार्यपालिकाले सिफारिस गर्ने प्रयोजनको लागि त्यस्तो अव्यवस्थित बसोबासीले सो जग्गामा दश वर्ष अघिबाट आवाद कमोत गरेको हो वा होइन भन्ने सम्बन्धमा यकीन गर्न आवश्यकता अनुसार हवाई फोटो वा भू उपग्रह तस्वीर वा अन्य प्रमाणित अभिलेखको समेत आधार लिन सक्नेछ ।

---

❋ बीसौं संशोधनद्वारा संशोधित ।

⁾ अठारौं संशोधनद्वारा संशोधित ।

◡४१झ. **दस्तुर नलाग्ने:** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र ऐनको दफा ५२ग. को उपदफा (५) बमोजिम सट्टा भर्नामा जग्गा पाएका अव्यवस्थित बसोबासीलाई त्यस्तो जग्गाको स्वामित्व उपलब्ध गराउँदा कुनै किसिमको दस्तुर लिइने छैन ।

◡४१ञ.**जग्गाको पहिचान तथा छनौट गर्ने:** (१) नियम ४१ख. को उपनियम (४) मा उल्लिखित जग्गामा बसोबास वा आवाद कमोत गरेका भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने स्थानको पहिचान र छनौट निजहरुको परामर्शमा स्थानीय तहले गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने स्थानको पहिचान र छनौट सम्बन्धित स्थानीय तहले गर्न नसकेमा समितिले प्रदेश सरकारसँग समन्वय गरी त्यस्तो स्थानको पहिचान र छनौट गर्नेछ ।

◡४१ट.**आवाद कमोत गर्न छाड्नु पर्ने:** नियम ४१ग. बमोजिम अव्यवस्थित बसोबासीले आवाद कमोत गरिआएको जग्गा नियम ४१च. बमोजिमको दस्तुर बुझाई आफ्नो नाममा कायम गराउन नचाहेमा निजले त्यस्तो जग्गामा आवाद कमोत गर्न छाडी खाली गर्नु पर्नेछ ।

◡४१ठ.**जग्गाबाट हटाउने:** (१) समितिले ऐनको दफा ५२ख. को उपदफा (४) मा उल्लिखित जग्गा, नियम ४१ख. वा ४१ग. मा उल्लिखित क्षेत्रफल भन्दा बढी जग्गामा बसोबास वा आवाद कमोत गरेको वा नियम ४१ट. बमोजिम जग्गा खाली नगर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई सो जग्गाबाट हट्न वा जग्गा खाली गर्न बढीमा तीन महिनाको म्याद दिई सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्याद भित्र त्यस्तो जग्गाबाट नहट्ने वा खाली नगर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई समितिले सम्बन्धित स्थानीय तह र प्रहरीको सहयोगमा त्यस्तो जग्गाबाट हटाउनेछ ।

(३) उपनियम (२) को प्रयोजनको लागि समितिले सहयोग मागेमा सम्बन्धित स्थानीय तह र प्रहरीले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ ।

◡४१ड.**आवास उपलब्ध गराउन सक्ने:** (१) यी नियमहरुमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गाको सट्टा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको सामूहिक वा एकल आवासीय इकाई उपलब्ध गराउन सक्नेछ ।

(२) समितिले काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रका झुपड (स्लम) बस्तीलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सामुदायिक एकीकृत बस्ती विकास वा जग्गा विकासको माध्यमबाट बस्ती व्यवस्थापन गर्न वा गराउन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

◡ अठारौं संशोधनद्वारा संशोधित ।

[*]४१ढ. **<u>प्रदेश सरकार र स्थानीय तहको समन्वयमा काम गर्ने:</u>** (१) समितिले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा सम्बन्धित प्रदेश सरकार र स्थानीय तहको समन्वयमा काम गर्नेछ ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले आवाद कमोत गरी आएको जग्गा ऐनको दफा ५२ख. को उपदफा (४) मा उल्लिखित जग्गा भए नभएको सम्बन्धमा यकीन गर्नु पर्ने भएमा समितिले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी यकीन गर्नेछ ।

(३) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा [ञ]<u>जिल्ला समिति</u> [✤] <u>र स्थानीय तहबाट भए गरेका</u> कार्यको अनुगमन सम्बन्धित प्रदेश सरकारले गर्न सक्नेछ।

(४) भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउँदा र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रदेश सरकार र स्थानीय तहले समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

[●](५) भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न कर्मचारी, उपकरण तथा कार्यालय व्यवस्थापनका कार्यमा लाग्ने खर्च प्रदेश सरकार र स्थानीय तहले समितिलाई उपलब्ध गराउन सक्नेछ।

[●] (६) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउँदा र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्दा जग्गाको कायम रहेको जुनसुकै भूउपयोग क्षेत्रमा वर्गीकृत क्षेत्रलाई स्थानीय तहसँगको समन्वयमा प्रचलित कानून बमोजिम आवासीय क्षेत्र र कृषि क्षेत्र कायम गर्न सकिनेछ।

तर यस नियम बमोजिम उपलब्ध गराइएको जग्गाको भूउपयोग परिवर्तन गर्न पाइने छैन।

[*]४१ण. **<u>नेपाल सरकारले जग्गा उपयोगमा ल्याउने:</u>** भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले नियम ४१ख. र अव्यवस्थित बसोबासीले नियम ४१ग. मा उल्लिखित क्षेत्रफल भन्दा बढी जग्गामा बसोबास गरेको वा आवाद कमोत गरी आएको रहेछ भने त्यसरी बसोवास गरेको वा आवाद कमोत गरेको बढी जग्गा नेपाल सरकारले अन्य भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउन वा अन्य सरकारी वा सार्वजनिक प्रयोजनको लागि उपयोगमा ल्याउन सक्नेछ ।

---

[*] अठारौं संशोधनद्वारा थप ।

[ञ] एक्काइसौं संशोधनद्वारा संशोधित ।

[✤] बीसौं संशोधनद्वारा संशोधित ।

[●] बीसौं संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

❖ ४१त.**<u>नेपाल सरकारको नाममा दर्ता गर्न लेखी पठाउने</u>:** (१) कुनै उद्योग वा व्यावसायिक संस्थाले प्रचलित नेपाल कानून बमोजिम स्वीकृति नलिई सरकारी जग्गा भोगचलन गरेको देखिएमा समितिले त्यस्तो उद्योग वा व्यवसायिक संस्थालाई प्रचलित कानून बमोजिम कारबाही गर्न तथा त्यस्तो जग्गा नेपाल सरकारको नाममा दर्ता कायम नभएको भए नेपाल सरकारको नाममा दर्ता कायम गर्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नेपाल सरकारको नाममा दर्ता कायम भएको जग्गामा रहेको त्यस्तो उद्योग वा व्यावसायिक संस्थाले त्यस्तो जग्गा भोगचलन गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम स्वीकृति लिई भोगचलन गर्न सक्नेछ ।

❖४१थ. **<u>जग्गा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था</u>:** (१) ऐनको दफा ५२क., ५२ख. र ५२ग. बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा साबिकमा नापी भएको जग्गा भए विद्यमान फिल्डबुक तथा प्लट रजिष्टर र नापी नभएको जग्गा भए नाप नक्सा गरी सोही आधारमा तयार भएको प्रमाणित जग्गाधनी दर्ता श्रेस्ता बमोजिम निजलाई जग्गा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार भएका नक्शा, फिल्डबुक र प्लट रजिष्टर समितिबाट प्रमाणित गरी नापी कार्यालयमा र सोसँग सम्बन्धित जग्गाधनी दर्ता श्रेस्ता, मिसिल तथा निर्णय पुस्तिका समितिबाट प्रमाणित गरी मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त जग्गाधनी दर्ता श्रेस्ता मालपोत कार्यालयबाट अद्यावधिक भए पछि मात्र लागू हुनेछ ।

(४) उपनियम (३) बमोजिम श्रेस्ता अद्यावधिक गरेपछि मालपोत कार्यालयले यी नियमहरु बमोजिम तयार भएको जग्गाधनी दर्ता श्रेस्ता र जारी गरेको जग्गाधनी दर्ता प्रमाणपूर्जा सहित भूसूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ र त्यसरी अद्यावधिक गर्दा सो जग्गा अद्यावधिक गरेको मितिले दश वर्षसम्म बिक्री वितरण गर्न नपाउने व्यहोरा जनाउनु पर्नेछ ।

(५) यी नियमहरु बमोजिम जग्गा नाप नक्शा गर्दा सरकारी जग्गा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकाय वा सामुदायिक विद्यालयले भोगचलन गरेको पाइएमा समितिले त्यस्तो जग्गाको जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा नेपाल सरकारको स्वामित्व कायम गरी सम्बन्धित निकायलाई उपयोग गर्न दिन सक्नेछ ।

(६) यी नियमहरु बमोजिम समितिले जग्गा उपलब्ध गराउँदा भूमिहीन दलितलाई पहिलो प्राथमिकतामा राखी उपलब्ध गराउनु पर्नेछ ।

❖४१द.**<u>जग्गा उपलब्ध नगराइने</u>:** (१) कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता कायम रहेको जग्गामा बसोबास गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई त्यस्तो व्यक्ति वा संस्थाको जग्गा उपलब्ध गराइने छैन ।

---

❖ अठारौं संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम बसोबास व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारद्वारा स्थापित संस्थाको जग्गामा बसोबास वा आवाद कमोत गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासी समेतको एकीकृत र समन्वयात्मक ढङ्गले व्यवस्थापन गर्न उपयुक्त हुने देखिएमा त्यस्तो संस्थाको सम्बन्धित कानून र यी नियमहरुको अधीनमा रही समिति र सम्बन्धित संस्थाको सहमतिमा नियम ४१ख. वा ४१ग. मा उल्लिखित क्षेत्रफलमा नबढ्ने गरी त्यस्तो संस्थाको जग्गाबाट यी नियमहरु बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम जग्गा प्राप्त गर्ने भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई समितिले नियम ४१ख. बमोजिम जग्गा उपलब्ध गराउने छैन ।

❋४१ध. **जग्गा धनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउनेः** नियम ४१ख. र ४१ग. बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा पति र पत्नी सगोलमा रहेको भए दुबैको संयुक्त नाममा जग्गाधनी प्रमाणपूर्जा बनाई स्थानीय तह मार्फत उपलब्ध गराईनेछ ।

[उ]४१न. **स्वामित्व वा दर्ता स्रेस्ता सम्बन्धी समस्या समाधान गर्ने** : (१) समितिले यो नियम प्रारम्भ हुनुअघि नेपाल सरकारको निर्णयबमोजिम गठन भएका विभिन्न समिति, समिति वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए सो सम्बन्धमा निवेदन दिनको लागि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतिस दिनको सूचना दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना सार्वजनिक सञ्चारका माध्यमबाट समेत प्रसारण गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयभित्र निवेदन पर्न आएमा समितिले साविकमा गठन भएको समिति, समिति वा कार्यदलले गरेको काम कारबाही सम्बन्धी अभिलेख सम्बन्धित निकायबाट माग गर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त अभिलेख र स्थलगत वस्तुस्थिति समेतको आधारमा समितिले जग्गाको स्वामित्व वा जग्गाधनी दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्या समाधान गर्नेछ।

---

[उ] एक्काइसौं संशोधनद्वारा संशोधित ।

४१प. **अभिलेख राख्ने:** ऐनको दफा ५२क., ५२ख. र ५२ग. बमोजिम समितिले उपलब्ध गराएको जग्गा र त्यस्तो जग्गा प्राप्त गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको अभिलेख सम्बन्धित स्थानीय तह र प्रदेशले आफ्नो क्षेत्रभित्रको र मन्त्रालयले मुलुकभरको राख्नु पर्नेछ ।

४१फ. **सजाय गर्ने अधिकारी:** (१) ऐनको दफा ५२घ. बमोजिमको सजाय गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपनियम (१) बमोजिम प्रमुख जिल्ला अधिकारीबाट भएको निर्णयउपर चित्त नबुझेमा सम्बन्धित जिल्ला अदालत समक्ष एक्काईस दिन भित्र पुनरावेदन गर्न सकिनेछ ।

४२. **वडा समितिको गठन:** (१) प्रत्येक गाउँपालिका वा नगरपालिकाको ईलाकाभित्र प्रत्येक वडा पिच्छे देहायका सदस्यहरूको एक समिति गठन गरिनेछः-

(क) स्थानीय गाउँपालिका वा नगरपालिकामा सम्बन्धित वडाबाट छानिएको सो गाउँपालिका वा नगरपालिकाको सदस्य -अध्यक्ष

(ख) भूमि प्रशासन टोलीले वडाका जनताको राय बुझी मनोनित गरेको सम्बन्धित वडाको अन्य दुईजना साक्षर प्रतिष्ठित व्यक्तिहरू - सदस्य

(२) वडा समितिको कुनै सदस्यले आफ्नो उत्तरदायित्व सन्तोषजनक ढंगले पूरा नगरेमा निजलाई अधिकारीले हटाई अन्य कुनै व्यक्तिलाई उक्त पदमा नियुक्त गर्न सक्नेछ ।

४३. **अधिकार प्रत्यायोजन:** जिल्ला भूमि प्रशासन अधिकृतले आफ्नो जवाफदेहीमा आफ्नो अधिकार आफू मातहतका अरू कर्मचारीद्वारा प्रयोग गराउन सक्नेछ।

४४. ..................

४४क. **सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न सकिने:** (१) सार्वजनिक जग्गा प्रयोगको लागि लिन चाहने निकायले देहाय बमोजिमका कागजात संलग्न गरी कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) माग गर्ने जग्गाका विषयमा भएको निर्णयको प्रतिलिपि सहितको सक्कल माग पत्र,

(ख) जग्गा प्रयोगका लागि माग गर्नुको प्रयोजन र सो सम्बन्धी कार्ययोजना,

(ग) स्थानीय तहको कार्यपालिकाको बैठकबाट जग्गा उपलब्ध गराउने निर्णय सहितको सिफारिस,

(घ) जग्गा माग गर्ने निकायको केन्द्रीय निकायको सिफारिस,

---

तेह्रौं संशोधनद्वारा खारेज ।

बीसौं संशोधनद्वारा थप ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनका लागि "केन्द्रीय निकाय" भन्नाले सर्वोच्च अदालत, संवैधानिक निकाय, नेपाल सरकार अन्तर्गतका मन्त्रालय, सचिवालय र समिति सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकार र अन्तर्गतका निकायको हकमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत जनाउँछ।

(२) ऐनको दफा ५९क. को प्रयोजनका लागि नेपाल सरकारका नाममा दर्ता स्रेष्ता कायम रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्नका लागि नेपाल सरकारले स्वीकृति दिई सार्वजनिक जग्गा प्रयोग गर्न उपलब्ध गराउँदा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्तर्गतका सरकारी निकायको सार्वजनिक सेवा प्रवाहका लागि भवन निर्माण बाहेक अन्य प्रयोजनका लागि सार्वजनिक जग्गा उपलब्ध गराइने छैन।

(३) सार्वजनिक जग्गा प्रयोगका लागि उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित डिभिजनल वन अधिकृत -सदस्य

(घ) सम्बन्धित क्षेत्रको नापी कार्यालयको प्रमुख -सदस्य

(ङ) सम्बन्धित क्षेत्रको कार्यालय प्रमुख -सदस्य-सचिव

(४) उपनियम (३) बमोजिम सिफारिस समितिले देहायका आधारमा सार्वजनिक प्रकृतिको जग्गा प्रयोगका लागि सिफारिस गर्नु पर्नेछः-

(क) सार्वजनिक जग्गा नै प्रयोग गर्न आवश्यक र उपयुक्त हो भन्ने स्पष्ट आधार,

(ख) प्रयोगमा लिनुको उद्देश्य, औचित्य र कार्ययोजना,

(ग) प्रयोगका लागि माग गरेको जग्गा रहेको स्थान र क्षेत्रफल,

(घ) प्रयोगका लागि उपलब्ध गराइने जग्गाको विषयमा जग्गा रहेको स्थानीय तह र बासिन्दाको प्रतिक्रिया,

(ङ) जग्गा संरक्षण हुने सुनिश्चितता,

(च) ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूको मौलिकतामा असर नपर्ने कुराको सुनिश्चितता ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) उपनियम (३) बमोजिमको सिफारिस समितिबाट जग्गा प्रयोगका लागि उपलब्ध गराउने सिफारिस भएमा कार्यालयले सिफारिस समितिको निर्णयको प्रतिलिपि सहितका आवश्यक कागजात विभागमा पठाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम कार्यालयबाट लेखी आएमा विभागले आफ्नो राय सहित मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम विभागबाट लेखी आएमा मन्त्रालयले स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेस गर्न सक्नेछ।

(८) उपनियम (७) बमोजिमको प्रस्ताव नेपाल सरकारबाट स्वीकृत भएमा सोको जानकारी मन्त्रालयले विभाग मार्फत कार्यालयमा पठाउनु पर्नेछ।

(९) नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति बमोजिम प्रयोगमा दिएको जग्गा कार्यालयले नापी कार्यालयबाट सीमाङ्कन तथा रेखाङ्कन गराई अनुसूची-२४ बमोजिमको ढाँचामा सम्झौता गरी अनुसूची-२५ बमोजिम जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्नु पर्नेछ।

⌘४५. **अधिकारी, अदालत र समिति तोक्ने:** (१) ऐनको दफा ४० र दफा ६० को प्रयोजनको लागि समितिमा नियम २८क. अन्तर्गत गठित समितिलाई तोकिएकोछ ।

(२) ऐनको दफा ५८ को उपदफा (१) को प्रयोजनको लागि अधिकारीमा जिल्ला भूमि प्रशासन अधिकृतलाई र सोही दफाको उपदफा (३) को प्रयोजनको लागि अदालतमा उच्च अदालतलाई तोकिएकोछ ।

➡४६. **कूत बुझाउने समय:** ऐनको दफा ३६ को उपदफा (१) बमोजिम मोहीले बुझाउनु पर्ने कूत जग्गावालालाई देहाय बमोजिमको जग्गाको सम्बन्धमा देहाय बमोजिमको समय भित्र बुझाइसक्नु पर्छः-

(क) वर्षे बाली मुख्य वार्षिक उब्जनी हुने तराई र भित्री मधेशको जग्गाको सम्बन्धमा माघ मसान्तसम्म

(ख) वर्षे बाली मुख्य वार्षिक उब्जनी हुने काठमाडौं उपत्यका र पहाडको जग्गाको सम्बन्धमा पौष मसान्तसम्म ।

(ग) हिउँदे बाली नै मुख्य वार्षिक उब्जनी हुने जग्गाको सम्बन्धमा जेष्ठ मसान्तसम्म।

╼४६क.**निर्देशिका जारी गर्न सक्ने:** नेपाल सरकारले यी नियमहरूको उद्देश्य पूरा गर्न आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

---

⌘ सातौं संशोधनद्वारा संशोधित ।

➡ छैठौं संशोधनद्वारा संशोधित ।

╼ चौधौं संशोधनद्वारा थप ।

**द्रष्टव्यः** (१) भूमि सम्बन्धी (तेह्रौं संशोधन) नियमहरू, २०५४ द्वारा मूल नियमहरूको ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएकोछः-



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) “नगर पंचायत” भन्ने शब्दहरूको सट्टा “नगरपालिका”,

(ख) “पंचायत” भन्ने शब्दको सट्टा “गाउँ विकास समिति वा नगरपालिका”,

(ग) “गाउँ वा नगर पंचायत”, “नगर वा गाउँ पंचायत”, “नगर पंचायत र गाउँ पंचायत”, वा “गाउँ/नगर पंचायत” भन्ने शब्दहरूको सट्टा क्रमशः “गाउँ विकास समिति वा नगरपालिका”, “नगरपालिका वा गाउँ विकास समिति”, “नगरपालिका र गाउँ विकास समिति” वा “गाउँ विकास समिति/नगरपालिका”,

(घ) “पंचायतका प्रधानपंच भन्ने शब्दहरूको सट्टा “गाउँ विकास समिति वा नगरपालिका अध्यक्ष वा प्रमुख”।

(२) जिल्ला विकास समिति ऐन, २०४८ द्वारा “जिल्ला पंचायत” भन्ने शब्दको सट्टा “जिल्ला विकास समिति” भन्ने शब्द राखिएको छ ।

(३) न्याय प्रशासन ऐन, २०४८ द्वारा प्रचलित कानूनमा प्रयोग भइरहेका “क्षेत्रिय अदालत” वा “अञ्चल अदालत” भन्ने शब्दहरूको सट्टा “पुनरावेदन अदालत” भन्ने शब्दहरू राखी संशोधन गरिएको छ ।

(४) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः

“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।

(५) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर गरिएका शब्दहरुः

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

(६) भूमि सम्बन्धी (सत्रौं संशोधन) नियमहरू, २०७६ द्वारा मूल नियमहरुको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) “गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका”,

(ख) “जिल्ला विकास समिति” भन्ने शब्दहरुको सट्टा “जिल्ला समन्वय समिति”।

**(७)** भूमि सम्बन्धी (एक्काइसौं संशोधन) नियमहरू, २०८३ द्वारा,-

(१) मूल नियमहरूको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छ :-

(क) "जिल्ला भूमिसुधार कार्यालय" को सट्टा "भूमि प्रशासन कार्यालय",

(ख) "भूमिसुधार अधिकारी" को सट्टा "भूमि प्रशासन अधिकृत",

(ग) "भूमिसुधार टोली" को सट्टा "भूमि प्रशासन टोली"।

(२) मूल नियमहरूको परिच्छेद-५ अन्तर्गतको नियम ४४क. बाहेक सोही परिच्छेदको ठाउँ ठाउँमा रहेका "आयोग" भन्ने शब्दको सट्टा "समिति" भन्ने शब्द राखी रूपान्तर गरिएको छ।

## अनुसूची -१
### (नियम ३ सँग सम्बन्धित)
### मोहीको लगत

गाउँपालिका वा नगरपालिकाः-　　　　　　　　　　　　　　　　　　　　अञ्चलः-

वार्ड नं.ः-　　　　　　　　　　　　　　　　　　　　　　　　　　　जिल्लाः-

(आफ्नो जग्गा आफैले कमाउने जग्गावाला र अरूको जग्गा कमाउने मोहीको लगत)

१. जग्गा कमाउनेको नाम, थर, वतन ....................................................................... उमेर ............ लिङ्ग ...........

२. सो व्यक्तिको एकाघरका परिवारका प्रत्येक सदस्यको नाम, उमेर, लिङ्ग, नाता र निजको बाबुको नाम

(क) ....................　　　　(घ) ......................

(ख) ....................　　　　(ङ) .....................

(ग) ....................　　　　(च) ....................

| ‣कित्ता नम्बर वा चार किल्ला | क्षेत्रफल | | बाली | उब्जनी | मूल्य | आफ्नो वा अरूको | कमाए को शर्त | ठेक्का वा शर्त भए कति | अरूको जग्गा भए | | अरू जग्गा बारे | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विघा वा रोपनी | हेक्टर | | | | | | | जग्गावाला को नाम थर | ठेगाना | जिल्ला भित्र अरू गाउँपालिका वा नगरपालिका मा | फल | विवरण |

‣ नवौं संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | गाउँपालिका_वा नगरपालिका | वाड नं. | | |
| | | | | | | | | | | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची -१ (क)

### (नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम ३ को उपनियम (३) बमोजिम भूमि प्रशासन टोलीले मोहीहरूको लगत लिंदा अर्काको जग्गा मोहियानीमा कमाउने प्रत्येक व्यक्तिको नागरिकताको सम्बन्धमा लिनु पर्ने लगतको ढाँचा ।

<u>मोहीको नागरिकता सम्बन्धी विवरण</u>

| | |
|---|---|
| १. नाम | २. उमेर |
| ३. ठेगाना | ४. जन्मेको गाउँ<br>जिल्ला<br>नेपाल भित्र/नेपाल बाहिर |
| ५. नेपालमा नजन्मेको भए नेपालमा बसोबास गरेको कति वर्ष भयो ? | ६. बाबुको नाम<br>ठेगाना |
| ७. बाबुको नागरिकता | ८. नेपाली बोल्न जान्ने कि नजान्ने |

उपरोक्त व्यहोरा मैले जानेबुझेसम्म ठीक र साँचो छ झुट्टा ठहरे भूमि सम्बन्धी ऐन, २०२१ तथा अन्य कानून बमोजिम सहुँला बुझाउँला भनी लगत तयार

गर्नेको नाम........................................... सही गर्ने ............................

सहीछाप ...............................

वार्ड सदस्यको नाम ...................................

सहीछाप ............................... मिति ............................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

<table>
<tr><td rowspan="3"></td><td colspan="2">➔............का अरू जिल्लामा भएको भए:-</td><td rowspan="3">जग्गा कमाउने व्यक्ति वा निज होस ठेगाना नभएको अवस्थामा वा अनुपस्थित भए निजको प्रतिनिधि अभिभावकको सही छाप<br>अन्तरवार्ता गर्नेको<br>सहीछाप ..........................<br>मिति ..............................</td></tr>
<tr><td>जिल्ला</td><td>गाउँपालिका वा नगरपालिका वार्ड नं</td></tr>
<tr><td colspan="2">अरूको जग्गा कमाउने मोही भए ऐनको दफा ८ मा तोकिएको अधिकतम हदभित्र पारी मोहीको हैसियतले राख्न रोजेको जग्गाको कित्ता नं. र क्षेत्रफल (विघा, रोपनी, हेक्टर)</td></tr>
</table>

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

➔ पन्ध्रौ संशोधनद्वारा झिकिएको ।

## अनुसूची - २
## (नियम ६ सँग सम्बन्धित)

जिल्ला .......

नियम ६ बमोजिम भूमि प्रशासन टोलीले वार्डका यथासम्भव सबै व्यक्तिहरूलाई एकत्रित गरी सुनाउन तयार गर्नु पर्ने लगतको ढाँचा ।

गाउँपालिका/नगरपालिका ................................ वार्ड नं. ...................

| क्र. सं. | ‣कित्ता नम्बर वा चार किल्ला | क्षेत्रफल | मोहीको नाम, थर, वतन | आफ्नो वा अरूको | कमाएको शर्त | अरूको भए जग्गावालाको नाम, थर, वतन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

यस्तो लगतको १ प्रति स्थानीय गाउँपालिका/ नगरपालिका र एक प्रति भूमि प्रशासन अधिकृत छेउ पठाइदिनु पर्दछ ।

छाप

...........................

लगत तयार गर्नेको सही

...........................

(नाम, थर, वतन)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

‣ नवौं संशोधनद्वारा संशोधित ।

**अनुसूची - ३**

**(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)**

क्रम संख्या ...........

**नेपाल सरकार**

**भूमिसुधार मन्त्रालय**

**मोहियानी हकको प्रमाणपत्र**

जिल्ला ........................ गाउँपालिका/ नगरपालिका ..........................

भूमि सम्बन्धी ऐन, २०२१ को दफा २५ अनुसार निम्नलिखित कित्ताहरूमा यस गाउँपालिका वा नगरपालिका अन्तर्गत वार्ड नं. ....... को ................. गाउँ बस्ने तथा श्री .............................. का छोरा श्री ....................................... उमेर ....... को मोहियानी हक भएकोले यो प्रमाणपत्र दिइएकोछ ।

| ▸कित्ता नम्बर वा चार किल्ला | क्षेत्रफल | आफ्नो वा अरूको | अरूको भए कमाएको शर्त | कूत | अरूको भए जग्गावालाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

गाउँपालिकाको तर्फबाट ................................

नेपाल सरकारको तर्फबाट ................................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

▸ नवौं संशोधनद्वारा संशोधित ।

## अनुसूची -४

## (नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

नियम ९ को उपनियम (१) बमोजिम वितरण गरिने मोहियानी हकको प्रमाण पत्र वितरण गर्नु भन्दा पहिले भूमि प्रशासन टोलीले नियम ४ बमोजिम लिएको लगतको आधारमा नियम ९ को उपनियम (२) बमोजिम दिइने जोताहाको अस्थायी निस्साको ढाँचा ।

जिल्ला ................ जोताहाको अस्थाई निस्सा ........... गाउँपालिका/नगरपालिका

उक्त गाउँपालिका वा नगरपालिका क्षेत्रको वार्ड नं. ..... को .......... गाउँमा/बस्ने श्री ............................ ले तल लेखिएको कित्ता जोतिरहेको देखिएकोले पछि कानून बमोजिम प्रमाणपत्र पाउने गरी हाल जोताहाको अस्थायी निस्सा दिने काम भएकोछ ।

| ▶कित्ता नम्बर वा चार किल्ला | क्षेत्रफल | आफ्नो वा अरूको | अरूको भए कमाएको शर्त | कूत | अरूको भए जग्गावालाको नाम थर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**<u>द्रष्टव्यः</u>** (१) सम्बन्धित अधिकारीको स्वीकृति बिना जोताहालाई कसैले जग्गाबाट हटाउन सक्ने छैन ।

(२) सम्बन्धित अधिकारीले खोजेको र चाहेको बखत यो निस्सा देखाउन सक्नु पर्नेछ । यो निस्सा हराएमा अर्को प्रति लिन सम्बन्धित अधिकारी छेउ निवेदन दिनुपर्छ।

गाउँपालिका वा नगरपालिकाका प्रतिनिधिको सहीः-

भूमि प्रशासन टोलीका तर्फबाट सही गर्ने

मितिः-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

▶ नवौं संशोधनद्वारा संशोधित ।

## ❁अनुसूची-५
## (नियम १६ को उपनियम (६) सँग सम्बन्धित)

नियम १६ को उपनियम (६) बमोजिम कुनै जग्गाको मोहीयानी हक बापतको जग्गा यस नियम बमोजिम बिक्री वितरणमा पाउने व्यक्तिलाई भूमि प्रशासन अधिकृतले दिने प्रमाणपत्रको ढाँचा ।

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार कार्यालय

मितिः-

यस जिल्लाको ................ गाउँपालिका/नगरपालिकाको वडा नं. ...... मा बस्ने श्री .............................. को छोरा/छोरी श्री .............................. लाई नियम १४ को उपनियम (१) बमोजिम प्राप्त निम्नलिखित जग्गा बिक्री वितरण गरी निजको नाम जग्गावालाको हैसियतले दर्ता गरिएकोले भूमि सम्बन्धी नियमहरू २०२१ को नियम १६ को उपनियम (६) अनुसार यो प्रमाणपत्र दिइएको छ ।

| गा.वि.स./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | किसिम | साविक जग्गावालाको नामथर | साविक मोहीको नामथर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नेपाल सरकारको तर्फबाट
...........................
भूमि सुधार अधिकारी

<u>नोटः</u>

उक्त जग्गा पाउने व्यक्तिले त्यसको निर्धारित मोल जिल्ला भूमि प्रशासन अधिकृतले तोके बमोजिम एकमुष्ट वा किस्ताबन्दीमा बुझाउनु पर्नेछ ।

❁ चौधौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नियम १६ को उपनियम (२) र नियम २१ बमोजिम निर्धारित मोलको रकम नबुझाएमा ऐन र यी नियमहरू बमोजिम जरीवाना र सम्बन्धित जग्गा जफत समेत हुन सक्नेछ । उक्त जग्गाको पूरा मोल भुक्तान नगरेसम्म वा जग्गा बहाली पाएको १० वर्ष नपुगेसम्म जुन पछिल्लो हुन्छ सो अवधिसम्म उक्त जग्गा बेच बिखन गर्न वा अरू कुनै रूपले अरू व्यक्तिलाई हक छाडी दिन वा अंशवण्डा गर्न हुँदैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## ❖अनुसूची-५क.

**(नियम १६क. को उपनियम (१) सँग सम्बन्धित)**

**जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्नको लागि दिने निवेदनको ढाँचा**

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग,

..................काठमाडौं ।

विषयः जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्ने सम्बन्धमा ।

.................. प्रदेश ............. जिल्ला ..................... महा/उप/नगर/गाउँपालिका .......... वडा नं. ................ स्थानमा रहेको निवेदक कृषि फार्म/उद्योग/प्रतिष्ठान/कम्पनी/संस्था हाल सञ्चालन रहेको स्थानबाट भूमि सम्बन्धी ऐन, २०२१ र भूमि सम्बन्धी नियमहरु, २०२१ ले तोकेको शर्त र अधीनमा रही ................. प्रदेश ............. जिल्ला ..................... महा/उप/नगर/गाउँपालिका ........... वडा नं. .... स्थानमा जग्गा सट्टापट्टा गर्न वा स्थानान्तरण हुन चाहेको हुँदा स्वीकृतिको लागि अनुरोध छ । कागजात तथा विवरण यसैसाथ संलग्न गरेको छु ।

तपसिल

(क) निवेदक कृषि फार्म/उद्योग/प्रतिष्ठान/कम्पनी/संस्थाको दर्ता प्रमाणपत्र,

(ख) निवेदक कृषि फार्म/उद्योग/प्रतिष्ठान/कम्पनी/संस्थाको प्रबन्धपत्र तथा नियमावली वा यस्तै अन्य कागजात,

(ग) निवेदक कृषि फार्म/उद्योग/प्रतिष्ठान/कम्पनी/संस्थाको गत आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्र,

(घ) नियम १६क. बमोजिमका कागजात तथा विवरण,

(ङ) विभागले तोकेका अन्य कागजात ।

निवेदकको दस्तखत.............

निवेदकको नाम, थर र वतनः

❖ अठारौं संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

•अनुसूची-५ख.

(नियम १६ख. को उपनियम (१) सँग सम्बन्धित)

**हदबन्दी छुट नियमन गर्ने सम्बन्धमा उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात**

(क) दर्ता प्रमाणपत्र र नवीकरण पत्रको प्रमाणित प्रतिलिपि,

(ख) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) संक्षिप्त विवरण (प्रोफाईल),

(घ) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये नियमनका लागि माग गरिएको जग्गाको कित्तागत विवरण (जग्गा रहेको जिल्ला, गाउँपालिका वा नगरपालिका, वडा नं, नक्सा सिट नं, कित्ता नं, क्षेत्रफल र बैङ्क वा वित्तीय संस्थाबाट ऋण प्रयोजनका लागि धितो रोक्का रहेको भए रोक्का राख्ने निकायको नाम र ठेगाना), नियमन गर्नुपर्ने जग्गाको क्षेत्रगत कुल क्षेत्रफल (भित्री मधेश तथा सम्पूर्ण तराई क्षेत्र, काठमाडौं उपत्यका र काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमध्ये कुनै एक वा सबै क्षेत्रमा जग्गा रहेको भए) र जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि,

(ङ) नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायसँग कुनै सम्झौता गरेको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि,

(च) संस्थापक तथा सञ्चालकको नाम, स्थायी ठेगाना र हाल बसोबास गरेको स्थान खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,

(छ) जग्गा खरिद गर्नुपर्ने कारण र सोको उपयोग सम्बन्धमा तयार गरिएको कम्तीमा पाँच वर्षे व्यावसायिक योजना,

(ज) कम्तीमा पछिल्लो तीन वर्षको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(झ) हाल सञ्चालनमा रहेको छ भन्ने सम्बन्धमा जग्गा रहेको स्थानीय तहबाट भएको सिफारिस,

(ञ) ऐनको दफा १२क. को उपदफा (२) बमोजिम नियमन गर्दा लाग्ने दस्तुर।

---

• बीसौं संशोधनद्वारा थप ।

•अनुसूची-५ग.

(नियम १६ख. को उपनियम (३) सँग सम्बन्धित)

**जग्गाको मोठ तथा रोक्का भिडाई तयार गरिने विवरणको ढाँचा**

१. उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नामः-

२. ठेगानाः-

३. स्वीकृति नलिई हदबन्दीभन्दा बढी खरिद गरिएका नियमन गर्नुपर्ने जग्गाको विवरणः-

| क्र.सं. | जिल्ला | साविक गा.वि.स./न.पा र वडा नं. | हालको गाउँपालिका/ नगरपालिका | वडा नं | सिट नं | कि.नं. | क्षे.फ. | | रोक्का छ/ छैन | रोक्का भए रोक्का राख्ने निकायको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | विगाह/ रोपनीमा | वर्ग मीटरमा | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मोठ/रोक्का भिडाउने कर्मचारीको,-

नामः-

पदः-

दस्तखतः-

मितिः-

प्रमाणित गर्ने कर्मचारीको,-

नामः-

पदः-

दस्तखतः-

मितिः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

• बीसौं संशोधनद्वारा थप ।

## •अनुसूची-५घ.

(नियम १६ग. को उपनियम (१) र (४) सँग सम्बन्धित)

